सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ जेठ २०८०, शनिबार (27 May 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ४४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ गणतन्त्र स्थापनाको डेढ दशक

पूर्वाधार विकास सुस्त छ, निराशाजनक होइन

९४ प्रतिशत नागरिकमा विद्युत्को पहुँच पुगेको छ, ६० अस्पताल र ६ विश्वविद्यालय थपिएका छन्, थप १५ लाख हेक्टरमा सिँचाइ विस्तार भएको छ

प्रश्न गर्ने ठाउँ छ, तर पूर्वाधार विकास सन्तोषजनक छ



● **देवेन्द्र कार्की**, पूर्वसचिव

डेढ दशकअघिसम्म धेरै जिल्लामा मोटरबाटो थिएन। पैदल यात्रा गर्नुपर्थ्यो। अहिले कच्ची भए पनि ७७ वटै जिल्लामा सडक पुगेको छ। थुप्रै मोटरेबल तथा झोलुङे पुल बनेका छन्। ऊर्जातर्फ ठूलो प्रगति भएको छ। पूर्वाधार विकासको गति सुस्त छ, गुणस्तरमा प्रश्न गर्ने ठाउँ होलान्, तर विकास सन्तोषजनक छ।

पछिल्लो दशक ऊर्जा क्षेत्रका लागि स्वर्णिम युग रह्यो



● **मधु भेटवाल**, सहसचिव, ऊर्जा मन्त्रालय

०६५ अघि विद्युत्जडित क्षमता करिब ६५० मेगावाट हाराहारी थियो। अहिले २७ सय पुगेको छ। ४५% रहेको विद्युत् पहुँच झन्डै ९४% पुगेको छ। भारतमा निर्यात सुरु भएको छ। बंगलादेशमा पनि विद्युत् व्यापार गर्ने तयारी छ। समग्रमा पछिल्लो दशकमा ऊर्जा क्षेत्रमा स्वर्णयुग नै आएको छ।

विकास भयो, तर दिगो हुन्छ कि हुँदैन भन्नेमा शंका छ



● **सुमन शर्मा**, पूर्वसचिव

पूर्वाधार विकास राम्रो छ। तर, गुणस्तर र दिगोपनमा भने प्रश्न गर्ने ठाउँ छ। जथाभावी सडक खनिएको छ। डाँडा ताछिएका छन्। यसले आयोजनाको दिगोपन कति हुन्छ भन्ने विषय अन्योल छ। अब आयोजना सञ्चालन र व्यवस्थापन कसरी गर्ने भन्नेमा ध्यान दिनुपर्छ।

कृष्ण रिजाल, मिलन विश्वकर्मा

गणतन्त्र स्थापनाको डेढ दशकमा पूर्वाधार विकासमा अपेक्षित उपलब्धि हासिल गर्न नसके पनि प्रगति निराशाजनक भने छैन। कतिपय उपलब्धि ऐतिहासिक नै छन्।

गणतन्त्र घोषणा भएको वर्ष ०६५ को तुलनामा सडक सञ्जाल दोब्बरले बढेको छ भने कालोपत्रे सडकको लम्बाइ तीन गुणाले बढेको छ। त्यतिखेर चरम लोडसेडिङमा रहेको देश अहिले विद्युत् निर्यात गर्न सक्ने अवस्थामा पुगेको छ।

०६५ यता थप १५ लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। यहीबीचमा दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल थपिएका छन् भने तीन आन्तरिक विमानस्थललाई रात्रिकालीन उडान सम्भव हुने गरी विकास गरिएको छ। बहुप्रतीक्षित मेलम्ची आयोजना यही अवधिमा सम्पन्न गरी काठमाडौंवासीका धारामा पानी झारिएको छ। दक्षिण एसियाकै पहिलो अन्तर्देशीय पेट्रोलियम पाइपलाइन 'नेपाल-भारत पाइपलाइन' पनि यही डेढ दशकको अवधिमा सञ्चालनमा आएको छ।

» पृष्ठ २ मा क्रमशः

सिँचाइ
थप १५ लाख हेक्टर जमिनमा विस्तार

०६५/६६ मा २५ हजार ८५० हेक्टर जमिनमा सिँचाइ पुगेको थियो। ०७८/७९ मा १५ लाख १२ हजार ४३२ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ।

सडक
लम्बाइ दोब्बरले बढ्यो, कालोपत्रे तीन गुणाले

०६५/६६ मा कालोपत्रे ६ हजार ९४ किमि, ग्राबेल चार हजार ७७२ किमि र कच्ची सडक आठ हजार ८९२ किमि गरी जम्मा १९ हजार ७५८ किमि सडक थियो। ०७८/७९ मा कालोपत्रे १६ हजार ९३९ किमि, ग्राबेल आठ हजार एक सय ११ किमि र कच्ची आठ हजार ८२१ किमि गरी ३३ हजार ८७१ किमि सडक पुगेको छ। नौ हजार तीन सय आठ झोलुङे पुल, ६२७ सडक पुल निर्माण भइसकेका छन्। पहिचान भएका १४३ तुइनमध्ये १४१ वटा विस्थापन गरिएका छन्।

विद्युत्
लोडसेडिङ अन्त्य, विद्युत् निर्यात सुरु

०६५/६६ सम्म ६६१ मेगावाट विद्युत् उत्पादन हुन्थ्यो। नेपाल-भारत सीमाका तीन बिन्दुमा प्रसारण लाइन बनाउने लक्ष्यअनुसार ४०० केभी क्षमताका दुहबी-जोगबनी, बुटवल-सुनौली र ढल्केबर-भिट्टामोड प्रसारण लाइन बनाउन आवश्यक अध्ययन एवं तयारीका कार्य भएको थियो। त्यसमध्ये ढल्केबर-भिट्टामोड प्रसारण लाइनको निर्माण कार्य ०६९/७० मा सम्पन्न गर्ने गरी कार्य अघि बढाइएको थियो। ०७८/७९ मा पुग्दा ९४ प्रतिशत जनसंख्या विद्युत्को पहुँचमा पुगेको छ। जडित विद्युत् उत्पादन क्षमता करिब २७ सय मेगावाट पुगेको छ। राष्ट्रिय प्रसारण लाइन (६६ केभी र सोभन्दा बढी) ५४ सय ९ सर्किट किलोमिटर पुगेको छ। वितरण लाइन (३३ केभी र सोभन्दा कम) एक लाख ६३ हजार २०२ किमि पुगेको छ।

पर्यटन पूर्वाधार
६६ तारे होटेल थपिए

०६५/६६ मा देशभर ९६ तारे र तारेबाहेकका ५७३ होटेल थिए। सबै किसिमका होटेलमा बेड संख्या १६ हजार ७४३ थियो। गणतन्त्रपछिका १५ वर्षमा ६६ तारे होटेल थपिएर १६२ पुगेका छन्। तारेबाहेकका होटेल, लज तथा रिसोर्ट पनि बढेर १५ हजार ७७५ पुगेका छन्। तारेबाहेकका पर्यटकीय होटेल, लज तथा रिसोर्टमा ३२ हजार ६३७ बेड संख्या छ।

■ डेढ दशकयता बनेका र बन्दै गरेका ठूला आयोजना



दक्षिण एसियाकै पहिलो अन्तर्देशीय पेट्रोलियम पाइपलाइन 'मोतीहारी-अमलेखगन्ज पाइपलाइन' साढे तीन वर्षअघि नै पूरा भइसकेको छ। काठमाडौंको चोभारमा सुक्खा बन्दरगाह गत वर्षदेखि सञ्चालनमा आएको छ। वीरगन्जमा देशकै पहिलो एकीकृत भन्सार जाँच चौकी (आइसिपी) सञ्चालनमा आएको छ। स्वदेशी लगानीको अहिलेसम्मकै ठूलो ४५६ मेगावाट क्षमताको अपर तामाकोसी जलविद्युत् आयोजना सञ्चालनमा छ। नौ सय मेगावाटको अरुण तेस्रो निर्माणाधीन छ। देशकै ठूलो र स्वचालित ढल्केबर विद्युत् सबस्टेसन बनेको छ। पूर्वदेखि पश्चिमसम्मका अधिकांश पहाडी जिल्लालाई जोड्ने मध्यपहाडी लोकमार्ग निर्माण भइरहेको छ। त्यस्तै, तराईमा हुलाकी राजमार्ग बनेको छ। काठमाडौंको चक्रपथ विस्तार हुँदै छ। नागढुंगामा नेपालकै पहिलो आधुनिक सुरुङमार्ग निर्माणाधीन छ। (**विस्तृत पृष्ठ ७ मा**)

स्वास्थ्य पूर्वाधार
६० अस्पताल थपिए, झन्डै नौ हजार शय्या बढे

०६५/६६ सम्म अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, उपस्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्र गरी ४३ सय ९६ स्वास्थ्य संस्था सञ्चालित थिए। जसमा ९१ हजार ८४० जनशक्ति थिए। ९४ अस्पतालमा ६९ सय ४४ शय्यामार्फत स्वास्थ्य सुविधा दिइएको थियो। गत आवसम्ममा १५४ अस्पताल, १९६ प्राथमिक स्वास्थ्य केन्द्र, ३८ सय ५३ स्वास्थ्य चौकी, ४२४ आयुर्वेदिक औषधालय र २२ सय ७१ उपस्वास्थ्य चौकी (आधारभूत स्वास्थ्य केन्द्र) गरी देशभर स्वास्थ्य संस्थाको संख्या ७५ सय ९८ पुगेको छ। ती स्वास्थ्य संस्थामा ९७ हजार ४४९ जनशक्ति कार्यरत छन्। त्यस्तै, अस्पतालको शय्या १५ हजार ७९० पुगेको छ।

शैक्षिक पूर्वाधार
दोब्बर भए विश्वविद्यालय

शैक्षिक सत्र ०६६ मा सरकारी, सामुदायिक र निजीस्तरमा गरी प्रावि ३१ हजार ६५५, निमावि ११ हजार ३४१ र मावि ६ हजार ९२८ थिए। त्यस्तै उमाविहरूमा सामुदायिकतर्फ १७ सय ७१, निजीतर्फ ४४६, प्लस टुतर्फ १६० र क्याम्पसतर्फ १३५ गरी २५ सय १२ थिए। पाँच विश्वविद्यालय, दुई शैक्षिक प्रतिष्ठान थिए। शैक्षिक सत्र २०७८/७९ सम्म सरकारी, सामुदायिक र निजी गरी विद्यालय संख्या ३४ हजार ३६८ पुगेको छ। तीमध्ये सामुदायिक विद्यालय २६ हजार ४५४, संस्थागत विद्यालय ६७ सय ६० र धार्मिक विद्यालय ११ सय ५५ छन्। पछिल्लो डेढ दशकमा विश्वविद्यालयको संख्या ५ बाट बढेर ११ पुगेको छ।

हवाई सेवा
दुई अन्तर्राष्ट्रिय विमानस्थल थपिए

०६५/६६ सम्म काठमाडौंमा मात्रै एउटा अन्तर्राष्ट्रिय विमानस्थल थियो। पाँच क्षेत्रीय विमानस्थल र अन्य ४३ आन्तरिक विमानस्थल थिए। तीमध्ये ३४ वटामा मात्रै सेवा सञ्चालित थियो। पछिल्लो समय भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएका छन्। देशभरका ५३ मध्ये ३३ विमानस्थल सञ्चालन तथा २० उडानको पर्खाइमा छन्। कालोपत्रे भएका विमानस्थलको संख्या ३७ पुगेको छ।

उद्योग/पूर्वाधार
२२८ उद्योग थपिए, ३२ निर्माणाधीन

०६५/६६ सम्म ११ औद्योगिक क्षेत्रमा ४०८ उद्योग सञ्चालनमा, ६६ निर्माणाधीन र ७५ बन्द अवस्थामा थिए। भैरहवामा निर्यात प्रशोधन क्षेत्र तथा वीरगन्ज, पाँचखाल र नुवाकोटको रातमाटे जिलिङ क्षेत्रमा गरी चार विशेष आर्थिक क्षेत्र तोकिएका थिए। अहिले ती औद्योगिक क्षेत्रमा ६३६ उद्योग सञ्चालनमा र ३२ निर्माणाधीन छन्। सातै प्रदेशमा ठूला औद्योगिक क्षेत्र स्थापना गर्ने प्रक्रिया अघि बढाइएको छ। दमकमा औद्योगिक क्षेत्र निर्माण सुरु भइसकेको छ। मकवानपुरको मयूरधाप, चितवनको शक्तिखोर, भैरहवाको मोतीपुर, दाङको लक्ष्मीपुर, बाँकेको नौबस्ता र कञ्चनपुरको दैजीलगायत ठाउँमा ठूला औद्योगिक क्षेत्र स्थापना प्रक्रिया अघि बढाइएको छ। त्यस्तै, हरेक स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने कार्य अघि बढेको छ।

दूरसञ्चार
पहुँचमा वृद्धि, प्रविधिमा फड्को

०६५/६६ सम्म देशका ३९ सय १५ गाविसमध्ये ३६ सय २४ मा टेलिफोन सेवा पुगेको थियो। २९१ गाविस टेलिफोनको पहुँचबाट बाहिर थिए। अहिले ७३८ स्थानीय तहका कार्यालय, ६१ सय ९० वडा कार्यालय, ५२ सय ९९ सामुदायिक विद्यालय र ४२ सय ३७ स्वास्थ्य केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट जडान छ। मुख्य २०९ सहरमा अप्टिकल फाइबरमा आधारित फाइबर टु द होम सेवा विस्तार छ। मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकाम जोड्ने गरी अप्टिकल फाइबर बिछ्याएर सूचना महामार्ग निर्माणको काम भइरहेको छ। हालसम्म १२ हजार १३९ किमि अप्टिकल फाइबर बिछ्याइएको छ।

रेलमार्ग
५६ किमि निर्माण, ५०.५ किमिमा ट्रयाक बेड निर्माण

०६५/६६ मा भारतको जयनगरदेखि जनकपुरसम्म ५१ किमि रेलसेवा थियो, तर सन् २०१४ मा बन्द भयो। ०७८/७९ सम्ममा जयनगर-जनकपुर-बिजलपुर-बर्दिबास तथा बथनाहा-विराटनगर रेलमार्गको नेपालतर्फको ७९ किमिमध्ये ५६ किमि रेलमार्ग निर्माण भइसकेको छ। जयनगर-कुर्था खण्डमा रेलसेवा सञ्चालनमा आएको छ। पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत बर्दिबास-निजगढ खण्डमा ५०.५ किमि ट्रयाक बेड निर्माण भएको छ। मेची-महाकाली विद्युतीय रेलमार्ग ९४५ किलोमिटर (लिंकसहित १०५६ किमि)को विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ।

कर्नर किक

● रवि मिश्र



झन्झनयाँ

सगरमाथामा मानव पाइलाका ७० वर्ष



● बुद्धिनारायण श्रेष्ठ

मकिन्द्र घर फर्किंदाको खुसी

रिपोर्टरको डायरी



भारतका लागि पदक जितेका दीपक गाउँ फर्केर तेक्वान्दो सिकाउँदै



■ २७ महिनापछि ब्युँतियो पशुपतिको जलहरी काण्ड

संसद्मा मुद्दा बन्यो, अख्तियारको छानबिन 'होल्ड'

महालेखाका अनुसार यसरी भएको थियो गडबड

पशुपतिमा जलहरी राख्दा अनियमितता भएको भन्दै महालेखापरीक्षक कार्यालयले आफ्नो ५९औं वार्षिक प्रतिवेदनमा प्रश्न उठाएको थियो। जलहरी बनाएर बाँकी रहेको सुनको सम्बन्धमा महालेखाको प्रश्न छ। पशुपति शिवलिंगको गर्भगृहलाई पूर्ण रूपमा ढाक्ने गरी राखिने सुनको जलहरी निर्माण कार्यका लागि आर्थिक वर्ष ०७७/७८ मा नेपाल राष्ट्र बैंकबाट ८० करोड ११ हजारमा १०३.७७३ किलो सुन खरिद गरिएको थियो। विभिन्न शुद्धताको प्रतिशत रहेको सुनमा अन्य धातु र रसायनको मिश्रण गर्दा तामा २.८९ किलो, चाँदी १.२४९ किलो, जिंक १२.७५ ग्रामसमेत प्रयोग गरी १०७.९२४ किलो सुन कायम गरिएको थियो। तर, निर्मित जलहरी, जलधारा, नाग, नागमूर्ति, सुनको किलालगायतमा प्रयोग भएको सुनको तौल ९६.८२२ किलो मात्र थियो। बाँकी रहेको सुन १०.९७६ किलोको रिङ बनाई जलहरीमा लगाइएको कोषको जवाफ थियो। त्यसको मूल्य त्यतिखेर सात करोड ८६ लाख ४६ हजार रुपैयाँ पर्न आउँथ्यो। जलहरी बनाएर बाँकी रहेको सुनको सम्पूर्ण परिमाण रिङ बनाउने कार्यमा प्रयोग भएको पुष्टि नभएको महालेखाले प्रतिवेदनमा उल्लेख गरेको छ।



● **भोला दाहाल**, प्रवक्ता, अख्तियार

पशुपतिको जलहरीसम्बन्धीको उजुरी अख्तियारको छानबिनकै प्रक्रियामा छ। छानबिनको प्रक्रियामा रहेको फाइलका सम्बन्धमा थप बोल्न मिल्दैन।

सुवास भट्ट/नयाँ पत्रिका

पशुपतिनाथ मन्दिरमा जलहरी राख्दा भ्रष्टाचार भएको विषय पुनः विवादमा आएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यो मुद्दा 'होल्ड' गर्दा जलहरी राख्दा भ्रष्टाचार भएको विषयको सत्यतथ्य खुलेको छैन।

महालेखापरीक्षकको कार्यालयको प्रतिवेदनअनुसार जलहरी बनाउँदा करिब ११ किलो सुन गायब भएको छ। त्यसको त्यतिवेलाको मूल्य करिब आठ करोड रुपैयाँ हुन आउँछ। यही मुद्दामा बिहीबार संसद् बैठक नै अवरोध भएको छ।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले विवादबीच पशुपतिनाथ मन्दिरमा १२ फागुन ०७७ मा एक सय आठ किलो सुनको जलहरी अनावरण गरेकी थिइन्। करिब एक अर्ब रुपैयाँ खर्चेर निर्माण गरिएको जलहरी अनावरण गर्ने अन्तिम समयमा सर्वोच्च अदालतमा रिट परेपछि निर्धारित समयभन्दा तीन दिनअघि नै राष्ट्रपतिले उद्घाटन गरेकी थिइन्।

» पृष्ठ २ मा क्रमशः

■ जलहरी प्रकरणले संसद्मा अवरोध

माओवादी सांसद लेखनाथ दाहालले बुधबार संसद्मा बोलेको विषयलाई लिएर एमालेले शुक्रबार संसद् अवरुद्ध गऱ्यो, सरकारको नीति तथा कार्यक्रममाथि जवाफ दिने प्रधानमन्त्रीको कार्यतालिका रोकियो



शुक्रबार संसद् बैठकमा नाराबाजी गर्दै एमाले सांसदहरू। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

कमलराज भट्ट/नयाँ पत्रिका

पशुपतिनाथ मन्दिरमा जलहरी राख्दा भ्रष्टाचार भएको माओवादी सांसद लेखनाथ दाहालको अभिव्यक्तिले शुक्रबार प्रतिनिधिसभा पूर्ण रूपमा प्रभावित बन्यो। पूर्वप्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी ओलीमाथि निराधार आक्षेप लगाएको भन्दै एमालेले संसद् अवरोध गऱ्यो।

५ जेठमा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि जारी छलफल सकाएर प्रधानमन्त्रीले जवाफ दिने र सदनबाट पारित

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

इमानका शत्रुहरूले दुष्प्रचार गरे : ओली

अस्ति माओवादी सांसदले रोस्टममा उभिएर बोल्दा कोभिडको औषधिमा दुई अर्ब केपी ओलीले खायो कहाँ गयो त्यो ? पशुपतिमा सुनको जलहरी भनेर पित्तल जलहरी चढाएर भ्रष्टाचार गऱ्यो भनेर भने। आज त्यस विषयमा सांसद अवरुद्ध छ, हुनैपर्छ। किनभने यस्तो बकवास एउटा जँड्याहाले पनि बोल्दै हिँड्दैन। आधारहीन, असत्य र जनतालाई भ्रम पार्ने पशुपतिमा सुनको जलहरी चढाउँछु भनेर पित्तलको चढाएर भ्रष्टाचार गऱ्यो भन्ने ? यस्तो खालको बकवास संसद्जस्तो गरिमामय ठाउँमा गर्ने ? दुई अर्ब औषधिको पैसामा खायो भन्ने ? त्यसको कि त पुष्टि हुनुपऱ्यो, पुष्टि हुने त कुनै सम्भावना छैन। त्यसमा पनि एमाले र त्यसमा पनि मैले जसले जिन्दगीभर भ्रष्टाचारविरुद्धको अभियान चलाएको छु त्यही मान्छेका विरुद्ध। यो त इमानका शत्रुहरूले गर्ने हो। यो त देशद्रोही तत्वहरूले देशमा कोही पनि इमानदार छैन भन्ने स्थापित गरेर देशप्रतिकै वितृष्णा जगाउने यो देशद्रोही काम हो।

■ रेशम चौधरीलाई आममाफी दिने प्रक्रिया

राष्ट्रपतिबाट गृहमै फर्कियो प्रस्ताव

मन्त्रिपरिषद्बाट निर्णय भएर पुनः राष्ट्रपतिकहाँ जाने

राष्ट्रपति कार्यालयले भन्यो- **प्रचलित कानुन, यससम्बन्धी अदालतको फैसला, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत नहुने गरी कानुनबमोजिम गर्नू**



केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

राष्ट्रपति कार्यालयले टीकापुर घटनामा जन्मकैद सजाय भोगिरहेका रेशम चौधरीलाई आममाफी दिने प्रस्ताव गृह मन्त्रालयमा फिर्ता पठाएको छ। राष्ट्रपति कार्यालयले प्रस्ताव फिर्ता अस्वीकार नभएर प्रक्रियाअनुसार भएको जानकारी दिएको छ।

राष्ट्रपतिका कानुनी सल्लाहकार बाबुराम कुँवरलेप्रक्रियाअनुसार नै प्रस्ताव गृहमा पठाइएको र थप प्रक्रियापछि पुनः राष्ट्रपति कार्यालयमा आउने बताए। 'गृहबाट आएको निवेदनलाई कानुनअनुसार प्रक्रिया पूरा गर्ने प्रक्रियाका लागि पत्र पठाइएको हो। अब गृहले

» पृष्ठ २ मा क्रमशः

■ के छ कानुनी व्यवस्था ?

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को व्यवस्थाअनुसार राष्ट्रपतिले गृहको निवेदनअनुसार तोकादेश दिएका हुन्। ऐनको दफा १५९ मा यसबारे व्यवस्था गरिएको छ। यस व्यवस्थाअनुसार सजाय माफीको प्रक्रियाका लागि 'अदालतको फैसलाबमोजिम ठेकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी पाउन, त्यसलाई मुल्तबी राख्न, परिवर्तन गर्न वा कम गर्न गृह मन्त्रालयमार्फत राष्ट्रपतिसमक्ष निवेदन दिन सक्नेछ' भन्ने व्यवस्था गरेको छ। निवेदनमा अन्तिम फैसलाको प्रतिलिपि संलग्न गर्नुपर्ने व्यवस्था छ। सोहीअनुसार गृहले बुधबार राष्ट्रपति कार्यालयमा निवेदन दिएको थियो।

गृहको निवेदनपछि 'निवेदन आवश्यक कारबाहीका लागि राष्ट्रपतिले गृह मन्त्रालयमा पठाएमा सो मन्त्रालयले देहायका कुराहरू विचार गरी निजलाई भएको सजाय माफी गर्ने, मुल्तबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने सम्बन्धमा निर्णयका लागि नेपाल सरकारसमक्ष पेस गर्न सक्नेछ' भन्ने व्यवस्था गरेको छ। शुक्रबार सोहीअनुसार आवश्यक कारबाहीका लागि राष्ट्रपतिले गृहमा पठाएका हुन्। अब गृहले मन्त्रिपरिषद् हुँदै राष्ट्रपतिकोमा पुगेर माफीको अन्तिम टुंगो लगाउनेछ।

जनमतले दुई सांसद फिर्ता बोलाउने

अनिल यादव/नयाँ पत्रिका

डा. सिके राउत नेतृत्वको जनमत पार्टीले दुई सांसदलाई फिर्ता बोलाउने भएको छ। आफ्नै श्रीमान्लाई स्वकीय सचिव नियुक्त गर्ने मोरङकी सोनु मुर्मू र पार्टी हितविपरीत काम गरेको आरोपमा सिराहाकी विनिताकुमारी सिंहलाई सांसद पदबाट हटाउने निर्णय लिएको हो। मुर्मू र सिंह दुवै समानुपातिक प्रणालीबाट सांसद बनेका हुन्।

शुक्रबार काठमाडौंमा बसेको केन्द्रीय कार्यसमिति बैठकले मुर्मू र सिंहले पार्टीको नीतिविपरीत कार्य गरेको निष्कर्ष निकाल्दै कारबाही प्रक्रिया अघि बढाउने निर्णय गरेको हो। बैठकले पार्टीका उपाध्यक्ष दीपक साह संयोजक रहेको अनुशासन समितिलाई कारबाही प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ।

दलित क्लस्टरबाट सांसद बनेकी मुर्मूले आफ्नै श्रीमान् सुमन हेम्ब्रोमलाई स्वकीय सचिव नियुक्त गरेकी छिन्। पार्टीले नातागोताबाहेकलाई स्वकीय सचिव नियुक्त गर्न स्पष्ट निर्देशन दिए पनि नटेरेपछि उनलाई कारबाही गर्ने निर्णयमा पुगेको एक नेताले बताए।

पार्टीले लिएको 'राइट टु रिकल'को नीतिअनुसार केही सांसद र पदाधिकारीलाई कारबाही गर्ने निर्णय भएको जनमत पार्टीका केन्द्रीय कमिटी सदस्य बिपी साहले पुष्टि गरे। यद्यपि, नामबारे बोल्न चाहेनन्। 'पार्टी अनुशासन उल्लंघन गर्ने र जनभावनाअनुसार काम नगर्ने जनप्रतिनिधि र सांसदहरूलाई फिर्ता बोलाउने पार्टी नीति छ। पार्टीभित्र रहेको राइट टु रिकलको प्रावधानअनुसार अनुशासन समितिमार्फत कारबाही प्रक्रिया अघि बढाउने निर्णय भएको हो,' उनले भने।

> आफ्नै श्रीमान्लाई स्वकीय सचिव नियुक्त गर्ने सोनु मुर्मू र पार्टी हितविपरीत काम गरेको आरोपमा विनिताकुमारी सिंहलाई सांसद पदबाट फिर्ता बोलाउने तयारी

स्रोतका अनुसार बैठकमा सांसद मुर्मूलाई कारबाही गरेर उनको ठाउँमा कपिलवस्तुकी दुर्गावती धोबीलाई सिफारिस गर्ने निर्णय भएको छ। सिंहको हकमा भने कसलाई पठाउने भन्नेबारे निर्णय भएको छैन। 'सिंहका विषयमा उहाँकै क्षेत्रबाट व्यापक जनगुनासो आयो। कार्यकर्तालाई समन्वय गर्न नसकेको र पार्टी हितविपरीत षड्यन्त्र गरेको पाइयो,' जनमतका एक नेताले भने, 'दुवै सांसदलाई पार्टीले एक चरण स्पष्टीकरण सोधेको छ। अब अनुशासन समितिले कारबाही प्रक्रिया अघि बढाउँछ।'

त्यस्तै, जनमतका पूर्वमन्त्री अब्दुल खानलाई कारबाही गर्ने विषयमा पनि बैठकमा छलफल भएको छ। केही समयअघि उनको अश्लील काण्ड बाहिरिएको र यसले पार्टीको छविमै प्रश्न उठेपछि उनलाई पनि कारबाही गर्दै कारबाहीबारे संकेत गरे पनि तत्काल औपचारिक रूपमा सार्वजनिक नगर्ने नीति रहेको जनाएका छन्। 'संगठन सञ्चालनमा आइपरेका विभिन्न समस्यामा छलफल गर्दै अनुशासन कडाइका साथ पालन गराउने, पदमा भए जिम्मेवारी वहन गर्नुपर्ने अन्यथा पद छोड्नुपर्ने, जनप्रतिनिधिलाई कडाइका साथ पार्टी र जनताप्रति उत्तरदायी बनाउने, पार्टीको निर्देशन पटक-पटक नमान्ने, अटेरी गर्ने, गुटबन्दी गर्ने, पार्टी फुटाउन षड्यन्त्र गर्नेलाई कारबाही गर्ने स्पष्ट नीति लिएको छ,' राउतले बैठकबारे जानकारी गराउँदै भनेका छन्, 'जनअपेक्षा ठूलो भएको हुँदा पार्टीका पदाधिकारी र पार्टीबाट निर्वाचित जनप्रतिनिधि सोअनुरूप काम गर्नुपर्ने अपरिहार्यता रहेको हुँदा यो केन्द्रीय समिति बैठक साबिकभन्दा अलग भएको स्पष्ट कडा सन्देश दिएको छ- पदाधिकारी र जनप्रतिनिधिहरू पार्टीप्रति जिम्मेबार बन, या कारबाही भोग।'

केन्द्रीय सरकारमा आश्वासनअनुसार मन्त्रालय नपाएपछि बाहिरिएको जनमत पार्टीले सत्तागठबन्धनमा आफ्नो 'बाइपास' गरिएको निष्कर्ष निकालेको छ। मधेस प्रदेश सरकारमा जनमतका मन्त्री वसन्त कुसवाहलाई कृषि मन्त्रालयको जिम्मेवारीबाट हटाएर विनाविभागीय बनाएपछि जनमतले यस्तो निष्कर्ष निकालेको हो।

नयाँ पत्रिकाकर्मी मुना कुँवरलाई श्रम रोजगार पत्रकारिता पुरस्कार

काठमाडौं/ नयाँ पत्रिकाकर्मी मुना कुँवर श्रम रोजगार पत्रकारिता पुरस्कार, २०७९ बाट पुरस्कृत भएकी छिन्। श्रम विषयमा कलम चलाउने उत्कृष्ट तीन पत्रकारलाई श्रम रोजगार पत्रकार समूह र प्रवासी नेपाली समन्वय समितिले संयुक्त रूपमा हरेक वर्ष यस्तो पुरस्कार प्रदान गर्दै आएका छन्। त्यसमा वर्ष ०७९ को पुरस्कारबाट कुँवरलाई पनि पुरस्कृत गरिएको हो। उनलाई दोस्रो स्थानको पुरस्कार प्रदान गरिएको हो।



शुक्रबार काठमाडौंमा आयोजना गरिएको एक कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीबाट १५ हजार रुपैयाँसहित कुँवरलाई पुरस्कृत गरिएको हो।

लामो समयदेखि पत्रकारितामा सक्रिय कुँवरले श्रमसहित बिमा, पुँजीबजारलगायत क्षेत्रमा रिपोर्टिङ गर्दै आएकी छिन्। यसको प्रथम पुरस्कार भने अन्नपूर्ण दैनिकका भूपराज बराल र तारा चापागाईंलाई प्रदान गरिएको छ। उनीहरूलाई जनही २० हजार रुपैयाँसहित पुरस्कार प्रदान गरिएको हो। त्यस्तै, तेस्रो स्थानको पुरस्कारबाट मेघराज सापकोटा र पवन पाण्डेलाई सम्मान गरिएको छ। उनीहरूलाई जनही १० हजार रुपैयाँसहित पुरस्कार प्रदान गरिएको हो। पाण्डे काठमाडौं पोस्टमा कार्यरत छन् भने सापकोटा स्वतन्त्र पत्रकार हुन्।

शरणार्थी प्रकरणमा थप एक पक्राउ, अदालतमा बयान सुरु

काठमाडौं/ नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पठाउने प्रलोभन दिएर ठगी गरिएको मुद्दामा फरार थप एक अभियुक्त पक्राउ परेका छन्। फरार बनाएर मुद्दा दायर गरिएका लक्ष्मी महर्जनलाई प्रहरीले शुक्रबार पक्राउ गरेको हो। १६ जना पक्राउ परेकामा महर्जनसहित १४ जनालाई फरार बनाएर मुद्दा दायर भएको थियो। पीडितहरूसँग पैसा लेनदेनमा उनको खाता प्रयोग भएको आधारमा प्रहरीले प्रतिवादी बनाएको थियो।

पक्राउ परेका प्रतिवादीहरूको भने जिल्ला अदालत काठमाडौंमा शुक्रबारदेखि बयान सुरु भएको छ। अदालत स्रोतका अनुसार शुक्रबार केशव दुलाल र सागर राईको बयान सुरु भएको छ। न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासमा बयान चलिरहेको छ। आइतबार पनि बयान लिने कार्य निरन्तर रहनेछ।

'अब सबैको बयान भएपछि बल्ल थुनछेकको बहस सुरु हुन्छ। जसमा थुनामा पठाउने वा बाहिरै बसेर मुद्दाको पुर्पक्ष गर्ने आदेश हुनेछ। सबै प्रतिवादीको बयान सकिन एक साता लाग्न सक्छ,' जिल्ला सरकारी वकिलको कार्यालयका जिल्ला न्यायाधिवक्ता लक्ष्मण उपाध्यायले भने। सरकारी वकिलले ठगी, लिखत किर्ते, राज्यविरुद्ध र संगठित अपराधसम्बन्धी कसुर गरी चारवटा मुद्दा चलाएको छ।

पूर्वाधार...

पृष्ठ १ बाट क्रमशः

गणतन्त्र स्थापनापछि नै देशमा सुरुङमार्ग निर्माणको ऐतिहासिक थालनी भएको छ। अन्तर्देशीय रेलमार्ग निर्माणको प्रक्रिया सुरु भएको छ। गणतन्त्र स्थापनापछि नेपालले जलविद्युत्, विद्युत् प्रसारण लाइन, सिँचाइ, खानेपानी, सडक, हवाई, औद्योगिक-व्यापारिकलगायत पूर्वाधारमा सन्तोषप्रद विकास हासिल गरेको देखिन्छ।

१५ वर्षमा हासिल गरिएका यी उपलब्धि भव्य उत्साहप्रद मान्न नसकिए पनि निराशाजनक पनि नरहेको पूर्वसचिव देवेन्द्र कार्कीले बताए। 'हामीले पूर्वाधारमा जे-जति प्रगति गर्नुपर्ने हो, त्यो प्राप्त हुन सकेको छैन, निर्माण सुस्त छ, उपलब्धि अपेक्षाअनुसार भएको छैन,' उनले भने, 'तर, पूर्वाधार विकासमा जे-जति उपलब्धि हासिल भएका छन्, ती सन्तोषप्रद छन्, निराशाजनक छैनन्।'

०६५/६६ मा २५ हजार ८५० हेक्टर जमिनमा सिँचाइ पुगेको थियो। ०७८/७९ सम्म त्यो १५ लाख १२ हजार ४३२ हेक्टर जमिनमा पुगेको छ। ०६५/६६ सम्म देशमा एउटा मात्रै अन्तर्राष्ट्रिय विमानस्थल काठमाडौंमा थियो, अहिले भैरहवा र पोखरामा पनि बनेका छन्। देशभर ३३ विमानस्थल सञ्चालनमा छन् भने २० उडानविहीन छन्। कालोपत्रे भएका विमानस्थल ३७ पुगेको छ।

डेढ दशकअघि भारतको जयनगरदेखि जनकपुरसम्म ५१ किमि रेलसेवा थियो, जुन सन् २०१४ मा बन्द भयो। अहिले जयनगर-जनकपुर-बिजलपुर-बर्दिबास तथा बथनाहा-विराटनागर रेलमार्गको नेपालतर्फको ७९ किमिमध्ये ५६ किमि रेलमार्ग निर्माण भइसकेको छ। जयनगर-कुर्था खण्डमा रेलसेवा सञ्चालनमा आएको छ। पूर्व-पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत बर्दिबास-निजगढ खण्डमा ५०.५ किमि ट्र्याक बेड निर्माण भएको छ। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको मेची-महाकाली विद्युतीय रेलमार्ग नौ सय ४५ किलोमिटर (लिंकसहित १,०५६ किमि)को विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ।

खानेपानी

आर्थिक वर्ष २०७८/७९ मा आधारभूत खानेपानीको पहुँच पुगेको जनसंख्या ९३.३५ प्रतिशत पुगेको छ। उच्च-मध्यमस्तरको खानेपानी २४.८२ प्रतिशतमा पुगेको छ। एक घर एक शौचालयको अवधारणाबमोजिम शतप्रतिशत जनसंख्यामा आधारभूत स्तरको सरसफाइको पहुँच पुगेको छ।

खेलकुद

०७८/७९ मा सबै स्थानीय तहमा खेलग्राम निर्माण गर्ने प्रक्रिया अघि बढाइएको छ। यस आवसम्ममा १४० पालिकामा खेलग्राम निर्माण सुरु भई ५९ खेलग्राम निर्माण भइसकेका छन्।

यो डेढ दशकमा देशले दूरसञ्चार सेवामा त फड्को नै मारेको छ। ०६५/६६ सम्म तीन हजार नौ सय १५ गाविसमध्ये तीन हजार ६ सय २४ मा मात्रै टेलिफोन सेवा थियो। अहिले सात सय ३८ स्थानीय तहका कार्यालय, ६ हजार एक सय ९० वडा कार्यालय, पाँच हजार दुई सय ९९ सामुदायिक विद्यालय र चार हजार दुई सय ३७ स्वास्थ्य केन्द्रमा ब्रोडब्यान्ड इन्टरनेट जडान भएको छ। देशका मुख्य दुई सय नौ सहरमा अप्टिकल फाइबरमा आधारित फाइबर टु द होम सेवा विस्तार भएको छ। टेलिफोनको घनत्व एक सय ४० प्रतिशत र इन्टरनेटको ग्राहक घनत्व एक सय १७ प्रतिशत पुगिसकेको छ।

गणतन्त्र स्थापनाको डेढ दशकमा ६ वटा विश्वविद्यालय थपिएका छन्। स्वास्थ्यतर्फ ६० अस्पताल थपिएका छन् भने करिब नौ हजार शय्या बढेका छन्। अहिले स्वास्थ्य संस्थाको संख्या सात हजार पाँच सय ९८ पुगेको छ। ती स्वास्थ्य संस्थामा ९७ हजार चार सय ४९ जनशक्ति कार्यरत छन्। त्यस्तै, अस्पतलको शय्या १५ हजार सात सय ९० पुगेको छ।

संसद्मा...

पृष्ठ १ बाट क्रमशः

जलहरीमा भ्रष्टाचार भएको भन्दै त्यतिबेलै विवाद भए पनि टुंगिन सकेको थिएन। निम्तिएको विवादको समयमै निरूपण नगर्दा पुनः विवादमा फसेको हो। अहिले फेरि यो विषय संसद्मा प्रवेश गरेर राजनीतिक रूप लिएको छ।

जलहरी स्थापना गर्दा भ्रष्टाचार भएको भन्दै दुई वर्षअघि नै अख्तियारमा उजुरी परेको थियो। छानबिनका क्रममा अख्तियारले त्यतिबेलै निर्णय प्रक्रियामा संलग्न कोषका पदाधिकारी तथा कर्मचारीसँग बयान पनि लिएको थियो। तर, त्यसपछि लामो समय थप छानबिन नै नगरी अख्तियारले फाइल थन्क्याएको छ।

राजनीतिक नेतृत्वसमेत जोडिएपछि अख्तियारले छानबिनमा आलटाल गरेको थियो। यद्यपि, यो विषय अझै पनि छानबिनकै प्रक्रियामा रहेको अख्तियारका प्रवक्ता भोला दाहाल बताउँछन्। उनी भन्छन्, 'पशुपतिको जलहरीसम्बन्धीको उजुरी अख्तियारको छानबिनकै प्रक्रियामा छ। छानबिनको प्रक्रियामा रहेको फाइलका सम्बन्धमा थप बोल्न मिल्दैन।'

तत्कालीन प्रधानमन्त्री केपी ओलीकै विशेष चाहनामा जलहरी राख्ने प्रक्रिया तत्कालीन सरकारले अघि बढाएको थियो। कोभिड- १९ को महामारीका वेला नागरिकलाई पिसिआर टेस्ट गर्न नसक्ने सूचना जारी गरेको सरकारले त्यतिवेला जलहरीको प्रक्रिया अघि बढाएको थियो।

तत्कालीन प्रधानमन्त्री ओलीले १२ माघ ०७७ मा पशुपतिमा विशेष पूजा-आराधना गरेर सुनको जलहरी राख्ने प्रतिबद्धता जनाए। त्यसका लागि ३० करोड रुपैयाँ तत्कालै दिने र जलहरी निर्माणमा कुनै पनि कसर बाँकी नराख्न उनले निर्देशनसमेत दिए। उनको यही ठाडो निर्देशनलगत्तै कोषले दुई सय वर्षभन्दा पुरानो चाँदीको जलहरी हटाएर सुनको राख्ने प्रक्रिया अघि बढाएको थियो।

तत्कालीन पर्यटनमन्त्री भानुभक्त ढकालको अध्यक्षतामा परिषद् बैठकले प्रधानमन्त्रीको निर्देशनबमोजिम जलहरी राख्ने निर्णय गऱ्यो। ओलीको निर्देशनको भोलिपल्टै परिषद् बैठकले जलहरी राख्ने निर्णय गरेको थियो। कोषका कोषाध्यक्ष मिलन थापाको संयोजकत्वमा कार्यदल नै गठन गरेर प्रक्रिया अघि बढाइएको थियो। सरकारले कानुनविपरीत जलहरी राख्न लागेको भन्दै संस्कृतिविद् तथा कोषका पूर्वपदाधिकारी नरोत्तम वैद्य र अधिवक्ता निकिता ढुंगानाले सर्वोच्चमा रिट दायर गरेका थिए।

जलहरी...

पृष्ठ १ बाट क्रमशः

गर्ने तयारीसहित बिहान ११ बजे बैठक सुरु भएको थियो। तर, सुरुवातमै एमालेले जलहरीमा सत्तापक्षले निराधार आक्षेप लगाएको भन्दै अवरोध गऱ्यो। फेरि बैठक बस्न सकेन र प्रधानमन्त्रीले जवाफ दिने कार्यक्रम नै भएन।

सुरुमै एमालेका सांसदले 'जलहरी सुन हो कि पित्तल सरकारले जवाफ दिनुपर्ने, सांसदले माफी माग्नुपर्ने र संसद्को रेकर्डबाट हटाउनुपर्ने' तीनवटा माग अघि सार्दै पूरा नभएसम्म सदन अगाडि बढ्न नसक्ने भन्दै रोस्ट्रम घेराउ गरे। 'माफी माग र रेकर्डबाट हटाऊ' भन्दै नाराबाजी गरे।

जलहरीमा छानबिन र संसदीय प्रक्रिया सँगै अगाडि बढाउन अनुरोध गर्दा पनि एमाले नाराबाजीबाट पछि नहटेपछि सभामुख देवराज घिमिरेले २५ मिनेटसम्म लम्ब्याएको बैठकलाई २० मिनेटका लागि स्थगित गरे। दलहरूलाई सहमतिमा ल्याउन सभामुखले आफ्नो कार्यकक्षमा छलफल थाले।

तर, सहमतिको प्रयासले सार्थकता पाउन नसकेपछि बैठक पौने १ बजे स्थगित गरेर ३ बजेलाई सारियो, फेरि ६ बजेलाई सारियो। विभिन्न चरणको छलफलमा पनि दलहरू सहमत हुन नसकेपछि सभामुखले शनिबार अपराह्न ४ बजेसम्मका लागि बैठक सारेका छन्। दलका नेताहरूका अनुसार जलहरी प्रकरणमा अझै सहमति जुटिसकेको छैन। 'धार्मिक विषयसँग जोडेर प्रमुख प्रतिपक्षीविरुद्ध जनतामा भ्रम पार्ने विषय हो। छानबिन गरेर भ्रष्टाचारीलाई कारबाही नगर्ने, जिम्मेवारी पूरा नगर्ने अनि सदनमा आफ्ना सांसद लगाएर एमालेलाई गाली गर्ने प्रवृत्ति छ,' एमाले प्रमुख सचेतक पदम गिरीले भने, 'यसमा हामीले कुरा राख्यौं, तर सत्तापक्ष तयार भएन।'

माओवादी प्रमुख सचेतक हितराज पाण्डे एमालेको माग सम्बोधन गर्न सकिने खालको नभएको बताए। 'सांसदले आफ्नो विषयवस्तु सदनमा राख्न पाउने अधिकार हो। असंसदीय शब्द बोलेको छ भने सभामुखले रेकर्डबाट हटाउन निर्देशन दिने अभ्यास हो। जलहरीको विषय महालेखा प्रतिवेदनमा पनि उल्लेख छ। यो विषय अख्तियारमा पनि छानबिनको क्रममा छ। छानबिनको विषयमा संसद्मा सरकारले केही बोल्न सक्ने भएन। हामीले यही कुरा राख्यौं, उहाँहरूले मान्नुभएन, कुरा मिलेन,' उनले भने।

पाण्डेले विभिन्न तहमा छलफल भइरहेको भन्दै शनिबार सहमतिमा पुग्ने आशा व्यक्त गरे। 'सरकारलाई गलत देखाउन चाहने, तर प्रतिपक्षीलाई केही भन्न नहुने भाष्य निर्माण गर्न खोजिएको छ। यो राम्रो होइन,' उनले भने। माओवादीले संसदीय छानबिन समिति बनाएर जलहरीको विषय टुंग्याउन प्रस्ताव गरे पनि एमालेले छानबिन समिति बनाएर लम्ब्याउन नमिल्ने जिकिर गऱ्यो।

कसरी भयो विवाद ?

एमाले अध्यक्ष केपी ओलीको 'नीति तथा कार्यक्रम पुनर्लेखन हुनुपर्छ' भन्ने सम्बोधनको प्रतिवादमा बुधबारको बैठकमा माओवादी सांसद लेखनाथ दाहालले ओलीको पालामा विभिन्न काण्डैकाण्ड भएको उल्लेख गरेका थिए। त्यतिखेरको निराशालाई उत्साहमा बदल्ने गरी आएको नीति तथा कार्यक्रमबाट राम्रो काम गर्न लागेको चिन्ता लागेर ओलीले मिथ्यांकमा आधारित भ्रम छरेको र सार्थक बहसको थलो बन्द टिप्पणी दाहालले गरेका थिए।

'उहाँ सरकारमा बस्दा कति भ्रष्टाचारका काण्ड आए ? यती, ओम्नी, वाइडबडी, स्वास्थ्य सामग्री खरिदको दुई अर्ब भ्रष्टाचार, पशुपतिनाथको जलहरी लाउँदा पनि सुन लाउने भनेर पित्तल लगाइदिएका भ्रष्टाचारलगायत सयौं काण्ड छन्,' दाहालले भनेका थिए, 'आफू सरकारमा हुँदा जे गर्न सकिएन, त्यो अहिलेको सरकारले गर्दै छ, नीति तथा कार्यक्रमले जनता अपेक्षा र राष्ट्रिय आवश्यकता प्रतिनिधित्व गर्छ भन्ने लागेर चरम पूर्वाग्रह राख्नुको कुनै अर्थ छैन।' दुई दिनपछि शुक्रबार बसेको प्रतिनिधिसभा बैठकमा एमाले संसदीय दलको नेता ओलीको नेतृत्वमा एमालेले यो विषयमा आपत्ति जनाउँदै सदनमा अवरोध तथा नाराबाजी गऱ्यो।

राष्ट्रपतिबाट...

पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद्मा लान्छ र मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रपतिकोमा नै आउनेछ,' उनले नयाँ पत्रिकासँग भने।

राष्ट्रपति कार्यालयले 'प्रचलित कानुन, यससम्बन्धी अदालतको फैसला, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत नहुने गरी कानुनबमोजिम गर्नू' भन्दै प्रस्ताव गृहमा फिर्ता गरेको हो। गृहको प्रस्ताव बुधबार राष्ट्रपति कार्यालयमा पुगेको थियो।

जेठ १५ गते गणतन्त्र दिवसका अवसरमा चौधरीलाई आममाफी दिने सरकारको तयारीअनुसार प्रक्रिया थालिएको हो। टीकापुर काण्डमा जन्मकैद सजाय भोगिरहेका चौधरी हाल नागरिक उन्मुक्ति पार्टीका संरक्षक छन् भने उनको पार्टी सत्तागठबन्धनमा छ। तर, संसद् अधिवेशन जारी रहेका वेला यो प्रस्तावले राजनीतिक रूप र विवाद लिने जोखिम छ।

संविधानको धारा २७६ मा राष्ट्रपतिबाट आममाफीको व्यवस्था गरिएको छ। यसमा 'राष्ट्रपतिले कुनै अदालत, न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्नेछ' भन्ने व्यवस्था छ।

२ जेठमा सर्वोच्च अदालतले पूर्वसांसद तथा टीकापुर घटनाका मुख्य अभियुक्त चौधरीलाई जन्मकैद हुने उच्च अदालतको फैसलालाई सदर गरेको थियो। कैलालीको टीकापुरमा ७ भदौ ०७२ मा भएको झडपमा एक नाबालकसहित नौजनाको ज्यान गएको घटनामा सर्वोच्च अदालतको संयुक्त इजलासले फैसला गरेको थियो।

सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ संशोधन गर्न विधेयक दर्ता गरिसकेको छ। दफा ११६ (क) थपेर 'शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मुद्दा फिर्ता लिन सकिने' प्रस्ताव गरिएको विधेयक गत बिहीबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले संसद् सचिवालयमा दर्ता गरेको थियो।

श्री जालुपा माध्यामिक विद्यालय
टोखा न.पा.-०८, बानियाँटार, काठमाडौं

सिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०१/२०
दोश्रो पटक प्रकाशित मितिः २०८०/०२/१३

शिक्षा विकास निर्देशानलय, बागमती प्रदेशको अनुदान सहयोगमा यस विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउने कार्य सिलवन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यबसायीहरूबाट रितपूर्वक सिलवन्दी दरभाउपत्र पुनःआव्हान गरिएको छ। विस्तृत जानकारीको लागि यस विद्यालयको सम्पर्क नं. ९८४१३९०८९८ मा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ।

ठेक्का नं.	खरिद सम्बन्धी बिवरण	फाराम दस्तुर (रु.)	जमानत रकम (रु.)	जमानत मान्य अवधि	खरिद गर्ने अन्तिम मिति	पेश गर्ने अन्तिम मिति र समय	खोलिने मिति र समय
01/SQ/JS/G/2079-80	Procurement of Interactive Smart Board (Flat Panel)-5 pc and Projector-1 pc	१,०००	५०,०००/-	७५ दिन	ज्येष्ठ २८, २०८०	ज्येष्ठ २९, २०८० मध्यान्ह १२ बजे	ज्येष्ठ २९, २०८० दिनको १ बजे

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लीचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

गण्डकी गाउँपालिकाको आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रम निर्माणका लागी छलफल तथा कार्यक्रम तर्जुमाका लागि प्रस्तावना पेश गर्ने बारेको सूचना

गण्डकी गाउँपालिका, गोरखाको दक्षिण पूर्व भूभागमा अवस्थित रहेको स्थानिय तह हो। यस गाउँपालिकाको पूर्व तथा दक्षिणमा धादिङ जिल्ला, पश्चिममा चितवन जिल्ला, उत्तरमा शहिद लखन गाउँपालिका अवस्थित रहेको छ। यस गण्डकी गाउँपालिका, आ.व. २०८०।८१ को लागी बजेट तथा कार्यक्रम निर्माण कार्यको संघारमा रहेको हुदाँ यस गाउँपालिकाका स्थायी बासिन्दाहरु, बुद्धिजिवीहरु तथा ईच्छुक विभिन्न क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुसँग अमूल्य सल्लाह, सुझाव ग्रहण गर्न तथा यस गाउँपालिकाको स्थलगत अवस्थामा आधारित रही आगामी आ.व. को कार्यक्रम अन्तर्गत समावेश गर्न सकिने, गर्नु पर्ने तथा तथ्यपरक एव नविन अवधारणा भएका कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तुती दर्ताका लागी समेत आह्वान गरिन्छ।

कार्यक्रम मिति : २०८०।०२।२० गते
स्थान : सगुन क्याफे, नयाँबजार
समय : बिहान ८ बजे

नोट :

- कार्यक्रम प्रस्तावना प्रस्तुती दर्ता गर्ने मिति २०८०।०२।१७ गतेसम्म। प्रस्तुती दिन ईच्छुक संस्थाहरुले gandakirm@gmail.com मा विषय खुलाई, प्रस्तावना फारम भरी अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी पठाउनु पर्नेछ।
- प्रस्तुती गर्ने कार्यक्रम गण्डकी गाउँपालिकाको भूगोल,सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गरी यथार्थपरक हुनु पर्नेछ। प्रस्तावित कार्यक्रम संस्था तथा गाउँपालिकाका साझेदारीमा वा संस्थाको एकल आर्थिक/प्राविधिक सहयोगमा सञ्चालन गर्ने हो सोको स्पष्ट अनुमानित लागत खुलाउनुपर्नेछ। गाउँपालिकाको आवश्यकता तथा सम्भावनालाई आत्मसाथ गर्ने प्रकृतिका कार्यक्रम गाउँपालिकाले आगामी बजेटमा समावेश गरि अघि बढाउनेछ।
- प्रस्तुती दर्ताका लागी भर्ने फारमको ढाँचा गाउँपालिकाको वेबसाईटमा तथा आवश्यक अध्ययनका लागि गण्डकी गाउँपालिकाको वस्तुस्थिती विवरण समेत यस गण्डकी गाउँपालिकाको वेबसाईटमा Digital profile भित्र उपलब्ध छ। (www.gandakimun.gov.np)।
- प्रस्तुतीका लागि अधिकतम समय १० मिनेट हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल, भक्तपुर

करार सेवामा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/१३

यस अस्पतालको स्वीकृत स्थायी तथा अस्थायी दरवन्दी तर्फ स्वास्थ्यकर्मी करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	विज्ञापन नं.	पदनाम/ तह	सेवा/समूह	माग पद संख्या	शैक्षिक योग्यता र अनुभव
१	९/२०७९/८०	कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट / अधिकृत नवौं	स्वास्थ्य/ एनेस्थेसियोलोजी	२ (दुई)	मान्यताप्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजी विषयमा स्नातकोत्तर उपाधि प्राप्त

क. **छनोटको प्रकृया :** अन्तर्वार्ता
ख. **उम्मेदवारको उमेरको हद :** २१ वर्ष उमेर पुरा भइ ४५ वर्ष ननाघेको
ग. **आवेदन दस्तुर :** रु. १२००/- माछापुछे बैंकमा रहेको भक्तपुर अस्पतालको खाता नं. १७००९९२११४८०००१५ मा नगद जम्मा गर्न सकिनेछ।
घ. **आवेदन बुझाउने स्थान :** कार्यालय समय भित्र अस्पतालको प्रशासन शाखामा बुझाउन सकिनेछ।
ङ. दरखास्त फारम तथा विस्तृत विवरण: अस्पतालको वेबसाइट https://bhaktapurhospital.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
च. **परीक्षाको मिति :** पछि अस्पतालको वेबसाइट र सूचना पाटीमा प्रकाशित गरिनेछ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नाँयाँ
शनिबार १३ जेठ ०८०
nayapatrikaofficial @naya_patrika

सगरमाथामा मानव पाइलाका ७० वर्ष

प्रत्येक आरोहण मौसम सुरु हुनुअघि जिपिएस प्रविधिबाट आरोहीको अनुगमन ट्र्याकिङ गर्ने चर्चा चल्ने गर्छ। तर, कार्यान्वयन हुँदैन। जिपिएसबाट सफल आरोहण गरेको हो-होइन यकिन गर्न मद्दत पुग्छ। दुर्घटनामा मृत्यु भएमा तत्काल थाहा पाउन पनि सजिलो हुन्छ।



बुद्धिनारायण श्रेष्ठ
आरोहण



तस्बिर साभार : नेपाल पर्यटन बोर्ड

न्युजिल्यान्डका एडमन्ड हिलारी र तत्कालीन नेपाली नागरिक तेन्जिङ नोर्गे शेर्पा दुवैजनाले हातेमालो गर्दै एकैसाथ (एकजना पहिले र अर्को पछि होइन) २९ मे १९५३ मा सर्वप्रथम सगरमाथाको थाप्लोमा पाइला टेकेको सत्तरी वर्ष पुग्यो। सत्तरी वर्षको अवधिभित्र सन् २०२२ सम्ममा ७,३३८ आरोहीले सफलता चुमिसकेका छन्। आरोहण पर्मिट लिएर सफलता हासिल गर्न नसकेका आरोही १,३१० जना रहेको बुझिन्छ। यस्तै, आरोहणपछि र अघि ज्यान गुमाउनेको संख्या करिब ३१० जना रहेको अनुमान छ।

आरोहणको सिलसिलामा यत्तिका आरोहीको ज्यान गइसके तापनि विश्वका विभिन्न देशका आरोहीको सगरमाथा आरोहण गर्ने लोभ र संख्या वर्षैपिच्छे बढ्दै गएको छ। १९२३ मार्च १८ मा हर्बर्ट म्यालोरीलाई न्युयोर्क टाइम्सको पत्रकारले 'तपाईं किन सगरमाथा चढ्न चाहनुहुन्छ ?' भनी सोधेको प्रश्नमा उनले जवाफ दिएका थिए- 'किनकि त्यो त्यहाँ छ।' सगरमाथा नेपालमा रहेकाले सगरमाथा चढ्न नेपालमै आउनुपर्छ भन्ने विश्व सन्देश पुगेको थियो। यसले सगरमाथालाई आरोहणमय बनाइरहेको छ।

यस वर्षको मे २९ का दिन आरोहणको ७०औँ वर्षगाँठको अवसरमा नेपाल पर्वतारोहण संघले सोलुखुम्बु खुम्जुङ क्षेत्रमा 'प्लाटिनम जुब्ली' समारोह र काठमाडौंमा अन्तर्क्रिया गर्दै छ। अर्को संस्थाले काठमाडौंमा जुन १ मा 'एन इभनिङ अन एभरेष्ट' कार्यक्रम आयोजना गर्न लागेको छ।

सगरमाथाको थाप्लोमा टेक्ने होडबाजी

सगरमाथा आरोहणमा होडबाजी नै चल्ने गरेको देखिन्छ। कामिरिता शेर्पाले आफ्नै रेकर्ड तोडी यही २३ मेमा २८औँपटक सफल आरोहण गरे (सातामै दुईपटक आरोहण गर्दै)। उनीलाई पछ्याउँदै पासाङदावा शेर्पाले यही मे २२ का दिन २७औँपटक सफल आरोहण गरेका छन्। 'हिमचितुवा' उपनामले प्रख्यात आङरिता शेर्पाले विनाअक्सिजन दशपटक सफल आरोहण गरे।


सफल आरोहणको प्लाटिनम जुब्ली मनाउने वर्षसम्ममा विभिन्न आरोहीले अनेक प्रकारका कीर्तिमान राखेका छन्। यस्ता कीर्तिमानीमध्ये जापानको जुन्को ताबेई १६ मे १९७५ मा सगरमाथा चुचुरो पुग्ने विश्वको पहिलो महिला बनिन् भने पासाङ ल्हामु शेर्पाले २३ अप्रिल १९९३ मा पहिलो नेपाली महिलाका रूपमा आरोहण सफलता पाइन्। तर, दुर्भाग्यवश फर्किने क्रममा हिमचट्टानमा चिप्लेर उनको मृत्यु भयो। उनका पति लाक्पा सोनाम शेर्पाले चाहिँ यही १७ मेमा सगरमाथा विजयारोहण गरेका छन्।

सन् २०२१ मा बहराइनका राजकुमार सेख मोहमद हमाद मोहमद-अल खालिफाले सफल आरोहण गरे। १६ वर्षीय सोनाम शेर्पा र उनका बाबु पूर्णकुमार (पिके) बाबुछोराले त्यसै वर्ष २३ मेका दिन एकैसाथ चुचुरो पुगेको रेकर्ड कायम गरे। आङदावा शेर्पा र उनका पत्नी पासाङफुटी शेर्पाले २०१९ मा 'फास्ट कपल समिटर्स' को रेकर्डमा नाम लेखाए। २०१८ मे मा १६ वर्षीया भारतीय सिवांगी पाठक सगरमाथा टुप्पोमा पुगेर त्यस वर्ष सबभन्दा कम उमेरकी महिला कीर्तिमानीमा परिन्। सबैभन्दा बेसी उमेरका ७९ वर्षीया जापानी महिला फुनाहासी यइको पनि सफल भइन्। बूढा पुरुष आरोहीको कुरा गर्नुपर्दा नेपालको ७६ वर्ष १० महिना उमेर पुगेका मीनबहादुर शेरचनले ५ मे २००८ मा सगरमाथा चुमेरै छाडे। भारतका पूर्वमिस इन्डिया संगीता सिन्धि बहीले पनि सगरमाथा चुमिन्। ३ सय ७७ घन्टा ब्रह्माण्डमा बिताएका इटालियन अन्तरिक्षयात्री मौरिजिओ चेउलीले पनि सगरमाथा चुमे। पाँचपटक स्पेस सटलमा यात्रा गरेका अमेरिकी अन्तरिक्षयात्री स्कट पराजिन्स्की सगरमाथा थाप्लोमा सन् २००९ मा पुगेका थिए।

> वास्तवमा नेपाली आइसफल डाक्टरले बाटो नबनाइदिए, लजिस्टिक सहयोगीका रूपमा शेर्पाले काम नगरिदिए विदेशी आरोहीले कुनै पनि हालतमा चुचुरो चुम्न नसक्ने तथ्य छर्लंगै छ।

हुँदाहुँदै कीर्तिमान कायम राख्ने होडमा दुवै गोडा नभएका ६९ वर्षीय चिनियाँ नागरिक सिया बोयुले सन् २०१८ मेमा सफलता प्राप्त गरेका थिए। अमेरिकी दृष्टिविहीन आरोही एरिक विहेनमायर २५ मे २००१ मा सगरमाथा चढे।

पेम्बा दोर्जी शेर्पा आधार शिविरबाट ८ घन्टा १० मिनेटमा २१ मे २००४ मा चुचुरोमा पुग्न भ्याई सबभन्दा छोटो समयमा आरोहण गर्ने व्यक्तिमा कीर्तिमान कायम गरे। सामान्य आरोहीलाई चुचुरोमा आधा घन्टा बस्न हम्मे पर्छ। तर, बाबुछिरी शेर्पाले अक्सिजन प्रयोग नगरी २१ घन्टा शिखरमा बासै बसे। होडबाजीकै लहडमा होला २५ वर्षे लाक्पा थार्के शेर्पाले २४ मे २००६ मा सगरमाथा शिखरमा शरीरको माथिल्लो भाग अर्धनग्न अवस्थामा तीन मिनेट बिताए। फुर्वातासी शेर्पा र सुश्री छुदिन शेर्पाले एक हप्तामा दुई-दुईपटक सगरमाथा टेक्न पुगेका थिए।



भावना बोकेका व्यक्ति पनि सगरमाथा आरोहण गर्दा रहेछन् भन्ने चरितार्थ गर्दै सुश्री मोनी मुलेपती र प्रेम दोर्जीले सगरमाथाको टुप्पोमा ३० मे २००५ मा सिन्दुरपोते लगाएर बिहे गर्ने भ्याइदिए। यही मेको १९ मा घुँडासम्म दुवै खुट्टा गुमाएका हरि बुढा मगरले पनि सर्वोच्च शिखरको सफल आरोहण गरे। सन् २०२३ को मे १७ मा एकै दिन १७५ आरोही चुचुरोमा पुगे। सन् २०१५ को मे २३ मा एकै दिन ३५४ आरोहीले सगरमाथा थाप्लोमा टेकेको रेकर्ड रहेको छ।

सगरमाथाको उचाइ

सगरमाथाको उचाइ विश्वका विभिन्न संस्थाले फरक-फरक भन्ने गरेकोलाई समाधान गर्न नेपाल र चीन दुवैतर्फबाट मापन गरी नेपालको परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र चिनियाँ समकक्षी वाङ यीले सगरमाथाको नयाँ उचाइ ८८४८.८६ मिटर भएको घोषणा संयुक्त रूपमा १२ डिसेम्बर २०२० मा गरे। यसबाट विश्वको सर्वोच्च शिखर साबिकभन्दा ८६ सेन्टिमिटर अग्लिएको पाइएको छ। सगरमाथाको शिरमा ५ मिटर चौडा र ७ मिटर चौडाइको हिउँको 'स्लोपिङ टेरेस' ढिस्को छ। नेपालको सीमारेखाभित्र पर्ने त्यही ढिस्कोमाथि पाइला राखेपछि मात्र सगरमाथामाथि विजयी भइन्छ। शिखरमा प्रतिघन्टा ३२० किलोमिटरको गतिमा हावा चल्छ। सरदर चिसोपन माइनस ६७ देखि ७२ डिग्री सेल्सियससम्म रहेको हुन्छ।

सन् २०२१ को मे ३ मा चीनले झोमोलुङमा/सगरमाथाको चुचुरोमा नेपाल र चीनतर्फबाट शिखरमा उक्लने आरोहीहरूलाई चुचुरोमा मिसिन नदिई कोरोना भाइरसबाट बचाउने अभिप्रायका निम्ति 'लाइन अफ सेपरेसन' खिच्ने योजना बनाएको थियो। तर, चीनले तिब्बततर्फबाट चोमोलुङमा आरोहण गर्ने कार्य मे १५ मा रद्द गऱ्यो।

भारतीय जी न्युजले सगरमाथामाथि भारतीय दाबी गरी प्रसारण गरेको थियो। तर, नयाँ पत्रिका दैनिकले १३ जनवरी २०२१ मा प्रथम पृष्ठमै 'जी न्युजको आपत्तिजनक अभियान' शीर्षकमा समाचार प्रकाशित गरेपछि त्यसको भोलिपल्टै सुधीर चौधरीले माफी मागे।

सन् २०२३ को आरोहण

आरोहण गर्ने दल र आरोहीका संख्या वर्षैपिच्छे बढिरहेको पाइन्छ। २०२३ को वसन्त ऋतुमा ४४ टोलीका ४७८ आरोहीले पर्मिट लिएका छन्। यसमध्ये १०२ जना महिला रहेका छन्। सबभन्दा बढी अमेरिकी १६३ जना, चिनियाँ ११३, भारतीय ४०, अस्ट्रेलियन ३१, क्यानडेली २१, रुसी २०, युएई १८, अस्ट्रियाली १६, नेपाली १६ जना तथा बाँकी विभिन्न देशका रहेका छन्।

सगरमाथा आधारशिविरबाट उकालो लाग्न आइसफल डाक्टरहरूले चुचुरोसम्म डोरी टाँगी मे १३ का दिन आठजना शेर्पा र एकजना फोटोग्राफर चुचुरोमा पुगे। यसबाट अरू आरोहीहरूलाई पथप्रदर्शन मार्ग खुल्न गयो। फलस्वरूप मे १४ मा यस वसन्त ऋतुको पहिलो टोलीका रूपमा विदेशी आरोहीमध्ये पाकिस्तानी महिला नैला कियानी तथा पाठेघर क्यान्सर भएकी अमेरिकी महिला आरोही जेसिकारे वेदेलसहित ११ जनाले सफल आरोहण गरे। युक्रेनका पूर्वमन्त्री ५१ वर्षे इमार किस्निर र उनका श्रीमती ४६ वर्षीया ओकसानाले पनि १७ मेमा सफलता प्राप्त गरे। यी हरफ लेख्दासम्म ४०२ जना चुचुरोमा पुगिसकेका छन्। बाँकी लर्को लागेर शिखरतिर लम्कँदै छन्। यस वसन्त सिजनमा अहिलेसम्म नौजनाले ज्यान गुमाएका छन्। वास्तवमा नेपाली आइसफल डाक्टरले बाटो नबनाइदिए, लजिस्टिक सहयोगीका रूपमा शेर्पाले काम नगरिदिए विदेशी आरोहीहरूले कुनै पनि हालतमा चुचुरो चुम्न नसक्ने तथ्य छर्लंगै छ। यद्यपि, उनीहरूले आफ्नो पेसाको पारिश्रमिकका लागि काम गरेको भन्ने भनाइ पनि छ। विदेशी आरोही नआए नेपाली शेर्पा समुदायको रोजीरोटी पुग्दैन भन्ने अर्को पाटो रहेको छ।

सगरमाथाबाट सरकारलाई रोयल्टी यस वर्ष सबैभन्दा धेरै रकम रु. ६६ करोड प्राप्त भएको छ। प्राप्त राजस्व रोयल्टीमध्ये स्थानीय निकाय तथा प्रदेश सरकारलाई २५-२५ प्रतिशत र संघीय सरकारलाई बाँकी ५० प्रतिशत राख्ने व्यवस्था रहेको छ।

अन्त्यमा

सगरमाथाको थाप्लोमा उक्लन विश्वभरका आरोही लालायित छन्। तर, आरोहीहरूले आरोहणका क्रममा जतातै फालेका फोहोरले हिमालबाट उत्पत्ति भएका हिमनदीलाई प्रदूषित तुल्याएको छ। यस्ता नदीले बगाएर ल्याउने फोहोर सामग्रीले तल्लो तटीय क्षेत्रका नदीलाई समेत प्रदूषित बनाउने गरेको छ। स्वच्छ पानीको स्रोतलाई प्रतिकूल असर पारेको छ। अर्कोतर्फ, हिमालमा थुप्रेको फोहोरले हिमचुलीको तापक्रम बढाई हिउँ पग्लेर हिमाल नांगो चट्टानमा परिणत हुने क्रम बढेको छ। यसप्रति सरकार बेलैमा सजग भई आवश्यक कदम चाल्नुपर्छ।

प्रत्येक आरोहण मौसम सुरु हुनुअघि जिपिएस (ग्लोबल पोजिसनिङ सिस्टम) प्रविधिबाट आरोहीको अनुगमन ट्र्याकिङ गर्ने चर्चा चल्ने गर्छ। तर, यो कुरा चर्चामै सीमित रहने गरेको छ। आगामी सिजनमा जिपिएस ट्र्याकिङको व्यवस्था गरिनुपर्छ। यसबाट सफल आरोहण गरेको हो होइन भन्ने कुरा यकिन गर्न मद्दत पुग्छ। दुर्घटनामा परी मृत्यु भएमा पनि तत्काल थाहा पाउन सजिलो हुन्छ।

(श्रेष्ठ सीमा अन्वेषक तथा नेपाल पर्वतारोहण संघका सल्लाहकार हुन्।)

सगरमाथा आरोहणका चर्चित १७ कीर्तिमान

१. सगरमाथा चुचुरोमा पुग्ने पहिलो व्यक्ति एडमन्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पा

२. सगरमाथा चुचुरोमा पुग्ने विश्वको पहिलो महिला जापानी नागरिक जुन्को ताबेई

३. सगरमाथा चुचुरोमा पुग्ने पहिलो नेपाली महिला पासाङ ल्हामु शेर्पा

४. २८औँ पटक सगरमाथाको सफल आरोहण गरी सबैभन्दा धेरै चुचुरोमा पुग्ने कामिरिता शेर्पा

५. विनाअक्सिजन दशपटक सफल आरोहण गर्ने आङरिता शेर्पा

६. बाबुछोराले एकैसाथ चुचुरो पुगेको रेकर्ड राख्ने १६ वर्षीय सोनाम शेर्पा र उनका बाबु पूर्णकुमार शेर्पा

७. 'फास्ट कपल समिटर्स'को रेकर्ड राख्ने आङदाबा शेर्पा र पासाङफुटी शेर्पा

८. सबभन्दा कम उमेरमा सगरमाथा सफल आरोहणको महिलातर्फ कीर्तिमान राख्ने १६ वर्षीया भारतीय सिवांगी पाठक

९. सबैभन्दा बेसी उमेरमा सगरमाथा चुचुरोमा पुगेको कीर्तिमान राख्ने ७९ वर्षीया जापानी महिला फुनाहासी यइको

१०. सबैभन्दा बेसी उमेरमा पुरुषतर्फ सगरमाथा आरोहणको कीर्तिमानी राख्नेमा ७६ वर्षीय मीनबहादुर शेरचन

११. दृष्टिविहीनको तर्फबाट सगरमाथा आरोहण गरी कीर्तिमान राख्नेमा अमेरिकाका एरिक विहेनमायर

१२. सबभन्दा छोटो समयमा आरोहण गर्ने कीर्तिमान राख्नेमा पेम्बा दोर्जी शेर्पा

१३. अक्सिजन प्रयोग नगरी २१ घन्टा शिखरमा बसेर कीर्तिमान राख्नेमा बाबुछिरी शेर्पा

१४. सगरमाथा शिखरमा शरीरको माथिल्लो भाग अर्धनग्न बनाएर तीन मिनेट बिताई कीर्तिमान राख्नेमा लाक्पा थार्के शेर्पा

१५. सगरमाथा टुप्पोमा पुगी विवाह गर्ने कीर्तिमान राख्नेमा मोनी मुलेपती र प्रेम दोर्जी

१६. घुँडासम्म दुवै खुट्टा गुमाएर पनि सगरमाथाको सफल आरोहण गर्ने कीर्तिमान राख्नेमा हरि बुढा मगर

१७. एकै सिजनमा एउटै गाउँबाट ६ जनाले सगरमाथा आरोहण गरी कीर्तिमान राख्नेमा गोर्खाका युक्त गुरुङ, सुमन गुरुङ, सन्दीप गुरुङ, इमान गुरुङ, रामबहादुर गुरुङ र बिसबहादुर गुरुङ।

भारतका लागि पदक जितेका दीपक गाउँ फर्केर तेक्वान्दो सिकाउँदै

देशको मायाले गाउँ फर्किए, प्रतियोगिता आयोजना गर्दा ऋण बोके





दीपक घर्ती

इस्मामा साढे दुई सय तेक्वान्दो खेलाडी र प्रशिक्षक आए। खेल व्यवस्थापनका लागि आयोजकले सात लाख बजेटको अनुमान गरेको थियो। तर, चन्दाबाट डेढ लाख रुपैयाँ मात्रै संकलन भयो। बाँकी साढे पाँच लाख ऋण दीपकले नै व्यहोरेर प्रतियोगिता सम्पन्न गरे।

गुल्मी इस्माका चौरमा दैनिक खेलाडीसँगै उफ्रिरहेका हुन्छन्, दीपक घर्ती। २७ वर्षीय दीपक इस्मा-३ दर्लाचौरमा जन्मिएका हुन्। दीपक ०५६ सालमा परिवारसँगै भारत पसे। सानैदेखि भारतमा पढे। तर, परिस्थितिले कक्षा ८ भन्दा माथि पढ्न पाएनन्। १४ वर्षको उमेरमै होटेलमा काम सुरु गरे। उनलाई सानैदेखि तेक्वान्दो सिक्ने रहर थियो। कैयौंपटक परिवारमा प्रस्ताव राखे। तर, आर्थिक अभावका कारण परिवारले उनको रहर पूरा गर्न सकेन।

त्यसपछि दीपक सानैदेखिको रहर पूरा गर्न परिवारको स्वीकृतिविनै लुकेर कभर्ड हलमा जान थाले। बिस्तारै होटेलको काम पनि बिगारेनन्, डब्लुटिएफ तेक्वान्दो पनि सिक्दै गए। उनलाई एकातिर खेल लेख्नु थियो, अर्कोतिर गरिबीका कारण होटेलमा काम गर्नैपर्ने बाध्यता थियो। दीपकलाई कामबाट फुर्सद मिलाउन र परिवारलाई ढाँट्न त्यति सजिलो थिएन। विभिन्न समस्या आए पनि उनको खेलप्रतिको समर्पण भाव घटेन। दीपकले ०७० सालमा अल इन्डिया तेक्वान्दो एकेडमीबाट ब्ल्याक बेल्ट हासिल गरिछाडे।

ब्ल्याक बेल्टसँगै दीपकले एउटा अन्तर्राष्ट्रिय खेल खेल्ने अवसर पाए। 'इन्टरनेसनल खुला तेक्वान्दो च्याम्पियनसिप'मा जुनियरतर्फबाट सहभागी दीपकले भारतका लागि पदक जिते। भारतको जुनियर र सिनियर आधा दर्जनभन्दा धेरै खेलमा उनी सहभागी भए। हरियाणा राज्यको खेलमा त उनी प्रथम नै भए। त्यसपछि भारतमा थुप्रै क्षेत्रीय र राष्ट्रियस्तरका खेलमा सहभागी भए। राष्ट्रिय खेलाडीको रूपमा आफ्नो परिचय बनाए। मिडियामा चर्चा कमाएपछि मात्रै परिवारले दीपकले तेक्वान्दो खेल्ने रहेछ भन्ने पत्तो पाए। 'परिवारले खेल्न नदिनेमा ढुक्क थिएँ। निकै दुःख झेलेर ब्ल्याक बेल्ट पाएँ र थुप्रै प्रतियोगितामा भिडेँ,' उनी भन्छन्, 'मिडियामा खबर आएपछि मात्रै परिवारले पत्तो पायो।' दीपकको परिवारलाई भ्रम थियो, यस्तो खेल खेल्दा नसाको रोग लाग्छ, चोट-पटक लाग्छ। तर दीपकले भ्रम तोड्दै एकपछि अर्को सफलता हासिल गरेपछि परिवार खुसी भयो।



टोपलाल अर्याल
sathitoplal20@gmail.com
खेल

> 'इन्टरनेसनल खुला तेक्वान्दो च्याम्पियनसिप'मा जुनियरतर्फबाट सहभागी दीपकले भारतका लागि पदक जिते। राष्ट्रिय खेलाडीको रूपमा आफ्नो परिचय बनाए। मिडियामा चर्चा कमाएपछि मात्रै दीपकले तेक्वान्दो खेल्ने रहेछ भन्ने परिवारले पत्तो पाए।

अहिले दीपकसँगै उनको परिवार पनि भारतबाट फर्किएर गाउँ आएको छ। दीपक अहिले गाउँ-गाउँमा तेक्वान्दो सिकाउँछन्। बुबा टंकबहादुर घर्तीले छोराको खेलबाट आफू खुसी भएको प्रतिक्रिया दिए। 'सुरुमा यस्तो खेलले मान्छे पछि बिरामी हुन्छ भन्ने भ्रम थियो। हामीसँग पैसा पनि थिएन। तर, अहिले छोराको सफलताले खुसी दिलाएको छ। छोराछोरीको प्रतिभालाई वेलैमा चिन्नुपर्ने रहेछ,' टंकबहादुरले भने।

दीपकले भारतमा ब्ल्याक बेल्ट पाए। भारतमै तीन वर्ष प्रशिक्षक बनेर तेक्वान्दो सिकाए। थुप्रै खेलमा उत्कृष्ट प्रदर्शन गरेपछि उनले भारतमै कैयौं अवसर पाएका थिए। तर, बिस्तारै जन्मभूमिमै केही गर्ने सपना देख्न थाले। त्यसपछि नेपाल फर्किएर ०७२ सालबाट नवलपरासीको अरुणखोलामा प्रशिक्षण सुरु गरे। दीपकले नवलपरासीमा करिब पाँच वर्ष डब्लुटिएफ तेक्वान्दो सिकाए। उनी पछिल्लो साढे दुई वर्षदेखि आफ्नै गृहजिल्ला गुल्मी आएका छन्। उनी आएपछि राष्ट्रिय तेक्वान्दो संघ गुल्मीको स्थापना गरे। संघको जिल्ला अध्यक्ष दीपक नै हुन्।

दीपकले इस्मा गाउँपालिकाको वडा नं १, २, ३ र ४ का विद्यालयका करिब ८० जना विद्यार्थीलाई तेवान्दो सिकाउँदै आएका छन्। हप्तामा चार दिन प्रत्येक स्थानमा एकदेखि डेढ घन्टा प्रशिक्षण दिँदै आएका छन्। अहिले थुप्रै खेलाडी ब्ल्याक बेल्ड पाउने चरणमा छन्। उनले महिनामा २० हजार कमाउँछन्। त्यो कमाइ मोटरसाइलमा पेट्रोल राख्न पनि पुग्दैन। तर, आफूले लुकेर प्राप्त गरेको खेलकौशल गाउँका बालबालिकालाई सिकाउन पाउँदा दीपक खुसी छन्। 'मैले पैसा ठूलो सोचेको भए भारतमै राम्रो थियो। खेल र गाउँको मायाले स्वदेश फर्किएँ,' दीपक भन्छन्।

यो खेलको कोर्स तीन वर्षको हुन्छ। एल्लो, ग्रिन, ब्लु, रेड, हाफ ब्ल्याक र फुल ब्ल्याक बेल्ड पाएपछि कोर्स पूरा हुन्छ र उक्त खेलाडीले अन्तर्राष्ट्रिय कोरियन सर्टिफिकेट प्राप्त गर्छ। यस खेलमा पैसाभन्दा समय महत्त्वपूर्ण मानिन्छ। वर्षमा १२-१५ हजार मात्रै पैसा खर्च हुन्छ। ब्ल्याक बेल्टसम्म करिब ५० हजार खर्च हुने दीपक सुनाउँछन्।

दीपकले नेपालमा खेल र खेलाडीप्रति सम्मान र सुविधा नभएको गुनासो गरे। खेल क्षेत्रमा आवश्यक संरचना पनि नेपालमा छैनन्। डब्लुटिएफ तेक्वान्दो कभर्ड हलमा खेल्ने खेल हो। तर, गाउँका खुला चौरमा प्रशिक्षण चलाउनुपर्ने बाध्यता रहेको दीपकले बताए। नेपालमा सहरमा भन्दा गाउँमा क्रमशः खेलप्रति ऊर्जा र सम्मान कम हुँदै गएको उनको अनुभव छ। 'गाउँका गरिब युवा खेल्न उत्साहित छन्, तर उनीहरूसँग पैसा छैन। तर, सहरका पैसा हुनेका छोराछोरी खेल्न रहर गर्दैनन्,' उनले भने, 'अवस्था बदल्न राज्यकै खेलप्रतिको सोच परिवर्तन भएको छैन।'

चन्दा संकलन गरेर प्रदेशस्तरीय तेक्वान्दो

गुल्मीमा पछिल्लो समय गाउँ-गाउँमा डब्लुटिएफ तेक्वान्दो खेल सिकाइन्छ। विभिन्न पालिका र विद्यालयका चौरबाट तेक्वान्दो खेलाडी खेल सिकिरहेको देख्न सकिन्छ। तर, स्थानीय सरकारले खेल क्षेत्रको मर्म बुझ्न सकेका छैनन्। दुई वर्षपहिले स्थापना भएको इस्मा डोजाडले २२ र २३ वैशाखमा प्रथम खुला प्रदेशस्तरीय डब्लुटिएफ तेक्वान्दो आमन्त्रण प्रतियोगिता सम्पन्न गऱ्यो। तर, प्रतियोगिता सञ्चालन गर्न प्रशिक्षक र खेलाडीले घर-घरमा चन्दा संकलन गर्नुपऱ्यो। इस्मामा साढे दुई सय तेक्वान्दो खेलाडी र प्रशिक्षक आए। खेल व्यवस्थापनका लागि आयोजकले सात लाख बजेटको अनुमान गरेको थियो। तर, चन्दाबाट डेढ लाख रुपैयाँ मात्रै संकलन भयो। बाँकी साढे पाँच लाख ऋण दीपकले नै व्यहोरेर प्रतियोगिता सम्पन्न गरे। 'इस्मा गाउँपालिकालाई अप्ठ्यारो पार्न खोजेको होइन। मातृभूमिलाई प्रदेशभर चिनाउन प्रतियोगिता आयोजना गरेको हुँ,' उनले भने, 'स्थानीय सरकारले ऋण तिर्न सहयोग नगरे ऋण तिर्न विदेश जान्छु।'

> आप्रवासी कामदारका लागि मलेसिया उत्कृष्ट गन्तव्य भए पनि हावापानी, खानपान, कामको प्रेसर, एक्लोपनलगायतका कारण धेरै कामदारमा मानसिक स्वास्थ्य समस्या देखिने गरेको छ। मकिन्द्र शाही मानसिक स्वास्थ्य समस्याका कारण मलेसियामा अलपत्र अवस्था थिए। उनी अहिले नेपाल आइसकेका छन्।



मलेसियाको कोतरायास्थित घन्टाघरनजिकै मकिन्द्र



मकिन्द्र घर फर्किंदाको खुसी



मुना कुँवर
munakunwar012@gmail.com
रिपोर्टरको डायरी

दुई दिन अघि मेसेन्जरमा निर शाहीको मेसेज आयो। लेखिएको थियो- 'मुना मेडम तपाईंलाई धन्यवाद ! मकिन्द्र शाही नेपाल पुग्यो। तपाईंको समाचार नै उसको उद्धारको प्रारम्भिक आधार हो।'

मेसेज पढेपछि लामो सास फेर्रे। मन हल्का भयो। वरपरको वातावरण रमाइलो लाग्यो। नजिकै छोरी थिइन्, उनलाई गएर अँगालो हार्ले। उचालेर घुर्मे। म यसरी खुसी भएँ कि मैले कुनै युद्ध नै जितेको छु वा मलाई चिठ्ठा परेको छ।

घटना गत चैतको हो। रिपोर्टिङको सिलसिलामा फागुनको अन्तिमतिर मलेसिया पुगेकी थिएँ। वैदेशिक रोजगारीको विषयमा समाचार लेख्ने हुँदा मलेसिया भ्रमण मेरो लागि महत्त्वपूर्ण थियो। नेपाली कामदारको प्रमुख गन्तव्यमध्ये मलेसिया एक हो। रोजगारीमा गएका कामदारको पीडाका घटना त धेरै लेखेँ। तर, प्रत्यक्ष अवलोकन गरौं भन्ने सोचले मलेसिया जाने योजना बनाएकी थिएँ।

मलेसियामा पुग्ने हरेक नेपालीका लागि कोतराया चिरपरिचत स्थान हो। कोतराया नेपाली बजारले चिनिन्छ। यहाँ धेरै नेपालीले मोबाइल पसल, फेन्सी र रेस्टुरेन्ट सञ्चालन गरेका छन्। त्यसैले म खाना खानका लागि कोतराया नै जान्थेँ। मलेसिया हुँदा मलाई प्रवासी नेपाली मञ्चका मलेसिया प्रतिनिधि पूर्ण सुब्बाले रिपोर्टिङका लागि धेरै सहयोग गर्नुभएको थियो।

त्यो दिन पनि पूर्ण सरले खाना खुवाउन कोतराया लग्नुभयो। उहाँसँगै जीवन तामाङ पनि हुनुहुन्थ्यो। जीवन र पूर्ण सरबीच घनिष्टता छ। त्यसैले उहाँहरू धेरैजसो सँगै देखिनुहुन्छ। हामी कोतरायाको घन्टाघरनजिकै कार पार्किङ गरेर नेपाली होटलमा खाना खान जाँदै थियौं।

नजिकै एउटा व्यावसायिक भवन पनि थियो। भवनको विपरीत सवारी साधन पार्किङ गर्ने स्थान थियो। बीचमा पैदलयात्रुका लागि बाटो थियो। बाटोभन्दा अलि छेउ भवनको पेटीमा एकजना पुरुष उत्तानो परेर सुतिरहेका थिए। हामी तीनजना आफ्नै सुरमा थियौं।

अचेत अवस्थामा सुतिरहेको देखेर म छक्क परेँ। मलेसियामा पनि यस्ता बेवारिसे हुँदा रहेछन् भन्ने मनमनै सोचेँ। यो त कानुन भएको विकसित मुलुक हो। प्रहरी प्रशासनले त उठाउनुपर्ने मनमनै गर्मे।

कालो पाइन्ट, खैरो नेपाली आर्मीको ड्रेसजस्तो टिसर्ट लगाएको, पातलो तर अग्लो, खैरो खालको टिसर्ट देखेपछि मलाई यो मानिस नेपाली हो जस्तो लाग्यो। अनि मैले भनेँ, 'पूर्ण सर यो मान्छे त नेपालीजस्तो पो छ।'

'म्याम यो मान्छे भारतीय पनि हुन सक्छ। बंगाली पनि नेपालीजस्तै देखिन्छन्,' उहाँले भन्नुभयो।

अनि मैले नजिकै गएर हेर्रे।

तर, पूर्ण सरले नजिक जान दिनुभएन।

'यो मानिस रक्सी खाएर मातेको पनि हुन सक्छ। यस्तो मानिसको नजिक गयो भने झम्टन पनि बेर लगाउँदैन,' पूर्ण सरले भन्नुभयो। उहाँ यस्ता घटनाबाट गुज्रिनुभएको रहेछ।

त्यसपछि म हच्किएँ।

तर, मैले अटेरी गर्दै बिस्तारै नेपालीमा बोलाएँ। 'दाइ तपाईंलाई के भयो ?' मैले सोचेँ, नेपाली हो भने नेपाली भाषा सुनेपछि कुनै प्रतिक्रिया पक्कै आउँछ।

नभन्दै उनले आँखा उघारे। टाउको हल्लाएर केही भएको छैन भने। तर, उनको नजिक गएर कुरा गर्ने आँट आएन। अनि हामी खाना खान गयौं।

जाँदाजाँदै मैले उनको एक-दुईवटा फोटो खिचेँ। खाना खाइरहँदा मलाई उनकै याद आइरह्यो। को होला ? कहाँबाट आएको होला ? के भएको होला ? आदि-इत्यादि।

खाना खाएपछि जीवन र म कार पार्किङ गरेकै ठाउँमा फर्कियौं। अघि पेटीमा सुतिरहेका ती पुरुष भने गाडी पार्किङ गरेनजिकै रुखको छहारीमा पलेटी कसेर बसिरहेका थिए। उनीसँगै अर्का एक मानिस पनि थिए। दुवैजना कुरा गर्दै थिए।

उनलाई देखेपछि मेरो मनलाई सन्तुष्टि भयो। अनि हामी उनी नजिकै गयौं। मैले सोधेँ, 'तपाईं नेपाली हो ?' उनले हो भने। उनीसँगै भएको मानिस बंगाली रहेछ। नेपालीसँग कुरा गर्न थालेँ।

'तपाईंको घर कहाँ हो,' मैले सोधेँ।

'बाजुरा' उनको जवाफ थियो।

'नाम के हो नि ?' फेरि सोधेँ।

'मकिन्द्र शाही' उनले भने।

मैले फेरि प्रश्न गरेँ, 'कुन कम्पनीमा काम गर्नुहुन्छ ?,' उनले बताएनन्।

मलाई लाग्यो, उनलाई बताउन अप्ठेरो लाग्यो होला। त्यसैले मैले पनि आफ्ना बारेमा उनलाई बताएँ।

अनि मैले फेरि सोधेँ, 'यहाँ किन बस्नुभएको ? आज छुट्टी हो र ?' उनले भने, 'मेरो यहाँ तालिम चलिरहेको छ। म तालिममा आको।'

मैले उनको पासपोर्ट खोइ भनेर सोधेँ। उनले केही भनेनन्। अनि फेरि सोधेँ, 'तपाईं नेपाल कहिले जाने ?'

आशालाग्दी अभिनेत्री

यस अवधिमा विनिता थापामगरले अनुप बराल निर्देशित 'दोख', किरण श्रेष्ठको 'येट एन अदर विन्टर', 'जम्प'लगायत फिल्ममा काम गरिन्। प्रतिष्ठित बुसान फिल्म फेस्टिबलमा छनोट भएको 'येट एन अदर विन्टर'मा उनले आमाको भूमिकामा काम गरेकी थिइन्।



एसएलसी दिनुअघि नै विनिता थापामगरले 'इनसाइड द ब्रेन' नाटकमा अभिनय गर्ने अवसर पाइन्। गुरुकुलमा मञ्चन भएको यो नाटकबाट वाहवाही बटुलेपछि उनले अभिनयमै लाग्ने सपना देख्न थालिन्। अहिले आएर उनी नेपाली फिल्मकै एक आशालाग्दी अभिनेत्रीका रूपमा चर्चामा छिन्। भर्खरै रिलिज भएको फिल्म 'हल्कारा'ले उनलाई नयाँ उचाइ दिलाएको हो। यस फिल्ममा उनले श्रीमान्को चिठी कुरेर बसेकी एक युवतीको भूमिका निर्वाह गरेकी छिन्।

सानोमा विनिता डान्स भनेपछि हुरुक्कै हुन्थिन्। बलिउडकी माधुरी दीक्षितको नृत्य उनलाई निकै मनपर्थ्यो। स्कुलमा सधैं नृत्यमा प्रथम हुने गरेकी विनितालाई साथीभाइले भन्थे, 'कलाकारिता गरेर के पाइन्छ ? तिमी राम्री छ्यौ, एयरहोस्टेज वा नर्स बन। पैसा र इज्जत दुवै मिल्छ।'

सानैदेखिको सपना र साथीभाइ तथा आफन्तको सुझावमध्ये के रोज्ने ? द्विविधामा रहेकी किशोरावस्थाकी विनितासँग अभिनय गर्ने क्रममा रंगकर्मी सुमन रायमाझीसँग भयो। 'कलाकारले डाक्टर, पाइलट, पुलिस, नर्स, एयरहोस्टेज सबैको चरित्र निभाउन पाउँछन्,' उनी भन्थे। रायमाझीबाट प्रेरित भएपछि विनिताले सर्वनाम थिएटरमा अभिनयको



काठमाडौंको बुढानीलकण्ठमा मकिन्द्र

'अब जाने हो । मेरो लागि हेलिकोप्टर लिन आउँदै छ । म भगवान् हो, म अल्लाह पनि हो, म नै जिसस हो । म नेपालको राजा हो । मलाई हेलिकोप्टर लिन आउँदै छ,' उनले भने । उनको कुराले हामी असमञ्जसमा पर्‍यौं ।

फेरि सोधैं, 'घरमा को-को हुनुहुन्छ ? घरमा कुरा हुन्छ कि नाइँ ? पछिल्लोपटक कहिले कुरा भयो ?,' उनले भने, 'हो गर्छु । घरमा कुरा भइरहन्छ । मेरो मनमा टेलिफोन छ । त्यही फोनबाट मेरो कुरा हुन्छ ।'

कुराकानीको शैलीले उनको मानसिक स्वास्थ्य ठिक नभएको स्पष्ट भयो । उनले मादकपदार्थ पनि सेवन गरेका थिएनन् । त्यसैले हामीलाई लाग्यो-

उनको नाम, ठेगाना पनि सत्य नहुन सक्छ ।

मैले भनैं, 'तपाईलाई घरको नम्बर थाहा छ ? म फोन लगाइदिऊँ ?'

'नम्बर नै याद छैन,' खल्तीबाट फुटेको मोबाइल देखाउँदै भने, 'यो बिग्रिएको छ । यसमा केही आउँदैन ।'

त्यसपछि उनले पछाडिको खल्तीबाट नागरिकता निकाले र देखाए । त्यसपछि भने निश्चित भयो उनको नाम र ठेगाना । नागरिकताअनुसार उनको नाम मकिन्द्र शाही रहेछ । उनका घर बाजुरा नै रहेछ ।

हामी नरिवल-पानी खाँदै थियौं । जीवनले सोध्नुभयो, 'पानी पिउनुहुन्छ ?' उनले पिउँछु भने । अनि जीवनले आफ्नो भागको नरिवल पानी उनलाई दिनुभयो ।

जीवनले सोध्नुभयो, 'खाना खानुभयो ? उनले भने, 'धेरै दिन भयो खाना नखाएको ।' त्यसपछि जीवनले होटेलबाट खाना मगाइदिनुभयो । उनलाई खाना खान दियौं ।

उनीसँग एकछिन कुराकानी गरेपछि उनको मानसिक स्वास्थ्य ठिक नभएकाले अलपत्र परेको हामीले अनुमान गर्‍यौं ।

जीवनले सोध्नुभयो, 'तपाईलाई के समस्या छ ? पैसा चाहिन्छ ? हामीले केही गर्नुपर्छ ?' जीवन तामाङ मलेसियामा नै व्यापार गर्नुहुन्छ । तर, आपत्मा परेका नेपालीलाई उहाँले धेरै सहयोग गर्नुभएको छ ।

तर, उनले कुनै समस्या नभएको र आफू आराम गरिरहेको बताए । त्यसपछि हामी त्यहाँबाट हिँड्यौं ।

त्यस दिन मैले क्वालालम्पुरमा रहेको होस्टेलमा गएर रिपोर्टिङ गर्नु थियो । बेलुका होटेल फर्किंदा ढिलो भइसकेको थियो । त्यसैले सुतैं । तर, मकिन्द्र कहाँ के गर्दै होला भन्ने मनमा कुरा खेलिरह्यो । एक मनले सोचैं, 'यो राति उनी कतै सडकमा नै त छैनन् !' फेरि अर्को मनले सोचैं, 'उनलाई बेलुकी साथीभाइले लिएर गए होलान् । अहिले उनी साथीभाइसँग कोठामै होलान् ।'

भोलिपल्ट मैले काठमाडौंस्थित अफिसमा जानकारी गराएँ र मोबाइलमा समाचार लेखेर पठाएँ । त्यसपछि म पेनाङ गएँ । पेनाङमा नेपाली कामदारसँग भेटघाट गर्ने योजना थियो । तर, योजना अचानक बनेको कारण कामदारको समय मिलाउन सकिएन । तर, मनमा भने मकिन्द्रको मात्रै ख्याल आयो ।

नयाँ पत्रिकाले पनि मकिन्द्रबारे प्राथमिकताका साथ पहिलो पृष्ठमा नै समाचार छाप्यो । सो समाचारलाई मैले फेसबुकमा पनि सेयर गर्‍यैं । त्यसपछि मलाई पत्रकार रमा खड्काले मसेन्जरमा कल गरिन् । खड्काले मैले सेयर गरेको समाचारबारे सोधपुछ गरिन् । उनले भनिन्, 'ती मान्छे हाम्रै जिल्लाका रहेछन् । उनलाई उद्धार गर्नुपर्‍यो ।' अनि मैले आफूले थाहा भएको कुरा भनैं । उनले मकिन्द्रको उद्धारका लागि आफ्नो ठाउँबाट प्रयास गरिरहिन् ।

दुई दिनको बसाइपछि म रात्रिबस चढेर केल जाँदै थिएँ । बसमा निद्रा नलागेपछि मोबाइल चलाउँदै थिएँ । मेसेन्जरमा दुई-तीनजना नयाँ व्यक्तिबाट मेसेज आएको रहेछ । मेसेज हेर्दै । मेसेजमा मकिन्द्रबारे सोधिएको थियो । मैले उनका बारेमा आफूले थाहा पाएको जानकारी गराएँ ।

म पेनाङबाट क्वालालम्पुर आउँदासम्म थुप्रैले मेसेज गरेका रहेछन् । कोही भन्छन्, 'मकिन्द्र मेरो दाजु पर्ने हो ।' कोही भन्छन्, 'मकिन्द्र मेरो भतिजो पर्ने हो ।' कोही भन्छन्, 'मकिन्द्र मेरो अंकल हो ।' कोही भन्छन्, 'मकिन्द्र मेरो गाउँको मान्छे हो ।' धेरैजनाले मकिन्द्रको बारेमा सोधपुछ गर्न थाले । मैले सबैको मेसेज हेर्न भ्याइनँ ।

एकजनाले भारतको उडिसाबाट मेसेन्जरमा कल गरे । उनले भने, 'मकिन्द्र मेरो दाजु पर्नुहुन्छ । मकिन्द्र अहिले कहाँ हुनुहुन्छ, ? मलाई सम्पर्क गराइदिनू ।' त्यस्तै, बाजुराबाट पुनिन्द्र शाहीले फोन गरे । उनले भने, 'मकिन्द्र नाताले मेरो छोरा पर्छ । ऊ कहाँ छ ? उसलाई सुरक्षित राखिदनू । म मलेसियामा भएका हाम्रा मानिसलाई लिन पठाउँछु ।'

त्यसपछि बल्ल थाहा भयो, मकिन्द्र साँच्चै नै कसैको सम्पर्कमा रहेनछन् । त्यसो भए यिनी कहाँ छन् त ? मेरो मन आत्तियो । त्यसैले बिहान क्वालालम्पुर पुग्नेबित्तिकै मैले मकिन्द्रको आफन्तलाई पनि उनी भेटिएको ठाउँमा बोलाएँ । हामी ११ बजे सोही ठाउँमा पुग्यौं । तर, मकिन्द्र भने त्यहाँ थिएनन् । वरपर खोजैं, कहीं देखिएनन् । त्यहीं बसिरहेको एकजना चौकीदारलाई सोधैं । उनले भने, 'उनी दिउँसो १२ बजेपछि मात्रै त्यो ठाउँमा आउँछन् ।'

उनी नभेटिएपछि मनमनै ग्लानि महसुस भयो । त्यही दिन मैले किन उनलाई सँगै राखिनँ ? किन कतै खबर गरिनँ ? यावत् प्रश्न मनमा खेल्न थाले । तर, नयाँ ठाउँमा यो सब तत्काल गरिहाल्न पनि दिमागमा आएन ।

दिउँसो उनी त्यहीं आइपुगे । र, उनी आफ्ना गाउँका मानिससँगै गए । त्यसैको भोलिपल्ट म नेपाल फर्किएँ । उनका आफन्तले मकिन्द्रलाई नेपाली दूतावासको जिम्मा लगाएछन् । नाताले मकिन्द्रका काका पर्ने पुनिन्द्र शाहीले मकिन्द्रकी आमा जनसरा शाहीसँग सम्पर्क गराइदिए ।

मेसेन्जरमा कुरा गर्दै जनसराले भनिन्, 'नानी तिम्रो भलो होस् । तिम्रो जय होस् । तिमीलाई भगवान्‌ले सधैं साथ दिऊन् । तिमीले मेरो छोरालाई भेट्टाइदियौ । तिमीलाई कहिल्यै दुःख नहोस् ।' उनले दिएको आशीर्वचनले मेरो मलेसिया यात्रा सफल भएको ठानैं ।

मलाई त्यस दिनदेखि भनै आफ्नो पेसाप्रति गर्व लाग्यो । उनको आशीर्वादलाई म कुनै भौतिक सम्पत्तिसँग तुलना नै गर्न सक्दिनँ । छोरा बेखबर हुँदा एउटी आमाको मनमा के कस्तो कुरा खेलेको थियो होला, त्यो मैले महसुस गर्न सक्थें ।

दूतावासले दुई महिना उपचार गरेपछि गत साता मकिन्द्रलाई नेपाल फर्काइयो । दूतावासले करिब दुई लाख खर्च गरेर उनलाई मलेसियाबाट नेपाल फर्काएछ । मकिन्द्रका भाइ काठमाडौंमा नै अध्ययन गर्दै छन् । उनीसँग मेरो सम्पर्क थियो । मकिन्द्र आएको मेसेज देख्नेबित्तिकै मैले उनलाई कल गर्दै । कल मकिन्द्रले नै उठाए ।

फोनमा मैले सोधैं, 'मलाई चिन्नुभयो ?

'अहँ ।' उनले चिनिन भने ।

फेरि मैले भनैं, 'हाम्रो मलेसियामा भेट भएको थियो नि ।'

'ए ए सिस्टर, चिनैं चिनैं । हजुर सन्चै हुनुहुन्छ ? मलेसियामा नै हुनुहुन्छ र,' उनले भने ।

एकछिन कुराकानीपछि कुनै दिन भेट्ने योजनासहित फोन राखैं ।

उनीसँग कुरा गरेपछि उनी अझै ठिक नभएको भान भयो । अनि मैले फेरि मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेललाई कल गर्दै । उनलाई लामो समयको उपचारको आवश्यकता छ । तर, अस्पताल नै बस्नुपर्छ भन्ने छैन । त्यसैले मलेसिया बसेर हस्पिटलको बिल र जरिवाना बढाइरहनुभन्दा परिवारसँग नै गएर बसून् भनेर पठाएको बताए । डाक्टरको अनुमतिमा दूतावासले उनलाई नेपाल फर्काएछ । तर, मकिन्द्रलाई अझै उपचारको आवश्यकता रहेछ ।

मलेसियामा करिब चार लाख नेपाली कामदार भएको अनुमान छ । आप्रवासी कामदारका लागि मलेसिया उत्कृष्ट गन्तव्य भए पनि हावापानी, खानपान, कामको प्रेसर, एक्लोपनलगायत कारण धेरै कामदारमा मानसिक स्वास्थ्य समस्या देखिने गरेको प्रवासी नेपाली मञ्चका मलेसिया प्रतिनिधि पूर्ण सुब्बाले बताए । नेपालमा हुँदा कामदारले जुन अपेक्षा गरेको हुन्छ, त्यो मलेसियामा आएपछि हुँदैन । अपेक्षाअनुसारको नहुँदा पनि कामदार मानसिक समस्याबाट गुज्रिने उनले बताए ।

> मैले अटेरी गर्दै बिस्तारै नेपालीमा बोलाएँ । 'दाइ तपाईलाई के भयो ?' मैले सोचैं, नेपाली हो भने आफ्नो भाषा सुनेपछि कुनै प्रतिक्रिया पक्कै आउँछ । नभन्दै उनले आँखा उघारे । टाउको हल्लाएर केही भएको छैन भने । तर, उनको नजिक गएर कुरा गर्ने आँट आएन ।

अजित कौर : दक्षिण एसियाली साहित्य जोड्ने 'हेभिवेट' हस्ताक्षर





विराट अनुपम
biratanupam@gmail.com

साहित्य

नेपाल, भारत, पाकिस्तान, बर्मा, भुटानलगायत देशबाट युरोप-अमेरिका गएकाहरूको पहिचान जोकोहीले सहजै खुट्याउन सक्दैनन् । पश्चिमाहरू यी सबै देशबाट आएकाहरूलाई एसियाली वा दक्षिण एसियाली भनेर बुझ्छन् । दक्षिण एसियालीमा पनि धेरैजसोले आर्यन अनुहारलाई भारतीय भनेर अनुमान लगाउँछन् । मंगोल मुहारलाई एसियन, एसियनमा पनि चिनियाँ, कोरियन वा जापानिज भन्ने उनीहरूको अनुमान हुन्छ ।

अनुमानमै सही, एसियाली र दक्षिण एसियालीलाई पश्चिमा दुनियाँले भन्डै उस्तै नजरले हेर्छ । तर, बाहिरी दुनियाँले उस्तै ठाने पनि एसियाभित्रै भने एसियालीको एकता बलियो छैन । राजनीतिक रूपमा धेरै एसियाली देशहरूको सम्बन्ध क्षत-विक्षत् अवस्थामा छ । उत्तर र दक्षिण कोरियाको लफडा, चीन र भारत तथा भारत र पाकिस्तानको तनाव यसका प्रमुख उदाहरण हुन् । भारत-पाक शत्रुताले दक्षिण एसियाका अन्य देशलाई समेत समस्यामा पार्ने गरेको छ ।

दक्षिण एसियाली क्षेत्रीय संगठन (सार्क)को शिखर सम्मेलन केही वर्षयता नहुनुमा पनि भारत-पाकिस्तान तनाव नै प्रमुख बनेको नजिर छँदै छ । दक्षिण एसियाको व्यापारिक र पर्यटकीय साइनो पनि उति बलियो छैन । त्यसैले त नेपालबाट थिम्पुभन्दा थाइल्यान्डमा धेरै जहाज उड्छन् । भारतबाट कोलम्बोभन्दा धेरै जहाज क्यानबेरामा उड्छन् ।

एकै हिमशृंखलाको छाया र एकै सामुद्रिक लहरको किनारमा उभिएको विशाल भूगोल दक्षिण एसियाको कनेक्टिभिटीमा हुनुपर्नेजत्ति विकास नभएको तर्क विज्ञहरूको मात्रै होइन, यो क्षेत्रका राजनेताहरूको पनि हो । उनीहरूले सार्क शिखर सम्मेलनमा यस्ता विषय उठाउँदै आएका छन् । अन्य विषयमा झैं साहित्यमा पनि दक्षिण एसियाली समाजको कनेक्टिभिटी सोचेजस्तो छैन । केही काम त भएका छन्, तर पर्याप्त भएजस्तो लाग्दैन ।

पछिल्लो समय दिल्लीमा भएको किताब जात्रा कार्यक्रमले यस सम्बन्धलाई जोड्न एउटा नयाँ पहल थालेको छ । फाउन्डेसन अफ सार्क राइटर्स एन्ड लिटरेचरले यो कार्यक्रम गरेको हो र यसकी हर्ताकर्ता तथा नेतृत्वकर्ता अजित कौर हुन् । नब्बे वर्षको हाराहारीमा पुग्न लागेकी कौरले दक्षिण एसियालाई साहित्यमार्फत जोड्नका लागि गरेका प्रयासबारे यो लेख केन्द्रित छ ।

> पछिल्लो समय दिल्लीमा भएको किताब जात्राले दक्षिण एसियाको सांस्कृतिक-साहित्यिक सम्बन्धलाई जोड्न एउटा नयाँ पहल थालेको छ । 'फाउन्डेसन अफ सार्क राइटर्स एन्ड लिटरेचर'ले यो कार्यक्रम आयोजना गरेको हो र यसकी हर्ताकर्ता तथा नेतृत्वकर्ता अजित कौर हुन् ।

सार्क एक वर्ष कान्छो फोस्वाल

संगठनात्मक स्थापनाको तुलना गर्दा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सन् १९८५ डिसेम्बर ८ मा स्थापना भएको हो । अन्य क्षेत्रीय संगठनहरू जस्तै गिसिसी (१९८१) र आसियान (१९६७) भन्दा कान्छो थियो सार्क । तर, दक्षिण एसियाली लेखकको संस्था फाउन्डेसन अफ सार्क राइटर्स एन्ड लिटरेचर (फोस्वाल) भन्दा सार्क एक वर्ष जेठो हो । फोस्वालको स्थापना सन् १९८६ मा भएको हो ।

स्थापनाको कोणमा सार्कभन्दा कान्छो भए पनि कामको कोणमा फोस्वाल जेठो छ । स्थापनाकालदेखि नै फोस्वालले दक्षिण एसियालाई आफ्ना विविध संस्कृतिमार्फत जोड्न सकिन्छ भन्ने मान्यता राख्दै आएको छ । यस कार्यलाई 'ट्र्याक टु डिप्लोमेसी' भनिएको छ । जबकि, सार्कले यही विषयलाई स्विकार्न वर्षौं लाग्यो, नोभेम्बर २००५ मा बंगलादेशको राजधानी ढाकामा भएको तेह्रौं सार्क शिखर सम्मेलनमा बल्ल संस्कृतिलाई दक्षिण एसिया जोड्ने एक सेतुका रूपमा मान्यता दिइएको थियो ।

अफगानिस्तानलाई जोड्ने मामिलामा समेत फोस्वालभन्दा सार्क एक कदम पछि छ । फोस्वालले सन् २००२ को अप्रिल महिनामा आयोजना गरेको एक साहित्य उत्सवमा दुई अफगानी कविहरूलाई आमन्त्रण गरिएको थियो । सोही वर्ष फोस्वालले सार्कको आधिकारिक संस्थाका रूपमा मान्यता पायो । रोचक कुरा, फोस्वालले अफगानी कविहरूलाई आफ्नो कार्यक्रममा सहभागी गराएको पाँच वर्षपछि अफगानिस्तान सार्कको आठौं सदस्य बन्यो ।

कट्टर राजनीतिक दुस्मनीका बाबजुद भारत र पाकिस्तानलाई साहित्यमार्फत जोड्ने काममा अजित कौरले देखाएको सक्रियता अनुकरणीय छ । सन् १९४७ मा विभाजित बनेपछि दुई देशबीच सीमा विवादका कारण पटक-पटक युद्ध भइसक्यो । तर, साहित्यलाई जोड्ने काम रोकिएन । पाकिस्तानका लेखक तथा साहित्यकारले सन् १९८७ मा भारतीय भूमिमा पाइला राखेका थिए । त्यस्तै, सन् २००२ मा फोस्वाल क्यारावानमा भारतीय पाकिस्तान गए ।

यतिचाहिँ किटेर भन्न सकिन्छ, यदि दक्षिण एसियाको साहित्य, कला र संस्कृति जोड्ने बलियो काम कसैले गरेको छ भने त्यो फोस्वालले गरेको छ । फोस्वालले प्रकाशन, सम्पादन र संकलन गरेका दर्जनौं पुस्तक यसका प्रमाण हुन् । फोस्वालको आयोजनामा भएका दर्जनौं कार्यक्रम यसका उदाहरण हुन् । सार्क साहित्य उत्सव, जफपुर सफी साहित्य उत्सवलगायत त फोस्वालका ब्रान्डेड कार्यक्रम नै हुन् । यसबाहेक धेरै अनलाइन र अफलाइन कार्यक्रमको नेतृत्वकर्ता फोस्वाल हो । फोस्वालकी हर्ताकर्ता र नेतृत्वकर्ता हुन् अजित कौर ।

घरेलु हिंसाको प्रताडना सहेकी कौर

सन् १९३४ को नोभेम्बर १६ मा हाल पाकिस्तानमा पर्ने लाहोरमा जन्मेकी हुन् अजित कौर । १९४७ मा भारत र पाकिस्तान बेलायतको अधीनबाट मुक्त भए । त्यसपछि उनको परिवार मुस्लिम बाहुल्य पाकिस्तान छाडेर हिन्दू बाहुल्य भारततर्फ आयो । तर, परिवारको पितृसत्तात्मक पेलानबाट कौर मुक्त भइनन् । २०१८ मा भारतको स्पिकिङ टाइगर प्रकाशन गृहले पन्जाबीबाट अनुवाद गरेर छापेको आत्मकथाको पुस्तक 'वेभिङ वाटर'मा कौरले यसबारे एक-एक केस्रा केलाएर लेखेकी छिन् ।

कौरका अनुसार उनलाई राम्रोसँग अभिभावकत्वसमेत मिलेको थिएन । उनीभन्दा तीन वर्ष कान्छा जसवीरलाई परिवारले पुल्पुल्याएर पालेका थिए । उनले सजिलोसँग विद्यालय जान पाएका थिए । कौरलाई यस्तो सुविधा थिएन । उनले परिवारको माया पाउन मरणासन्न हुने गरी विमार पर्नुपर्थ्यो । घरमा कोही विरामी हुँदा उनको स्कुल जाने बाटो बन्द हुन्थ्यो । उनले कतै कोहीसँग बोले वा खेलेमा स्कुल जान निषेध हुन्थ्यो । उनले साहित्यका पुस्तक लुकिलुकी पढ्नुपर्थ्यो । स्थानीय अखबारमा कविता र कथा छाप्दा पूरा नाम लेख्ने आँट उनमा थिएन । त्यसैले, उनी 'पान्ज दरिया' र 'फातेया' आदि म्यागजिनमा 'अजित' नामले कविता लेख्ने गर्थिन् । एउटा म्यागजिनमा कथा छापिएको थाहा पाएपछि बाबुले बेस्मारी कुटेका थिए । आमाले टाउकोमा हात राखेर बिलौना गरेकी थिइन् ।

१८ वर्षको उमेरमा बिहे भएपछि उनको यो तनाव आफ्ना श्रीमान् राजको घरमा पनि दोहोरियो । उनलाई श्रीमान्‌ले कविता लेख्न निषेध गरे । 'कविता इज्जतदार घरका नारीले लेख्ने काम होइन' भनिरहे । दुवै सन्तान छोरी भएकोमा श्रीमान् खुसी थिएनन्, उनले यही कुरा उठाएर थप प्रताडना दिन्थे । १३ वर्षसम्म यातना सहेपछि उनी माइती फर्किइन् । माइतीले जबर्जस्त पीडक श्रीमान्‌सँग जान कर गरेपछि उनले मानिनन्, बरु दुई छोरी अपर्ना (बच्चामा भनिने नाम डोली) र पायल (बच्चामा भनिने नाम क्यान्डी) लाई लिएर अलग्गै बसिन् । अजित कौरले आफू अलग भएपछि श्रीमान् मर्दा पाउने अंशसमेत लिइनन् । 'जिउँदो हुँदा नपाएको कुरा मरेपछि लिनु गिद्धले सिनु लुछ्नुजस्तै हो भन्दै नलिएको' कौरले आत्मकथामा उल्लेख गरेकी छिन् ।

माइती र श्रीमान्‌को घरमा पाएको यातनाबाट फुत्किएपछि कौरका सफलताका दिन सुरु भए । प्रेमिल मित्र ओम प्रकाशको प्रेरणाबाट उनले हिन्दी, अंग्रेजी हुँदै विभिन्न भाषामा आफ्ना पन्जाबी साहित्य खुराक अनुवाद गराइन् । १९८५ मा पाएको साहित्य अकादमी अवार्ड र २००६ मा पाएको पद्मश्री अवार्ड कौरको साहित्य सिर्जना शक्तिका प्रमाण हुन् । विभिन्न २२ पुस्तकमा आफ्नो आबद्धता जनाइसकेकी कौरका २१ पुस्तक विश्वकै विशाल लाइब्रेरीमध्येको एक अमेरिकाको लाइब्रेरी अफ कंग्रेसमा सुरक्षित छन् ।

उसो त दुःख झेले पनि कौरले बाल्यकालमै आफ्नो सम्भावनाको प्रस्फुटन गरिसकेकी थिइन् । उनले नौ वर्षकै उमेरमा विश्वविद्यालयको परीक्षा दिएकी थिइन् । 'यसपछि पन्जाबमा कम्तीमा १४ वर्ष पुगेकाले मात्रै विश्वविद्यालयको परीक्षा दिन पाइने प्रावधान आयो' उनको आत्मकथामा उल्लेख छ ।


भारतकी प्रख्यात लेखिका अमृता प्रितमका पिता गियानी कर्तार सिंह हितकरलाई आफ्नो विद्यालयमा देखेपछि साहित्यप्रति झुकाव बढेको उनले आत्मकथामा उल्लेख गरेकी छिन् । प्राध्यापक राम सिंहले सम्पादन गरेको म्यागजिन 'नभियान किमतान'मा छापिएको कथाले आफूलाई कथाकार बन्न बलियो प्रेरणा दिएको पनि उनले बताएकी छिन् । कौर ८८ वर्षको उमेरमा पनि साहित्यमै रमिरहेकी छिन् । आफ्नी पेन्टर छोरी अर्पनासँग उनको मात्र होइन, दक्षिण एसियाको कला साहित्य र संस्कृतिको समेत लय मिल्दै आएको छ । दक्षिण एसियाली साहित्यको सम्बन्ध बलियो बन्न कौरको दीर्घायु आवश्यक छ ।



प्रशिक्षण लिन थालिन् । लगत्तै, राजकुमार पुडासैनीको नाटक 'मृगतृष्णा'मा अभिनय गर्ने अवसर मिल्यो ।

यसपछि फिल्म 'शून्य'का लागि अडिसन दिइन् । फिल्ममा अभिनय गर्न पाउँदा मन फुरुंग थियो । तर, यो फिल्म रिलिज भएन । रंगकर्ममा उनको सक्रियता जारी थियो र छ । 'एक्टर्स स्टुडियो'ले निर्माण गरेको नाटक 'ओ स्टार दुनियाँ'मा उनले एकैपटक दुईवटा चरित्र निर्वाह गरेकी थिइन् । तेम्रोलिंगी र घरमा काम गर्ने किशोरीको भूमिका थियो । उनको अभिनयलाई धेरैले तारिफ गरे । रंगमञ्चलाई हेर्ने उनको दृष्टिकोण पनि फराकिलो हुँदै गयो । 'थिएटरले मलाई जिम्मेवार बनायो । आफैंलाई अब्जर्भ गर्ने मौका पाएँ । दुःखलाई महसुस गर्न पनि सिकायो,' उनी भन्छिन् ।

'कथा एक्सप्रेस', 'ब्रिफ क्यान्डल' 'दाँतको डोब', 'देउराल डाँडी'लगायत दर्जनौं नाटकमा उनले अभिनय गरिसकेकी छिन् । यसबीच धेरै सिनेमा, म्युजिक भिडियो र टेरिसिरियलमा काम गर्ने 'अफर' आए । तर, चित्त नबुझेका स्क्रिप्ट र टिम उनले पन्छाइन् । 'पैसाका लागि सबैखाले काम गरिनँ । स्क्रिप्ट पढेर चित्त बुझेपछि मात्रै काम गर्ने अडान लिएँ,' उनी भन्छिन् ।



पवन बराइली
pawanbaraili4@gmail.com

नयाँ पुस्ता

विनितालाई चलचित्रमा काम गर्ने उति रुचि थिएन । खासमा उनलाई नेपाली चलचित्र क्षेत्रसँग वितृष्णा थियो । त्यसमाथि मूलधारको सिनेमाको दबदबा मन परिरहेको थिएन । त्यसैबेला फिल्म 'हल्कारा' लागि आइस फल्स प्रोडक्सनले कलाकार खोजिरहेको रहेछ । 'कलाकार उमेश तामाङले एउटा फिल्म छ, त्यसका लागि भिडियो अडिसन तयार गरेर पठाउनू भन्नुभयो,' उनले सम्झिइन्, 'त्यसपछि स्क्रिप्ट पढ्न थालैं । पहिलो पृष्ठ पढ्नेबित्तिकै फिल्मको कथाले छोयो ।' पूरै स्क्रिप्ट पढ्दासम्म उनी फिल्म गर्न तयार भइसकेकी थिइन् ।

त्यसपछि भिडियो अडिसन दिइन् । एक सातापछि पहिलो चरणको अडिसनमा पास भएको खबर आयो । झन्डै एक महिनापछि निर्माण टिमले फिल्ड अडिसनमा बोलायो । त्यहाँ, अभिनेता महेश त्रिपाठीसँग उनको केमेस्ट्री म्याच भयो । अन्ततः उनी 'मिया'को भूमिकामा पक्का भइन् । मियाको पात्र र परिवेशमा भिझ्नका लागि उनले निकै मिहिनेत गरिन् । यो फिल्मबाट उनले धेरै आशा राखेकी थिइन् । तर, सुटिङ भएको झन्डै पाँच वर्षपछि केही साताअघि मात्रै यो फिल्म रिलिज भयो ।

यस अवधिमा उनले अनुप बराल निर्देशित 'दोख', किरण श्रेष्ठको 'येट एन अदर विन्टर', 'जम्प'लगायत फिल्ममा काम गरिन् । प्रतिष्ठित बुसान फिल्म फेस्टिबलमा छनोट भएको 'येट एन अदर विन्टर'मा उनले आमाको भूमिकामा काम गरेकी थिइन् । 'जम्प' रिलिज हुन बाँकी छ । फिल्म र नाटकमा अभिनयसँगै इन्डिपेन्डेन्ट फिल्ममेकरहरूको समूहमा मिलेर विनिताले सर्ट फिल्महरू पनि निर्माण गर्छिन् । भन्छिन्, 'नेपाली सिनेमा क्षेत्र भाइरल र चर्चामा बढी विश्वास गर्छ । कला र अभिनयमा जीवन समर्पण गरेकाहरूलाई टिक्न गाह्रो छ । त्यसैले जीवनयापनका लागि केही गर्दै भनेर यो समूह निर्माण गरेका हौं ।'

> भर्खरै रिलिज भएको फिल्म 'हल्कारा'ले विनितालाई नयाँ उचाइ दिलाएको छ । यस फिल्ममा उनले श्रीमान्‌को चिठी कुरेर बसेकी एक युवतीको भूमिका निर्वाह गरेकी छिन् ।


लामो प्रतीक्षापछि रिलिज भएको 'हल्कारा' समीक्षात्मक रूपमा उत्कृष्ट ठहरिए पनि व्यापार राम्रो हुन सकेन । हलले उपयुक्त समय नदिँदा राम्रा सिनेमा कोपभाजनमा परेको उनको गुनासो छ । उनी भन्छिन्, 'हाम्रोमा एकअर्काको खुट्टा तान्ने प्रवृत्ति छ । हल्कारालाई विदेशी दर्शकले एप्रिसियट गरेका छन् । यसमा हामीले सफलता हासिल गर्‍यौं । तर, हाम्रै देशमा हलवालाले पर्याप्त सो दिएनन्,' उनले भनिन् ।

कतिपय नाटक र सिनेमाबाट आफूले पाउनुपर्ने पारिश्रमिकसमेत नपाएको उनी बताउँछिन् । 'नाटकले पैसा उठाएन भनिन्थ्यो, गाडीभाडा र खाजा खर्च खल्तीबाट झिक्नुपर्थ्यो,' उनी स्मरण गर्छिन्, 'मैले चार-पाँचवटा सिनेमाबाट पैसा पाएकी छैन । ती सिनेमामा मेरो सानो रोल थियो । त्यसैले पैसा पनि थोरै हुनु स्वाभाविक हो । चार-पाँच हजार नदिँदा फरक पर्दैन भन्ने उहाँहरूलाई लाग्यो होला । तर, मेरा लागि यो ठूलो पैसा थियो । यो मेरो मात्रै भोगाइ होइन । कलाकारितामा करिअर खोज्दै आउने नयाँ पुस्ताको भोगाइ हो । दुःख गरेर कलाकारितामा टिकेकी हुँ ।'

हिजोआज थिएटरलाई धेरैले सिनेमाको भन्याङ बनाउन खोजेजस्तो उनलाई लाग्छ । 'मानिसहरू सिनेमामा काम गर्ने लक्ष्य राखेका हुन्छन् । त्यसका लागि नाटक सिक्छन् । तर, सिनेमामा काम नपाएपछि निराश हुन्छन् । काम पाए पनि सानोतिनो रोल गर्दा पैसा र लोकप्रियता दुवै कम हुन्छ,' उनी भन्छिन्, 'त्यसैले पैसा र लोकप्रियताको लोभमा कलाकारितामा नआउनुहोला । यहाँ धेरै संघर्ष गर्नुपर्छ । कलाकारितालाई तपाईले साधनाका रूपमा लिने हो भने आउँदा हुन्छ, संघर्षमा पनि सन्तुष्टि मिल्छ ।'

मरुभूमिमा बिलाएको सपना

चारैजना युवा मुखामुख गरे, अनि बेस्सरी चिच्याए । पलभरमै उक्त चीत्कार हावाको वेगसँगै उडेर बिलायो । हातमा माछा होइन, मानव पाखुरा परेको थियो र जमिनमा फुत्त झर्‍यो ।





बिएन जोशी
tamasintl067@gmail.com

कथा

रेतको रातो हुलिया अनि मध्यसागरमा टल्किएको ब्ल्याकटपको परिधि अनन्तसम्म फैलिएको देखिन्थ्यो । सडकको किनारा भन्नु नै हावाको झोकासँगै बेपत्ता नाचिरहेका बालुवाका कण थिए । विपरीत ध्रुवमा अनकन्टारतर्फ एकतमास कुदिरहेको मिनिबसमा सवार १२ युवाहरूसँगै म पनि सामेल थिएँ । अधिकांश १८ देखि २८ वर्ष उमेरका थिए ।

एकाध स्थानका सडकबीचमा उठेको बालुवाका थुम्काले मिनिबसलाई अवरोध गरेपछि निदाइरहेका साथीहरू झस्किन्थे । म भने पटक्कै निदाउन सकिरहेको थिइनँ । बिलकुलै भिन्न भूगोलको सन्नाटायुक्त सडक आफैंमा रहस्यमय लाग्थ्यो । जन्मभूमि छोडेको मात्र २४ घन्टाको अन्तरालमा मनमा अनेक थरी कुरा खेलिरहेका थिए ।

काँचको पर्दाबाहिरको दृश्यमा त्यस्तो कुनै जादु थिएन जसले आँखालाई बहलाइरहन सकोस् । तापनि त्यही बालुवाको बैंस उफ्रिरहेको, घुमिरहेको, नाचिरहेको दृश्यले दिमागलाई दिगमिग पार्दै थियो । जीवन सोचेजस्तो सरल रहेनछ । हामीजस्ता न्यून आय भएका देशका मानिस रहरले होइन, बाध्यताले पुगेका हुन्छौं मरुभूमिमा । तर सोही ठाउँमा धनाढ्यहरू रेतमाथि सहवास गर्न मनग्य रकम खर्चेर जाने गर्छन् । जगत्मा रकम जोहो र फुर्मासको कथा फरक रहेछ ।

केही किलोमिटरको यात्रापछि चारैतर्फ बालुवाका थुम्काहरूले घेरेका डिब्बावाला क्याबिनहरू देखिए । ओहो ! यस्तो ठाउँमा पो बस्नुपर्ने ? सबैजनामा एकप्रकारको त्रास फैलियो । त्यो मध्य मरुभूमिको खाँच थियो । त्यसैको बीचमा समथर खेत आकारको सप्का देखिए । अस्थायी प्रकारका सार्न मिल्ने कन्टेनरका चक्कारूपी घर थिए । बडेमानका टायर भएका मोटरहरू पनि उस्तै नौला । विभिन्न महादेशका मानिसहरू ।

मुख्य काम थियो, जमिनको एक्सरे गर्नु, अर्थात् जियोफिजिकल सर्भे । तेल, ग्यास र पानीको परिणाम के कति छ, पत्ता लगाउने काम । दैनिक रेतमाथिको सफारी । सत्य यही थियो, अबको हाम्रो अगाडिको कर्मक्षेत्र त्यही नै थियो, चाहेर पनि नचाहेर पनि । युएईको राजधानी अबुधाबीदेखि झन्डै ३०० किलोमिटर पश्चिम ।

लगातार चार दिनदेखि चलेको बतासको वेग अडिने सुरसार थिएन । जनावरहरू यत्रतत्र छरिएका थिए । डेजर्ट फिस पनि बालुवाभित्र बिलाए । बाटाहरू एकाएक विलीन भए । मानिसको मात्र होइन, कुनै पनि जीवजन्तुका पदचाप फटाक मेटिए । उसै मेसोमा मरूभूमिका कणको करामत, उसले पूरै काँचुली फेऱ्यो । हिजोसम्म कुरूपजस्तो लाग्ने उसको विशाल आङ आज कौमार्य देखिएको छ, नसानसाको आवरणमा ।

मरूभूमिमा मृगसमेत भेटिन्छन् । खरायो खुरुखुरु हिँडिरहेका हुन्छन् । सर्प, बिच्छी, न्याउरीलगायतका विषालु किरा बग्रेल्ती बरालिन्छन् । कतिपय आ-आफ्ना खोरको खोजीमा अलमल परिरहेका हुन्छन् । यस्तोमा मानिसको गन्धलाई पछ्याउँदै जनावरहरू समीपमा आउनु अस्वाभाविक लाग्दैन । तर, मानिसको जात, बालुवाको त के कुरा भयो र सारा आकाश-पाताल कतै सिँगौरी खेल्न छोडेको देखिँदैन ।

निरन्तरको हावाको वेगले क्षणभरमै मरुभूमिको स्वरूप नै परिवर्तन गराइदिन्छ । त्यसपछि बाटो बिराउन बेरै लाग्दैन । पानीविनाको माछा र मान्छे उस्तै हो मरुभूमिमा । दुई घडी पलामा नै मानव चोलाले विश्राम लिन सक्छ । साथीहरू कामबाट फुर्सद मिल्नासाथ मच्चिहाल्छन् । म बालुवाको थुम्कोमा बसेर तिनका चर्तिकला नियालिरहेछु ।

- समात् । समात् । समात् ।

त्यति समथर त होइन, तर मसिना थुम्काहरूको सागरमा डेजर्ट फिसको बिगबिगी हुन्छ । रेतको दाना भित्रभित्रै डुलिहिँड्ने यो प्रजातिको कुनै मूल्य हुँदैन । अरबी समाजमा यसका अनेक कहावत छन् । यसैसँग जोडिएका यौनवर्द्धक शक्ति र उत्तेजनाका किस्साहरू छन् । यसलाई पक्रन त्यति सजिलो कहाँ पो छ र, रेतको साम्राज्यमा ।

युवावयको जोस त्यति सजिलै कहाँ मत्थर हुन्छ र ? बालुवा तात्दै गएपछि नरम हुन्छ । हात घुसार्दा रेतको भित्री आत्मासम्म पुग्छ पसिनाले पूरै भिजेको काखीले अवरोध नगरेसम्म । तर, त्यतिवेलासम्म छेपारे फिसले कैयौं थुम्का काटिसकेको हुन्छ सुरुङमार्ग मार्फत । त्यो बहुत चलाख प्रजाति हो । प्रकृतिले कुनै बखत निलेको मानव चोला हात पर्छ । चारैजना युवाहरूले मुखामुख गरे । एकमुष्ट चीत्कार छाउँछ । पलभरमै उक्त चित्कार हावाको वेगसँगै उडेर बिलायो । माछा होइन, हातमा परेको मानव पाखुरा जमिनमा फुत्त झर्न पुग्छ ।

एकाएक कोलाहल मच्चियो । वाकीटकी रेडियोहरू व्यस्त रहन थाले । छोटो समयमा सीमा पुलिसका वाहनहरू साइरन बजाउँदै लाइन लागे । बालुवाको ढिस्कोलाई रंगिन रिबनले घेरा हाले । सुरक्षाकर्मीहरूले बालुवालाई पन्छाउँदै गर्दा फतक्क गलिसकेका एकजोर मानव अंग आधाउधि सुकेको दुईवटा शरीरको स्वरूप देखापर्छ । मीठा मासुजति रेतका रैथानेहरूले लुछिसकेका हुँदा हुन् । बाँकी खक्रक्क परेको हाडखोरलाई गार्भेजको कालो थैलोमा जम्मा पारी गाडीमा राखेपछि म निकै दिन बिथोलिएँ । र, ती दुई आकृतिको सनाखत गर्नीतिर लागेँ । को होलान् मरुभूमिमा सुकुटी बनेका ती यी दुई ?

०००

मध्यपहाडी जिल्ला तनहुँको उत्तरी भागमा पर्ने पुरानो बजार हो, कलेस्ती । त्यसभन्दा पूर्वोत्तरतिर लगभग सयभन्दा बढी पहाडी मुस्लिम समुदायको बसोवास रहेको सम्जुर गाउँ । गाउँलेहरू पुस्तौंदेखि डोकोमा चुरा, टीका, धागो, काँटा, पोते, रिबन, झुम्काजस्ता सौन्दर्यप्रदायक सामग्री बोकेर घरआँगनमा पुऱ्याउँथे । हिन्दूहरूका चाडपर्वमा रौनक थपिदिन्थे ।

एक समय उनीहरूलाई बोलाउने थरै 'चुरेटा' भएको थियो । समयले सिरानी फेरिरह्यो । सडकमार्ग र बजारले विस्तारित रूप लिन थाले । चुरेटाको परम्परागत पेसाले विश्राम पाउँदै गयो । नेपालका अन्य गाउँठाउँबाट जस्तै त्यस ठाउँका मुसलमान युवाहरू पनि वैदेशिक रोजगारीमा जान थाले । उनीहरूको गन्तव्य बन्यो खाडी राष्ट्र । जात, धर्म र संस्कृतिले पनि तिनलाई अरब देशमा घुलमिल हुन सहज बनायो ।

सम्जुर गाउँका एक परिवारको आशा थियो, रिजवान मियाँ । दुःखको भारी सबैको उस्तैउस्तै भए पनि रिजवानमाथि पारिवारिक दायित्व अझ बढी थियो । चार दिदीबहिनी र आधाभन्दा बढी उमेर पार गरिसकेका आमाबाबुको दैनिक गुजारा चलाउने आधार खुम्चिँदै गएपछि उसलाई खाडीको पखेँटा नहाली सुखै भएन । एक साँझ आमा खाना पस्किँदै थिइन् ।

'बाबु आयाई भात खानौं,' ठूली दिदीले खाना खान बोलाइन् ।

धेरै दिनदेखि कुरा राख्ने उपयुक्त मौकाको खोजीमा थियो रिजवान ।

'अब मो पनि अरब जातौं,' रिजवानले आमा बुबाको अगाडि अचानक आफ्नो निर्णय सुनायो ।

केहीछिन परिवारमा सन्नाटा छायो । किनकि ऊ घरको एक्लो छोरा थियो । ठूली दिदीको साथीमार्फत नाताले भिनाजु पर्ने काठमाडौं आउजाउ गर्ने एजेन्टसँग सम्पर्क भएको थियो । जसले एकाध महिनामा नै युएईको भिसा झारिदिएपछि रिजवानको विदेशयात्रा छिट्टै सम्भव भएको थियो । सुरुमा त उसले एजेन्टसँग आक्रोशसमेत पोखेको थियो- दुबई भनेर युएईको भिसा पो लाउने ? दुबई युएईमै पर्छ भन्ने उसलाई के थाहापत्तो !

रातो रेतमाथि सवार जिपमा ऊ पनि सामेल भयो, साथमा थिए अन्य तीनजना नेपाली युवा । चालकले मुदिरको आदेश मुताबिक मध्य मरुभूमिको मजरामा झार्दै गए । सबैको कर्मक्षेत्र तिनै १,२,३ नम्बरका मजरा थिए । रिजवानको भागमा ३ नम्बर मजरा पऱ्यो ।

उनका लागि सुरुका दिन केही कठिन थिए । जुन स्वाभाविक पनि थियो । अनकन्टार परिवेश । भाषिक समस्या । खानाको नौलोपन । मान्छेको जात जहाँ बस्दै गयो, त्यही ठाउँमा रमाउँदै जान्छ । मजराको हरियाली वातावरण र महिना-दुई महिनामा तारेख हेरिआउने तनखाले घरको हालत सम्झेर काम गर्नुसिवाय अरू उपाय थिएन । महिना दिनमा एकपटक सहरबाट खाद्यान्न बोकेर आइपुग्ने मुदिरको खटनपटन खासै नराम्रो थिएन ।

मजरामा खेती मनग्ये हुन्थ्यो । सिजनअनुसारका गोलभेँडा, काँक्रो, स्विट मेलन, मकैलगायतका फलफूलको उत्पादन हुन्थ्यो भने मरुभूमिको बादशाह आठवटा उँट खुला गोठमा छरिएर बस्थे । मजरामा काम गर्ने दुई बंगाली दाजुभाइ र तीन पाकिस्तानी पठानको साथले खासै न्याम्रो मान्नुपर्ने अवस्था थिएन ।

चाहेको वेला सहर सयर गर्ने इच्छा पूरा गर्न भने कठिन थियो । चाडपर्वका दिन भित्तेपात्रो हेरेरै बित्थे । खुसीको परिधिलाई उही मजराको चौघेरा र मरुभूमिको महासागरले बाँधिदिएको थियो । अरू त सबै मुदिर र अल्लाहको भरोसा थियो ।

०००

'अस्लाम वालेकुम काका । तने मा और मेरी जहानके अच्छे से ख्याल रखना ।'

'तनो कोनो चिन्ता मत करो बेटा ।'

जाफर अली खानले काकासँग बिदा माग्यो । दुवैमा घच्चीको काँध मिलाइ भो, ओढिरहेको बाक्लो सेढाइ सारेर ।

'मासल्ला ।'

पिलपिल आँखा भिजाउँदै, रुमालमा खानेकुराको पोका बाँधेर आमाले छोराको फुलबुट्टे झोलामा घुसारिदिइन् । जाफरको जोरआँखाको परेलामाथि कुखुराको प्वाँखले कालो गाजल लाइदिइन्- किसिका नजर नलग् जाए... ।

जाफरको १२ वर्षकी जहान अलमलमै थिइन् । १५ हात पैरबाट पुलुक्क हेरी पछ्यौरा मुसारी बिदाई गरिन् । जाफरले गधामाथि चढ्दै गर्दा छिर्के आँखा मिल्काए सानी श्रीमतीतिर ।

> दुवैले घरदेश जान मुदिरसामु ताकेता गरिरहेका थिए । तर, चलाख मुदिर हमेसा अनेक बहाना बनाउँदै टार्थ्यो । रमजान आए बकर इदमा र बकर इद आए रमजानमा घर पठाउने भन्थ्यो ।

जाफर अलीको बुबा दुई दशकदेखि साउदी अरबमा थियो । काम र ठामको कुनै जानकारी थिएन । त्यसबीचमा मुस्किलले दुईचोटि छुट्टीमा घर गयो होला ।

गधामा चढेर पाँच घन्टा लाग्यो, कुमराट उपत्यकाको कलकटक पुग्न जाफरलाई । अब भोलिपल्ट बिहान अगाडिको सवारी थिएन । कलकटकमा धुपी र सल्लाका रूख लहलह थिए । हिमालबाट बगेर आएको कञ्चन खोला कतै रोकिनेवाला थिएन, करौंची पुगेर समुद्रमा समाहित नहुन्जेल ।

अधिकांश घर काठका थिए । गधा मालिकको सिफारिसमा जाफरलाई एउटा जस्ताले छाएको ठाँटीमा वास मिल्यो । पाकिस्तानको राजधानी इस्लामाबादेखि झन्डै ३७० किलोमिटरको दूरीमा रहेको कुमराट भ्याली सुन्दर पर्यटकीय क्षेत्र हो । देशको उच्च उत्तरी इलाकामा ठन्डी ज्यादै हुने हुँदा पर्यटकहरूले मौसमको अन्दाजा गरेर मात्रै पाइला नाप्ने गर्छन् ।

थोत्रो जिपको छतमा बसेर भोलिपल्ट सबेरैको सवार मिल्यो । जिपभित्र बूढापाका, केटाकेटी र बुर्का ओढेका महिलाहरू अटेसमटेस थिए । पस्तुनहरूको गन्धले गाडी मगमग गनाउँथ्यो । चुतियानसम्मको कच्ची मोटरबाटो भन्नु नाम मात्रको थियो । खोलालाई घरीवारि त घरीपारि पार्दै अघिल्तिरको काँचमा धागोका फूलले झिलिमिली सजाइएको रसियन जिप ढलपलिँदै अगाडि बढ्यो ।

जिपबाहिरको प्राकृतिक आवरण अवर्णित हुन्छ । फुर्सदले बिस्तारै बगेको दरियाको पातलो पानी । एकनासका सल्लाह र धुपीका बोटले कुमराट खोलालाई दुवैतर्फबाट पहरा दिइरहेको भान हुन्छ । नदीको मुहानतिरको निश्चल हिमाली मुहारको छटाको दर्शन पाउन सिजनमा देश-देशावरबाट पर्यटकहरूको घुइँचो लाग्छ । प्रकृतिले भरपुर साथ दिएको छ कुमराट उपत्यकालाई । गरिबीले पनि उत्तिकै पिरोलेको छ ।

खोला-किनारमा रहेको अव्यवस्थित दोहोरो हटिया हो, थाल बजार । प्रकृतिसँग पिटिक्कै मेल खाँदैन । अधिकांश घर काठले बनेको, उही ठाँटी स्वरूपका । शौचका लागि केहीबेर अडिएर जिपले उही लय समायो फेरि । जति तलतिर लाग्यो, खोलाले नदीको आकार लिँदै जान्छ । मोटर तर्नका लागि काठेपुलको इन्तजाम गरिएको हुन्छ ।

मन्जिल अझै दूर छ यात्रुहरूको । चित्राल नपुगुन्जेल पक्की सडक भेटिँदैन । त्यतिन्जेलको सफर भन्नु सास्ती मात्र हो । विकटतामा विकल्प धेरै हुँदैन । जाफरलाई आफ्नो गाउँ दरबान्डदेखि पेसावर सहर पुग्न दुई दिन पूरै लागेको थियो ।

काकाले दिएको चिर्कटो बोकेर एजेन्टलाई भेट्न पनि निकै सकस भयो । कुमराट नदीको जस्तो कञ्चन मन रहेनछ पेसावरवासीहरूसँग । उसले त्यहाँ ओर्लिएकै दिन महसुस गरेको थियो ।

हप्ता दिनजतिको अलमलपश्चात् उडानको मिति तय भएपछि आकाशतिर हेरी लामो श्वास फेऱ्यो । जमिनमा घोप्टियो र अल्लाहको नाम लियो । जीवनमा पहिलोचोटि आँटेको काम पूरा हुँदैगर्दा खुसी नहुने को पो हुन्छ र ? पहिलोपटक भीमकाय जहाज देख्यो पेसावरको बचाखान अन्तर्राष्ट्रिय विमानघाटमा । पिआइएको जहाज गिद्धले कुखुराको चल्ला टिपेजसरी जाफर अलीलाई पनि टिपेर उड्यो ।

०००

सजीव प्राणीहरूको हकमा जीवन भन्नु एउटा अनन्त यात्रा हो । जबसम्म श्वास रहन्छ, तबसम्म सफर चलिरहन्छ । त्यो कमिलाको पनि हुन्छ । त्यो हात्तीको पनि हुन्छ । मजराका लागि रिजवानभन्दा दुई वर्ष जेठो थियो जाफर । अरू पठान र बंगालीहरू बाबुसमानको भएकाले विचार-विमर्शमा त्यति मन मिल्थेन । रिजवान मजरामा प्रवेश गरेदेखि जाफरलाई मन मिल्ने मित्रको अभाव खड्किएको थिएन । मजराको कामधन्दा, उँटको गोठ सबैमा सँगसँगै जान रुचाउँथ्यो । रिजवानलाई पनि त जाफर भएकैले सुरुवाती दिनमा अत्यास लागेको थिएन । सम्झाइबुझाइ गर्ने उनै थिए । दौंतरी नमिल्दो नभएकाले नै दुवैमा हार्दिकता थियो । जन्मको भूगोल भिन्न भए पनि कर्मका लागि अल्लाहले सँगै पठाए भन्थे दुवैजना ।

अब त जाफरकी श्रीमतीको उमेर पनि १८ वर्ष भइसकेको हुँदो हो । उता रिजवानको दुई दिदीको घरजम भइसकेको थियो । दुवैले घरदेश जानका लागि मुदिरसामु ताकेता गरिरहेका थिए । तर, चलाख मुदिर हमेसा अनेक बहाना बनाउँदै टार्दै आउँथ्यो । रमजान आए बकर इदमा र बकर इद आए रमजानमा पठाउने भन्थ्यो । चाडबाडमा अनेक प्रलोभन देखाएर गुमराहमा पार्थ्यो । बरु मीठामीठा खानाका परिकार हप्तादिनलाई पुग्ने गरी छोडेर आफू सहर पस्थ्यो ।

मजराका मुदिरहरूलाई के थाहा हुन्छ भने कामदारहरू घर गएपछि प्रायः फर्कँदैनन् । अपवादमा पाका उमेरका पठानहरू पर्छन् । जो जिन्दगी मजरामै गुजार्छन् । तिनका दाह्री पाकेर रातै हुन्छन् । रिजवान र जाफरलाई केमा बिस्मात हुन्थ्यो भने हरेक रमजान मजरा र मरुभूमिमै बित्यो । एउटा गतिलो मस्जिदमा गएर नमाज पढ्न पनि पाइएन ।

यी दुई युवा खजुरको सुकेको हाँगाले बारेको र त्यसैले छाएको घरभन्दा २० गज पर पुरानो टेन्टले घेरेको भुइँमा थोत्रो कार्पेट बिच्छ्याएको कामचलाउ मस्जिदमा दैनिक नमाज पढ्थे । रिजवान र जाफरको बीचमा हरेक साँझजसो पीडा साटासाट हुन्थ्यो ।

परिवारसँग इद नमनाएको पनि वर्षौं भइसकेकाले न्याम्रो लाग्नु अस्वाभाविक थिएन । त्यसैले यसपालि कुनै पनि हालतमा कतै राम्रो मस्जिदमा गएर शुद्ध मनले नमाज पढ्ने अठोट गरेका थिए । तर, नजदिकीमा कुनै मस्जिद थिएन । पानी बोकेर आउने पठानहरूको ट्यांकरपछि लागेर जानुपर्थ्यो । पाका पठानहरूले भनेका थिए- अल रायनको मुख्य मार्गभन्दा केही पर सेखहरूको सौखका लागि बनाइएको सानो बस्ती छ । त्यसको आडैमा सुन्दर मस्जिद छ ।

रमजानको अन्तिम दिन रिजवान र जाफरले सबैरै सल्लाह गरेबमोजिम बिहानी सत्रको नित्यकर्म सके । लक्ष्य बन्यो- सुविधासम्पन्न र व्यवस्थित मस्जिद । आज त कसैगरी नयाँ मस्जिदमा गएर यस वर्षको रमजानलाई बिट मार्नुपर्छ ।

गत साल अल ऐनको बजारबाट ल्याएको नयाँ कुर्ता पाइजामा पहिरिए दुवैले । दुई युवाको जोडी देखेर पाकाहरूले आँखा मारे । 'थिनीहरू फनफनी घुमेर थाकेपछि दुई घन्टामा फर्किएर आइजान्छन्,' वृद्ध मन्जुरले चिउँडोको लामो दाह्रीलाई काइँयोले कोर्दै भने । अल्लाहको आसमा आकाशतिर हेर्दै दुवैजना ठाँटिएर मजरादेखि टाढिए ।

जवानीको जोसमा होस हुँदैन । मरुभूमिमा मौसमको भर हुँदैन । उमेरको उमंग अनि अनुभवको कमी । एक अर्कामा मीठामीठा बात हुँदै गए । जसै मजरादेखि पर लाग्दै गए, ग्राभेल सडकको मार्ग निकै लामो हुनाले छोटो बाटोको खोजीमा बालुवाका थुम्कालाई छिचोल्दै अगाडि बढे । एकपछि अर्को थुम्का । सर्यौं आए, गए । अब भने दुवैलाई लाग्यो बाटो बिराइयो ।

मध्य मरुभूमिमा बाटो बिराएपछि पुनः बाटोको लय समाउनु असम्भवजस्तै हुन्छ । विनाप्रविधि बाटोको प्रयोग खतरनाक हुन्छ । जसै सूर्यको किरण टाउकोमा ठोक्किन आइपुग्छ अनि दिमागमा झड्का हान्न थाल्छ । पाइला गल्दै जान्छन् । अघिसम्म घरपरिवारको चिन्तामा डुबिरहेका रिजवान र जाफरको वार्तालाप रोकियो ।

क्रमशः एकपछि अर्को ठूला मरुभूमिको भिर देखिन्छन् । जति भिर आउन थाल्छन्, त्यति नै ठूला ब्लु होल भेटिँदै जान्छन् । भिरलाई छिचोल्न त्यसभित्र छिर्नुपर्ने हुन्छ । त्यसबाट पार पाउनु निकै सकसको क्षण बन्छ । भिरमा बालुवा थप नरम हुन्छ । खुट्टाको चालमा धुँडासम्म बालुवाको कणले ढाक्दै गर्दा तापमानको अनुमान लगाए ।

दुवैजनाको जोसमा होस गुम्दै जान थाल्छ । मध्याह्नमा दिशा कसै गरी छुट्याउन सकिँदैन । जता हेऱ्यो, उता उस्तै । बालुवाका पहाडको जंगल । तिनकै साम्राज्य । तातो रेतमाथि आगोको रापको झिलमिलले आँखालाई तिरिमिरी बनाइदिन्छ ।

सामान्य पोसाकमा निस्किएका दुईजना दोस्ती दिशाभ्रम भए । खानेकुराको त के कुरा, पानीसमेत नबोक्नुको मूर्खता मरुभूमिमा प्रस्टै झल्किन्छ । रमजानको व्रतमा सूर्यले कोल्टे नफेर्दासम्म पानीको कल्पनासम्म गरिँदैन ।

मरुभूमिमाथि हिँड्दाहिँड्दै उनीहरूको शरीर शिथिल हुँदै गयो । कत्रो उमंग बोकेर रमजानको समापन गर्न हिँडेका थिए । अहिले आएर आफ्नै जीउ भारी भयो । नजिक कतै बुच्चे परेका घाँस भेटिन्छन् कि भनेर उँटलेजसरी घाँटी तन्काइरहे । तर, परपरसम्म केही देखेनन् । पैतालादेखि बाँच्ने आशा निख्रन सुरु भएको प्रक्रिया कम्मर, घाँटी हुँदै टाउकोसम्म पुग्छ । आफूलाईभन्दा धेरै आफ्नो परिवारलाई अनेकौंपटक सम्झेर रुन्छन् । उनीहरूलाई आँसुले समेत सहारा दिन छाँड्छन् ।

मजराका पाकाहरूको वचन बारम्बार साँझमा कराउने झ्याउँकीरीले जसरी कानमा रइँरइँ गरे । एकजोर शरीरसँग एकजोर पाइजामासिवाय केही थिएन । छालाको चप्पलले अघि नै रेत समाधि पाइसकेको थियो । हेर्दाहेर्दै सांकेतिक रूपमा दुईजोर आँखाले पनि विश्राम लिए ।

तेह्र सय ग्राम मस्तिष्क



भूपिन
bhupeenkhadka@gmail.com

कविता

५.९७ बिलियन ट्रिलियन मेट्रिक टन पृथ्वीको वजनभन्दा
तेह्र सय ग्रामको मानव मस्तिष्क
किन गरुंगो छ ?

यही बुद्धिको तौलले ?
यही सिर्जनाको वजनले ?

हो, चराका टाउकाहरू ससाना छन्
कीटपतङ्गका टाउका ससाना छन्
पुतलीका टाउकाहरू त झन् मसिना छन्
केही जनावरका टाउकाहरू पनि हलुका छन्
तर मानिसलाई
किन हात्तीको दाँत गरुंगो
तर टाउको
मानिसको भन्दा धेरै हलुका लाग्छ ?
किन गैंडाको खाग गरुंगो
र टाउको
मानिसको भन्दा निकै हलुका लाग्छ ?

किनभने मानिसको टाउकोसँग बम छ
विध्वंसको बम
अहंकार, स्वार्थ र आक्रोशको बम
किनभने मानिसको टाउकोसँग बम छ
शासक बम !

किनभने मानिससँग मात्र छ झुटो कथा रच्ने खुबी
कि पृथ्वीको अधिपति केवल मानिस हो ।
कि पृथ्वीको शासक केवल मानिस हो ।

पृथ्वीको सम्पूर्ण वजनभन्दा
तेह्र सय ग्रामको मानव मस्तिष्क
किन महँगो छ ?

किनभने
छयासी बिलियन न्युरोनका तारजालीहरू भएको
कुनै एक मानव मस्तिष्क सट भयो भने
पूरा पृथ्वी पङ्किन्छ ।

हिटलर न्युरोनहरू सट भए
यहुदीहरू मारिए ।

स्टालिन न्युरोनहरू सट भए
रुसीहरू मारिए ।

कुनै एक अमेरिकी न्युरोन सर्ट हुन्छ
र इराक ध्वस्त हुन्छ ।
र अफगानिस्तान ध्वस्त हुन्छ ।
र सिरिया ध्वस्त हुन्छ ।

पुटिन/जेलेनेस्की न्युरोन सट हुन्छ
युक्रेन ध्वस्त हुन्छ ।


हाम्रा बुद्धि र सिर्जना सट हुन्छन्
र हाई भोल्टेज करेन्ट लागेको मानिसझैं
पृथ्वी पछारिन्छ र मुर्छा पर्छ ।

मेरो प्यारो सन्तान
मैले त पृथ्वीलाई हिमालको थाप्लोबाट
झरिरहेका हिमनदीहरूमा देखेँ
जो बग्दैबग्दै समुद्रसम्म पुग्थे !

मैले त पृथ्वीलाई घना जंगलमा बाँचिरहेका
रुखपातहरूको हरियालीमा भेटेँ
जनावर, कीटपतङ र चराका आँखाहरूमा देखेँ !

तिमीले पृथ्वीलाई कहाँ देख्यौ ?
माफ गर मेरो प्यारो सन्तान
मैले तिमीलाई यो प्रश्न त्यतिवेला सोधिरहेको हुनेछु
जतिवेला
पृथ्वी अस्पतालको अप्रेसन थिएटरमा हुनेछ !

भ्याप्पै !



रवि मिश्र
@rabimishra



अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार १३ जेठ ०८०

१० वर्षको औसत बजेट खर्च ८१.३१ प्रतिशत मात्रै

न खर्च क्षमता बढ्यो, न प्रवृत्तिमा सुधार

अघिल्लो वर्षको वास्तविक खर्चभन्दा औसत ४४% बढाएर बजेट ल्याउने, तर खर्च गर्न नसक्ने प्रवृत्तिमा सुधार आवश्यक

कृष्ण रिजाल/नयाँ पत्रिका

नेपालमा अस्वाभाविक रूपमा ठूलो आकारको बजेट ल्याउने, तर खर्च गर्न नसक्ने प्रवृत्ति वर्षौंदेखि दोहोरिँदै आएको छ। पछिल्लो एक दशकमा सरकारको खर्च गर्ने क्षमता बढ्न नसके पनि अस्वाभाविक ठूलो आकारको बजेट ल्याउने प्रवृत्तिमा भने कुनै सुधार आएको देखिँदैन। अघिल्लो वर्षको वास्तविक खर्चभन्दा ७४ प्रतिशतसम्म बढाएर ठूलो आकारको बजेट ल्याउने प्रवृत्ति रहेको तथ्यांकले देखाउँछ।

पछिल्ला १० वर्षमा सरकारले अघिल्लो वर्षको वास्तविक खर्चभन्दा औसत ४४ प्रतिशत बढाएर बजेट ल्याउने गरेको छ। अर्थात्, अघिल्लो आर्थिक वर्षको वास्तविक खर्चभन्दा औसत साढे तीन खर्ब रुपैयाँ हाराहारीको आकार बढाएर बजेट ल्याउने गरेको देखिन्छ। स्रोत पनि जुटाउन नसक्ने, खर्च पनि नगर्ने, तर बजेटचाहिँ अस्वाभाविक रूपमा ठूलो बनाउने प्रवृत्तिले बजेटप्रतिको आमविश्वस्नीयता नै घटाउँदै लगेको विज्ञहरू बताउँछन्। सरकार र दलहरू जवाफदेही नहुँदा यस्तो प्रवृत्ति दोहोरिँदै आएको अर्थशास्त्री डा. विश्वास गौचनको भनाइ छ।

गएको आव ०७८/७९ मा सरकारले कुल १३ खर्ब नौ अर्ब रुपैयाँ खर्च गर्न सकेको थियो। तर, सरकारले आव ०७९/८० मा १७ खर्ब ९३ अर्ब रुपैयाँको बजेट ल्यायो। जुन गएको आवको वास्तविक खर्चभन्दा ३६.९७ प्रतिशतले बढी हो। आव ०७३/७४ मा सरकारले १० खर्ब ४८ अर्बको बजेट ल्याएको थियो। जुन अघिल्लो आव ०७२/७३ को वास्तविक खर्चभन्दा ७४.३७ प्रतिशतले बढी थियो। त्यसअघि ०७०/७१ मा सरकारले पाँच खर्ब १७ अर्बको बजेट ल्याएको थियो। जुन आव ०६९/७० को वास्तविक खर्चभन्दा ४४.४१ प्रतिशतले बढी थियो। यसरी खर्च गर्न नसके पनि ठूलो आकारको बजेट ल्याउने प्रवृत्तिमा भने सुधार नभएको तथ्यांकले देखाउँछ।



■ पछिल्ला १० वर्षयताको वार्षिक बजेट र वास्तविक खर्च

आर्थिक वर्ष	कुल बजेट	कुल खर्च	कुल खर्च प्रतिशत
०६९/७०	४ खर्ब ४ अर्ब	३ खर्ब ५८ अर्ब	८८.७ प्रतिशत
०७०/७१	५ खर्ब १७ अर्ब	४ खर्ब ३५ अर्ब	८४.१० प्रतिशत
०७१/७२	६ खर्ब १८ अर्ब	५ खर्ब ३१ अर्ब	८५.९६ प्रतिशत
०७२/७३	८ खर्ब १९ अर्ब	६ खर्ब १ अर्ब	७३.३४ प्रतिशत
०७३/७४	१० खर्ब ४८ अर्ब	८ खर्ब ३१ अर्ब	७९.२४ प्रतिशत
०७४/७५	१२ खर्ब ७८ अर्ब	१० खर्ब ८४ अर्ब	८४.८३ प्रतिशत
०७५/७६	१३ खर्ब १५ अर्ब	११ खर्ब १० अर्ब	८४.४४ प्रतिशत
०७६/७७	१५ खर्ब ३२ अर्ब	१० खर्ब ९१ अर्ब	७१.१८ प्रतिशत
०७७/७८	१४ खर्ब ७४ अर्ब	११ खर्ब ९६ अर्ब	८१.१५ प्रतिशत
०७८/८९	१६ खर्ब ३२	१३ खर्ब ९ अर्ब	८०.२२ प्रतिशत
०७९/८० (वैशाख मसान्तसम्म)	१७ खर्ब ९३ अर्ब	१० खर्ब ४८ अर्ब	५८.४१ प्रतिशत

स्रोत : महालेखा नियन्त्रक कार्यालय

औसत बजेट खर्च ८१.३१ प्रतिशत मात्रै

पछिल्ला १० वर्षयता सरकारले कुल विनियोजित बजेटको औसत ८१.३१ प्रतिशत मात्रै खर्च गर्न सकेको छ। १० वर्षयता सबैभन्दा बढी आव ०६९/७० मा विनियोजित बजेटको ८८.७ प्रतिशत खर्च हुन सकेको छ। सबैभन्दा कम आव ०७६/७७ मा ७१.१८ प्रतिशत मात्रै खर्च हुन सकेको देखिन्छ।

गएको आव ०७८/७९ मा सरकारले तीन खर्ब २३ अर्ब रुपैयाँ बजेट खर्च गर्न सकेन।

१६ खर्ब ३२ अर्ब रुपैयाँको बजेट ल्याएकोमा सरकारले १३ खर्ब नौ अर्ब रुपैयाँ मात्रै खर्च गर्न सकेको थियो। त्यसअघि आव ०७७/७८ मा दुई खर्ब ७८ अर्ब रुपैयाँ खर्च गर्न सकेको देखिँदैन। उक्त आवमा सरकारले १४ खर्ब ७४ अर्ब रुपैयाँको बजेट ल्याएकोमा ११ खर्ब ९६ अर्ब मात्रै खर्च हुन सकेको थियो।

■ आगामी बजेट कत्रो ?

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष संयोजक रहने स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षमा नेपाल सरकारको कुल स्रोत १६ खर्ब ८८ अर्ब रहने प्रारम्भिक अनुमान गरेको छ। जसअनुसार आगामी आवमा १७ खर्ब रुपैयाँ हाराहारीको बजेट आउने देखिन्छ। सरकारले अस्वाभाविक ठूलो बजेट ल्याउने प्रवृत्तिलाई तोडेर आगामी आर्थिक वर्षका लागि खर्चयोग्य छरितो बजेट ल्याउनुपर्ने अर्थशास्त्रीहरू बताउँछन्। 'अहिले हामी ठूलो बजेट ल्याउने अवस्थामा छैनौं। हाम्रो कार्यान्वयन गर्ने क्षमता पनि छैन। स्रोतको स्पेस साँघुरिँदै गएको छ,' डा. गौचनले भने, 'अहिले खर्चको परिमाणभन्दा पनि गुणस्तरबाट अर्थतन्त्रका समस्या सम्बोधन गर्ने हो।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

ठूलो बजेट ल्याएर खर्च नगर्ने प्रवृत्ति हटाउनुपर्छ



● **डा. विश्वास गौचन**, अर्थशास्त्री

हालको संविधान लागू भएपछिको ६ वर्षमा हाम्रो औसत सार्वजनिक खर्च जिडिपीको तुलनामा साढे २८ प्रतिशत हाराहारी देखिन्छ। हामीजस्तो विकासशील राष्ट्रका लागि त्यो आफैंमा ठूलो हो। बजेट जिडिपीको ३५ प्रतिशत हाराहारी देखिन्छ, तर डेलिभरी (खर्च)चाहिँ साढे २८ प्रतिशत हाराहारी छ। एकदमै ठूलो बजेट ल्याउने अनि कार्यान्वयन ८० प्रतिशत मात्रै हुने गरेको छ। त्यसमा पनि साधारण खर्च ९० प्रतिशत हाराहारी हुने अनि पुँजीगत खर्चचाहिँ निकै कम हुने प्रवृत्ति छ। यसलाई परिवर्तन गर्नैपर्छ। त्यसैले अब जिडिपीको २८ प्रतिशत हाराहारीको बजेट ल्याऔं। अनि जिडिपीको २५ प्रतिशत हाराहारी खर्च गरौं। यसमा पनि पुँजीगत खर्च बढाऔं, साधारण खर्च घटाऔं। ठूलो आकारको बजेट ल्याउने हो भने सरकारको ऋण धेरै बढ्छ। यसर्थ, वित्त कुशलता कायम गर्नुपर्छ। हामी ठूलो बजेट ल्याउने अवस्थामा छैनौं। हाम्रो कार्यान्वयन गर्ने क्षमता पनि छैन। स्रोतको स्पेस साँघुरिँदै गएको छ। अहिले खर्चको परिमाणभन्दा पनि गुणस्तरबाट अर्थतन्त्रका समस्या सम्बोधन गर्ने हो।

७२.४६ प्रतिशतले बढ्यो अलैंचीको निर्यात



काठमाडौं/ नेपालको कुल निर्यात घट्दा अलैंचीको निर्यात भने ७२.४६ प्रतिशतले बढेको छ। भन्सार विभागले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्ष ०७९/८० को १० महिनाको वैदेशिक व्यापारसम्बन्धी तथ्यांकले यस्तो देखाएको हो।

तथ्यांकअनुसार यस अवधिमा सात अर्ब २८ करोड १४ लाख रुपैयाँको अलैंची निर्यात भएको छ। जुन गत आवको सोही अवधिको तुलनामा तीन अर्ब पाँच करोड रुपैयाँले बढी हो। गत आवको सोही अवधिमा चार अर्ब २२ करोड १९ लाख रुपैयाँको अलैंची निर्यात भएको थियो। परिमाणका आधारमा यो वर्ष ८९ लाख २१ हजार ६ सय ७९ केजी अलैंची निर्यात भएको छ। गत आवका सोही अवधिमा ४६ लाख ७० हजार तीन सय ६३ केजी अलैंची निर्यात भएको थियो। नेपाली अलैंची प्रतिकेजी आठ सय रुपैयाँदेखि एक हजार रुपैयाँमा निर्यात हुने गर्छ।

विशेष गरी मसला उत्पादनमा प्रयोग हुने अलैंची भारतमा बढी निर्यात हुन्छ। समीक्षा अवधिमा भारतमा मात्रै सात अर्ब २६ करोड रुपैयाँको अलैंची निर्यात भएको छ। यसैगरी, पाकिस्तानमा एक करोड ९० लाख रुपैयाँ, इटालिमा १० लाख नौ हजार रुपैयाँ र जर्मनीमा ६ लाख ३५ हजार रुपैयाँको अलैंची निर्यात भएको छ।

नेपाल, भारत र भुटानमा अलैंची उत्पादन हुन्छ। यो वर्ष भारत र भुटानको अलैंची उत्पादन घटेको छ। तर, नेपालमा यसको उत्पादन ५० प्रतिशतले बढेको छ। सोही कारण अलैंचीको निर्यात बढेको नेपाल अलैंची व्यवसायी संघका अध्यक्ष निर्मल भट्टराईले बताए। उनले भने, 'अहिले नेपालको उत्पादन बढ्यो। तर, भारत र भुटानको उत्पादन भने घट्यो। त्यसले गर्दा नेपाली अलैंचीको माग बढ्दा निर्यात बढेको हो।'

अहिले नेपालमा १८ हजार हेक्टर जमिनमा अलैंची खेती भएको छ। तर, ३५ हजारदेखि ४० हजार हेक्टर जमिनमा अलैंची खेती गर्न सकिन्छ। समीक्षा अवधिमा नेपालको कुल निर्यात २४.४९ प्रतिशतले घटेको छ। गत आवको १० महिनामा एक खर्ब ७३ अर्बको निर्यात भएको थियो। तर, यसपालि त्यो एक खर्ब ३० अर्ब रुपैयाँमा झरेको छ। त्यो अवस्थामा अलैंचीको निर्यात भने दोहोरो अंकले बढेको हो।

डेढ दशकयता बनेका र बन्दै गरेका ठूला आयोजना

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बितेको डेढ दशकमा अपेक्षाकृत भौतिक विकास नभए पनि विद्युत्, सडक, सिँचाइजस्ता क्षेत्रमा सन्तोषजनक प्रगति छ। यसबीचमा ठूला विद्युत् आयोजना, अन्तरदेशीय प्रसारण लाइन, उत्तर र दक्षिणमा रहेका दुई छिमेकी देश जोड्ने लोकमार्ग निर्माणजस्ता विषयले नागरिकलाई केही आस गर्न सक्ने ठाउँ दिएको छ। निर्माण सम्पन्न भएका र बन्दै गरेका केही ठूला आयोजना :

■ पेट्रोलियम पाइपलाइन

दक्षिण एसियाकै पहिलो अन्तरदेशीय पेट्रोलियम पाइपलाइन 'मोतीहारी-अमलेखगन्ज पाइपलाइन' साढे तीन वर्षअघि नै पूरा भइसकेको छ। भारतको मोतीहारीदेखि नेपालको अमलेखगन्जसम्म ६९.२ किलोमिटर बिछ्याइएको पाइपलाइन २४ भदौ ०७६ देखि सञ्चालनमा आएको हो। नेपाल-भारत पेट्रोलियम पाइपलाइन परियोजनाको दोस्रो चरणको कामले पनि तीव्रता पाइरहेको छ।

■ चोभार सुक्खा बन्दरगाह

काठमाडौंको चोभार सुक्खा बन्दरगाह ०७८ देखि सञ्चालनमा आएको छ। नेपाल र विश्व बैंकबीच जेठ ०७० मा भएको सम्झौताअनुसार ०७५ मा निर्माण सम्पन्न गर्ने सम्झौता भएकोमा तीन वर्षपछि असार ०७८ मा निर्माण सकिएको हो।

■ भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय एयरपोर्ट

काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टिआइए) सञ्चालनमा आएको ७२ वर्षपछि जेठ ०७९ मा दोस्रो विमानस्थलका रूपमा भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पुस ०७९ मा तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएका छन्।

■ वीरगन्जमा नेपालकै पहिलो आइसिपी

यसबीचमा नेपालकै पहिलो वीरगन्ज एकीकृत भन्सार जाँचचौकी (आइसिपी) सञ्चालनमा आएको छ। सन् २०१० मा निर्माण सुरु गरिएको यो आयोजना एक अर्ब ४० करोड रुपैयाँ लागतमा सन् २०१८ मा सञ्चालनमा आएको छ।

■ विराटनगर आइसिपी

विराटनगरको एकीकृत जाँचचौकी (आइसिपी) पनि सञ्चालनमा आएको छ। ०७६ माघदेखि उक्त आइसिपी सञ्चालनमा आएको हो। भारतको सहयोगमा बनेको आइसिपी सञ्चालनमा आएपछि विराटनगरबाट हुने वैदेशिक व्यापार सहज हुँदै आएको छ।

■ जनकपुर-जयनगर रेल सेवा

नेपाल-भारत सीमापार रेलमार्ग तथा रेल सेवाका रूपमा जनकपुर-जयनगर रेलमार्ग सञ्चालनमा आएको छ। १९ चैत ०७८ मा रेल सेवाको उद्घाटन भएको हो।

■ सोलु दूधकोसी जलविद्युत्

निजी क्षेत्रको सबैभन्दा ठूलो जलविद्युत् आयोजना सोलुखोला (दूधकोसी) जलविद्युत् आयोजना ०७४ सालमा निर्माण सुरु भएर २७ माघ ०७९ देखि सञ्चालनमा आइसकेको छ। कुल क्षमता ८६ मेगावाट रहेको यो आयोजना साहस ऊर्जा कम्पनीले १४ अर्ब लागतमा स्वदेशी लगानीमा बनाएको हो।



अपर तामाकोसी जलविद्युत्

चार सय ५६ मेगावाट क्षमताको यो जलविद्युत् आयोजना सञ्चालनमा रहेको सबैभन्दा ठूलो जलविद्युत् आयोजना हो। राष्ट्रिय गौरवको आयोजनामा समेत समावेश यो आयोजना ०६७ सालमा निर्माण सुरु भए पनि असार ०७८ देखि मात्र सञ्चालनमा आएको हो। ८४ अर्ब लागतको यो आयोजना पूर्णतः स्वदेशी लगानीमा बनेको हो।

■ चार सय केभीको ढल्केबर सबस्टेसन

यस अवधिमा देशकै ठूलो र स्वचालित ढल्केबर विद्युत् सबस्टेसन पनि बनेको छ। चार सय केभी क्षमता भएको उक्त सबस्टेसन माघ ०७७ देखि सञ्चालनमा छ। यसलाई काठमाडौंको स्युचाटारबाटै कन्ट्रोल गर्न सकिन्छ।

■ ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइन

यस अवधिमा नेपाल-भारत पहिलो अन्तरदेशीय विद्युत् प्रसारण लाइन चार सय केभी (ढल्केबर-मुजफ्फरपुर) पनि बनेको छ। फागुन ०७२ मा उद्घाटन गरिएको उक्त प्रसारण लाइनको क्षमता चार सय केभी डबल सर्किट रहेको छ। १२ सय मेगावाटसम्म विद्युत् आदान-प्रदान गर्न सकिने यही प्रसारण लाइनमार्फत नेपाल-भारतबीच विद्युत् व्यापार भइरहेको छ।

■ नौ सय मेगावाटको अरुण तेस्रो

नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माणाधिन अवस्थामा छ। ०७५ सालमा एक खर्ब ४४ अर्ब अनुमानित लागतमा निर्माण सुरु गरिएको निर्यातमा आधारित उक्त आयोजनाबाट नेपालले निःशुल्क २१.०९ प्रतिशत बिजुली पाउनेछ। ०८१ सालमा निर्माण सम्पन्न हुने अपेक्षा गरिएको यो आयोजनाबाट नेपालले एक खर्ब ५० अर्ब रुपैयाँ रोयल्टी र ७७ अर्ब रुपैयाँ आयकर पाउनेछ। कम्पनीले आयोजना सञ्चालनमा ल्याएको २५ वर्षपछि नेपाल सरकारलाई निःशुल्क हस्तान्तरण गर्नुपर्नेछ।

■ मध्यपहाडी लोकमार्ग

राष्ट्रिय गौरवको आयोजनाका रूपमा मध्यपहाडी लोकमार्ग निर्माण भइरहेको छ। पूर्वदेखि पश्चिमसम्मका अधिकांश पहाडी जिल्लाहरूलाई जोड्ने यो आयोजना १,८७९ किलोमिटर लम्बाइको छ। करिब १३ सय किलोमिटर कालोपत्रे भइसकेको यो आयोजना आव ०६४/६५ देखि निर्माण सुरु भएको थियो। कुल ८४ अर्ब ३३ करोड रुपैयाँ लागत अनुमान गरिएको यो आयोजना आव ०८४/८५ भित्र सम्पन्न गर्ने प्रस्ताव गरिएको छ।

■ हुलाकी राजमार्ग

तराईमा हुलाकी राजमार्गका रूपमा अर्को पूर्व-पश्चिम राजमार्गसमेत बनेको छ। तराईका भित्री बस्तीलाई छुँदै अघि बढ्ने उद्देश्यसहित सुरु गरिएको हुलाकी राजमार्गको निर्माण आव ०६४/६५ मा सुरु भएको हो। आयोजनाको संशोधित लागत अनुमान ८४ अर्ब ३३ करोड रुपैयाँ छ।

■ कालीगण्डकी करिडोर

यो अवधिमा कालीगण्डकी करिडोरको निर्माण पनि अन्तिम चरणमा पुऱ्याइएको छ। यसलाई गैंडाकोट-रामदी-मालढुंगा र बेनी-जोमसोम-कोरला गरेर दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको छ। हालसम्म दुवै खण्डको ट्रयाक खुलिसकेको छ र अधिकांश ठाउँमा कालोपत्रे पनि भइसकेको छ। यो आयोजनाको निर्माण आव ०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य छ।

■ कर्णाली करिडोर (हिल्सा-सिमिकोट)

आव ०६९/७० देखि निर्माण सुरु गरिएको कर्णाली करिडोरअन्तर्गतको हिल्सा-सिमिकोट खण्ड ६ अर्ब ६६ करोड रुपैयाँ लागत अनुमानसहित निर्माण भइरहेको छ। आयोजना ०८२/८३ सम्ममा सम्पन्न गर्नुपर्नेछ।

■ कोसी करिडोर

कुल एक सय ६२ किलोमिटर लामो हुने कोसी करिडोरको हालसम्म एक सय ५० किमि ट्रयाक खुलिसकेको छ। त्यस्तै, ५५ किमि ग्राभेल र आठवटा पुल निर्माण सम्पन्न भएका तथा दुईवटा पुल निर्माण चरणमा रहेका छन्। आव ०६५/६६ मा निर्माण सुरु गरिएको यो आयोजना आव ०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

■ चक्रपथ सडक विस्तार

काठमाडौं उपत्यका भित्री चक्रपथको कोटेश्वर-एकान्तकुना-कलंकी खण्डको ११.६ किलोमिटर सडक पनि विस्तार ०७५ सालमै सम्पन्न गरिएको थियो। सोहीअन्तर्गत कलंकी चोकमा अन्डरपास सडकसमेत बनाइएको छ। अहिले चिनियाँ अनुदानमै चक्रपथको दोस्रो खण्ड (कलंकी-बसुन्धरा)को ८.४ किमि सडक विस्तार गरिँदै छ।

■ बिपी राजमार्ग

काठमाडौंलाई पूर्वी नेपाल र मधेसलाई छोटो दूरीमा जोड्ने बिपी राजमार्ग पनि तयार भएको छ। जापान सरकारको सहयोगमा बनेको उक्त सडक ०७२ मा नेपाललाई हस्तान्तरण गरेको थियो। एक सय ६० किलोमिटर लम्बाइको यो सडक ०५२ सालदेखि निर्माण सुरु भएको थियो।

■ नागढुंगा सुरुङ

नेपालकै पहिलो आधुनिक सुरुङमार्ग अर्थात् नागढुंगा टनेलको पनि निर्माण सुरु भएको छ। केही महिनामै ब्रेक थ्रु हुने योजनामा रहेको यो सुरुङमार्ग विशेष गरी पश्चिमतर्फबाट काठमाडौं प्रवेश गर्ने सवारीसाधनलाई लक्षित गरेर बनाउन लागिएको हो। नौबिसेको सिस्ने खोलाबाट सुरु हुने यो सुरुङ काठमाडौंको सतुंगलनजिकको बस्नेत छापमा जोडिनेछ। यसमा मेन र सहायक गरेर दुई सुरुङ हुनेछन्। मुख्य सुरुङमार्गको कुल लम्बाइ ६.६८ किमि रहेको छ। त्यस्तै, सहायक सुरुङमार्गको लम्बाइ २.५५ किमि छ। जापनिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले डिसेम्बर ०२२ देखि निर्माण सुरु गरेको यसको निर्माण जुलाई ०२४ भित्र नै सम्पन्न गर्ने योजना रहेको छ।

■ कोठियाघाट पुल

देशकै सबैभन्दा लामो मोटरेबल पुलका रूपमा बर्दियाको कोठियाघाट पुल निर्माण भएको छ। उक्त पुल कर्णालीको भँगालो गेरुवा नदीमा बनेको हो। कात्तिक ०६७ मा निर्माण सुरु भई असोज ०७१ मा निर्माण सम्पन्न भएको यो पुलको लम्बाइ एक किलोमिटर १५ मिटर रहेको छ।

■ महाकालीमा पक्की पुल

कञ्चनपुरको महाकली नदीमा चार लेनको पक्की मोटरेबल पुल पनि बनेको छ। ०७४ बाट सुरु गरिएको उक्त आयोजनाको निर्माण भदौ ०७९ मा सम्पन्न भएको हो। यो पुल बनेपछि कञ्चनपुरको दोधारा-चाँदनीमा बन्न लागेको सुक्खा बन्दरगाहका साथै त्यहाँका बासिन्दालाई महेन्द्रनगर आउन सजिलो भएको छ।

■ मेलम्ची खानेपानी

मेलम्ची खानेपानी आयोजना पनि सञ्चालनमा आएको छ। काठमाडौंमा खानेपानी आपूर्तिका लागि यो आयोजना ०६६ सालमा निर्माण सुरु गरी ०७७ मा सञ्चालनमा आएको हो। यो आयोजना ३१ करोड २० लाख अमेरिकी डलरमा निर्माण भएको हो। यद्यपि, बाढीपहिरोलगायतका प्राविधिक समस्याका कारण यो आयोजना सञ्चालनमा चुनौती भइरहेको छ।

■ गोदावरी सम्मेलन केन्द्र

यसबीचमा ललितपुरको गोदावरीमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पनि तयार भएको छ। गोदावरी सनराइज सम्मेलन केन्द्र वैशाख ०७८ देखि सञ्चालनमा आएको हो। सहरी विकास मन्त्रालयले कात्तिक ०७६ मा उक्त सम्मेलन केन्द्रको निर्माणमा सुरु गरेको थियो। यसमा ८१ करोड रुपैयाँ खर्च भएको थियो। यस सम्मेलनमा तीन हजार सिट रहेको छ। यसको निर्माण भएपछि अन्तर्राष्ट्रियस्तरको सम्मेलन गर्न सहज हुने देखिन्छ।

सिँचाइ क्षेत्रमा बनेका आयोजना

सिँचाइतर्फ पनि यसबीचमा थुप्रै प्रगति भएका छन्। सिँचाइमा सहयोग पुग्ने गरी देशका विभिन्न ठाउँमा सानादेखि ठूला सिँचाइ आयोजना बनेका छन्। सुनसरी-मोरङ सिँचाइ आयोजना, बागमती सिँचाइ आयोजना, पालुङटार-कुन्डुटार सिँचाइ आयोजना यसका उदाहरण हुन्। साथै, यसबीचमा केही ठूला सिँचाइ आयोजनाको निर्माण पनि अघि बढेको छ। त्यसमा ६ वटा राष्ट्रिय गौरवका आयोजना समावेश छन्। यसबीचमा सिक्टा, महाकाली-बबई, भेरी-बबई, सुनकोसी-मरिन डाइभर्सन र रानीजमरा कुलरिया सिँचाइ आयोजनालाई राष्ट्रिय गौरवमा राखेर अघि बढाइएको छ।

■ सिक्टा सिँचाइ आयोजना

राष्ट्रिय गौरवको सिक्टा सिँचाइ आयोजना पनि आंशिक रूपमा सञ्चालनमा आइसकेको छ। यद्यपि, यो आयोजनाको निर्माण कार्य सम्पन्न भइसकेको छैन। आव ०६२/६३ देखि निर्माण सुरु गरिएको यो आयोजना आव ०८९/९० सम्ममा निर्माण सम्पन्न गर्ने गरी सिँचाइ विभागले प्रस्ताव अघि बढाएको छ। बाँकेको राप्ती नदीमा बाँध निर्माण गरी राप्तीपश्चिम दायाँतर्फ ३३ हजार सात सय ६६ हेक्टर र राप्तीपूर्व बायाँतर्फ नौ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य आयोजनाको छ। यसमा अनुमानित लागत २७ अर्ब ५० करोड रुपैयाँ रहेको छ।

■ भेरी-बबईको सुरुङ निर्माण

भेरी-बबई डाइभर्सन सिँचाइ आयोजनाअन्तर्गतको सुरुङ तयार भएको छ। सिँचाइ आयोजनामा नदी डाइभर्सनका लागि नेपालमा बनेको यो पहिलो सुरुङ हो। भेरीको पानी बबईमा खसाल्न बनाइएको यो सुरुङको लम्बाइ १२.२१ किलोमिटर छ। २० कात्तिक ०७४ देखि थालिएको सुरुङ निर्माणका लागि नेपालमै पहिलोपटक अत्याधुनिक टनेल बोरिङ मेसिन (टिबिएम) प्रविधिको प्रयोग गरिएको यो आयोजनामा ०७७ भदौमा सुरुङको काम सम्पन्न भएको थियो। १० अर्ब ५६ करोड ९७ लाखमा निर्माण भएको सुरुङबाट भेरीको पानी प्रतिसेकेन्ड ४० घनमिटरका दरले बबई नदीमा खसाल्न सकिन्छ। यद्यपि, आयोजनाको अरू काम चुस्त गतिमा अघि बढेको छैन। सुर्खेत, बर्दिया र बाँके जिल्लाको ऊर्जा, सिँचाइ र जलाधार संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यसहित आव ०६७/६८ मा यसको निर्माण अघि बढाइएको थियो।

■ बबई सिँचाइ आयोजना

यस अवधिमा राष्ट्रिय गौरवको बबई सिँचाइको पनि प्रगति राम्रो देखिएको छ। ०४५/४६ मा नै यसको निर्माण सुरु भएको थियो। तर, लामो समयसम्म यसको निर्माणले गति लिएको थियो। तर, अहिले यसको भौतिक प्रगति ६७.५० प्रतिशत हाराहारी छ। बर्दियाको ३६ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यसहित अघि बढाएको यसको निर्माण ०८२/८३ भित्र सक्ने लक्ष्य छ। यसका लागि १८ अर्ब ९६ करोड रुपैयाँ अनुमान गरिएको छ।

■ रानीजमरा कुलरिया सिँचाइ आयोजना

यस अवधिमा रानीजमरा कुलरिया सिँचाइ आयोजनाको प्रगति पनि राम्रो देखिएको छ। कैलाली जिल्लाको ३८ हजार तीन सय हेक्टर जमिनमा सिँचाइ सेवा उपलब्ध गराउने उद्देश्यसहित आव ०६७/६८ मा यस आयोजनाको निर्माण अघि बढाइएको थियो।

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७० शनिबार १३ जेठ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

नेपालको ह्याट्रिक सपना अधुरै

लगातार दुईपटक उपाधि जितेको नेपाल घरेलु कोर्टमा कजाकिस्तानसँग ३-२ को सेटमा पराजित, अब आइतबार तेस्रो स्थानका लागि उज्वेकिस्तानसँग खेल्ने

रमेश सुवेदी/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय भलिबलको वरीयतामा ४५औँ स्थानमा रहेको कजाकिस्तान काभा महिला भलिबल च्यालेन्ज कपको फाइनलमा पुगेको छ। त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा शुक्रबार कजाकिस्तानले साबिक दुईपटकको विजेता नेपाललाई २-३ को प्रतिस्पर्धात्मक सेटमा हराउँदै भारतसँगको उपाधि भिडन्त पक्कासमेत गरेको छ। कजाकिस्तान पहिलो सहभागितामै उपाधिनजिक पुगेको छ। दोस्रो सेमिफाइनलमा नेपालले दोस्रो २५-१६ र तेस्रो १५-१५ ले जित्दै बलियो प्रतिद्वन्द्वी कजाकिस्तानमाथि दबाब राखेको थियो। तर, चौथो र पाँचौँ सेटमा आफ्नै सामान्य कमजोरीका कारण नेपाली खेलाडीले १५-७ ले गुमाउन पुगे। पाँचौँ सेटमा पुनरागमन गर्न नसक्दा नेपालको उपाधिमाथि ह्याट्रिक गर्ने सपना अधुरै भयो।

सेमिफाइनलमा २-१ को सेटले पछि परेको कजाकिस्तानले उत्कृष्ट पुनरागमन गर्दै चौथो २५-१८ र पाँचौँ सेटमाथि १५-७ को सहज जित निकाल्यो। कजाकिस्तानले अब आइतबार भारतको सामना गर्नेछ। भारतले पहिलो सेमिफाइनलमा उज्वेकिस्तानलाई सोझो ३-० को सेटमा पराजित गरेको थियो। नेपालले तेस्रो स्थानका उज्वेकिस्तानसँग खेल्नेछ। सेन्ट्रल एसियन भलिबल एसोसिएसन र नेपाल भलिबल संघको संयुक्त आयोजनामा भएको प्रतियोगितामा नेपाल लगातार दोस्रो खेलमा पराजित भयो।

समूह 'ए'को खेलमा किर्गिस्तान र बंगलादेशलाई ३-० को सोझो सेटमा हराएको नेपालले अन्तिम खेलमा भारतसँग ३-१ को सेटमा पराजित भएको थियो। नेपालले सन् २०१९ र २०२१ मा बंगलादेशमा भएको दुवै संस्करण जितेको थियो। बेल्जियम प्रशिक्षक जान डी ब्रान्टको प्रशिक्षणमा नेपालले घरेलु मैदानमा उपाधि जित्ने योजना बनाएको थियो। घाइते भएकी स्पाइकर प्रतिभा मालीविना मैदान उत्रिएको नेपाल भारत र कजाकिस्तानविरुद्ध निरीह बन्यो।

नेपाल रिसिभमा चुक्यो

प्रशिक्षक ब्रान्टले सुरुमै गल्ती कम गर्दा नेपाल ३-० ले हुने जनाए। 'दोस्रो र तेस्रो सेट राम्रो भयो, पहिलो सेटमा ५-६ रिसिभ गुमायौँ, रिसिभ राम्रो भएको भए हामी ३-० ले विजयी हुन्थ्यौँ,' ब्रान्टले खेलपछि भने। ब्रान्टले भारत र कजाकिस्तानसँगको प्रतिस्पर्धामा नेपाली खेलाडीको प्रदर्शनबाट आफू सन्तुष्ट रहने बताए। 'भारत कजाकिस्तानका खेलाडी राम्रा छन्, हामीले पर्याप्त अभ्यास र मैत्रीपूर्ण खेलबिना यतिको खेल खेल्नु राम्रो हो,' उनले थपे। कप्तान अरुणाले पहिलो सेटमा कमजोर भए पनि दोस्रो र तेस्रो सेटमा कमब्याक गरेको प्रतिक्रिया दिइन्।

उनले टोलीको प्रदर्शनमा पनि सन्तुष्ट रहनुपर्ने बताइन्। 'पहिलो सेटमा ५-६ सर्भिस गुमायौँ। दोस्रो र तेस्रो सेट हाम्रो पक्षमा आयो। बाँकी सेटमा हामीले राम्रो गर्न सकेनौँ,' दुईपटक नेपाललाई उपाधि जिताएकी कप्तान अरुणाले भनिन्, 'हामीसँगै सहभागी टोली बलिया थिए। उनीहरूसँग यतिको स्तरीय खेल प्रदर्शन गर्नु नै राम्रो हो। यस प्रतियोगिताबाट धेरै सिकेका छौँ।'



राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा नेपाली खेलाडीको प्रहार रोक्दै कजाकिस्तानका खेलाडी। तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

■ प्रतिस्पर्धात्मक सेमिफाइनल

पहिलो सेटमा सरस्वती चौधरी र उषा भण्डारीले उत्कृष्ट प्रदर्शन गर्दा खेल निकै प्रतिस्पर्धात्मक बनेको थियो। सरस्वतीले ६ अंक लिँदा उषाले पाँच अंक बटुलिन्। प्रशिक्षक ब्रान्टले स्पाइकरमा उषा र सरस्वतीसँगै निरुता ठगुन्नालाई अवसर दिएका थिए। मिडब्लकमा सफिया पुन र संगम महतो रहँदा लिबेरोमा सलिना श्रेष्ठ रहिन्। सेटरमा कप्तान अरुणाले कमान्ड सम्हालेकी थिइन्। पहिलो सेटमा निरुता र साफिया पुनले स्पाइकबाट समान तीन अंक लिएका थिए।

दोस्रो सेटमा नेपालले सहज जित निकाल्यो। २३ मिनेट चलेको खेलमा नेपालले कुनै पनि समय कजाकिस्तानलाई सहज हुन दिएन। सरस्वती र साफियाले समान चार अंक बटुले। निरुताले स्पाइकरबाट तीन अंक हात पारिन्। तेस्रो सेटको समाप्तिसम्म नेपालको सर्भिस, रिसिभ र डिफेन्स पक्षमा पकड देखियो। ब्लकमा नेपाललाई कुनै समस्या नै भएन। ३० मिनेट चलेको तेस्रो सेटमा उषाले स्पाइकबाट सर्वाधिक पाँच अंक लिइन्।

निरुताले चार र सरस्वतीले तीन अंक हात पारे। सर्भिसमा निरुताले यसै ओभरमा सात अंक पाइन्। चौथो सेट र पाँचौँ सेटमा नेपालको ब्लक, सर्भिस, रिभिस र डिफेन्स निकै कमजोर देखियो। चौथो सेट २५-१८ ले हार्दा स्पाइकरमा उषाले चार र वैकल्पिक खेलाडी पुनमले तीन अंक जोडेका थिए। पाँचौँ तथा अन्तिम सेटमा नेपालले कुनै पनि समयमा कजाकिस्तानलाई चुनौती प्रस्तुत गर्न सकेन। निर्णायक सेटमा नेपालले लगातार नौ अंक गुमाएको थियो। पाँचौँ सेटमा नेपाल कुनै समय १०-२ ले पछाडि रहेको थियो।

■ भारत फाइनलमा

समूह 'ए'को विजेता भारतले समूह 'बी'को उपविजेता उज्वेकिस्तानलाई पराजित गर्दै उपाधिनजिक पुगेको छ। पहिलो सहभागितामै भारत फाइनलमा पुगेको हो। कमजोर उज्वेकिस्तानविरुद्ध भारतले खेल २५-१७, २५-२० र २५-१५ ले आफ्नो पक्षमा पार्‍यो। समूह चरणमा भारतले नेपालसँगै बंगलादेश र किर्गिस्तानलाई हराएको थियो।

प्रतियोगिताको पहिलो सेमिफाइनलमा भारतले उज्वेकिस्तानलाई तीनवटै सेटम दबाब राखेको थियो। उज्वेकिस्तानले दोस्रो सेटमा खेलमा फर्कने प्रयास गरेको थियो।

पुरुष क्रिकेटमा चितवनलाई स्वर्ण



नयाँ पत्रिका

चितवनले दोस्रो बागमती प्रदेश खेलकुदमा शुक्रबार पुरुष क्रिकेट प्रतियोगितामा स्वर्ण जितेको छ। महिलामा काठमाडौं च्याम्पियन बनेको छ। चितवनस्थित गौतम बुद्ध क्रिकेट मैदानमा पुरुषतर्फको उपाधि भिडन्तमा चितवनले ललितपुरमाथि ३६ रनको जित निकाल्यो। एक सय ६७ रनको लक्ष्य पछ्याएको ललितपुरले आठ विकेट गुमाउँदै एक सय ३० रन मात्र जोडेको थियो। चितवनका बलरले उत्कृष्ट बलिङ गरेपछि ललितपुरका ब्याट्समयान लामो समयसम्म क्रिजमा टिक्न सकेनन्। चितवनका बलर दिवस आचार्यले पाँच विकेट लिँदै ललितपुरको इनिङ्स धराशायी बनाए। उनले चार ओभरमा १५ रन मात्र खर्चिए।

दीपेश श्रेष्ठले दुई तथा गौतम केसीले एक विकेट लिँदै ललितपुरलाई सस्तैमा रोके। ललितपुरका विवेक रानामगर २७ रनमा नटआउट रहे। आशुतोष घिरैया २५ रन, रोनिम तिवारीले १६ रन र आरस तामाङले १४ रन बनाए। यसअघि चितवनले २० ओभरमा सात विकेट गुमाउँदै एक सय ६६ रनको योगफल जोड्यो। चितवनले २.१ ओभरमा नै दुई विकेट गुमाउँदा ११ रन मात्र जोडेको थियो। ललितपुरका बलर प्रसिद्ध बज्राचार्यले ओपनर साकार ढकाललाई चार रनमा र सन्तोष न्यौपानेलाई एक रनमा आउट पारे। तेस्रो विकेटका लागि ओपनर पाल्देन लामा र जेनिस महतले ५३ रनको अर्धशतकीय साझेदारी गरे। ललितपुरका बलर प्रसिद्धले तीन विकेट लिए। विवेक रानामगरले दुई तथा युनिस थापा र आदिल खानले एक विकेट लिए। प्रतियोगितामा काठमाडौंका इसान पाण्डे प्लेयर अफ दी सिरिज भए। काठमाडौंकै मनोज यादव उत्कृष्ट बलर र चितवनका प्रतीक श्रेष्ठ उत्कृष्ट ब्याट्समान बने।

मकवानपुरको दुवै टोली फाइनलमा

मकवानपुरको पुरुष र महिला टोली रग्बीको फाइनलमा प्रवेश गरेका छन्। पिप्ले क्याम्पा रंगशालामा भएको पहिलो सेमिफाइनलमा मकवानपुरले महिलातर्फ चितवन र पुरुषमा रामेछापमाथि जित निकालेको थियो। महिला मकवानपुरले चितवनलाई ४९-० को फराकिलो अन्तरले हरायो। मकवानपुरको जितमा मनीषा घिसिङ एक्लैले पाँच ट्राई गरिन्। पुरुषमा मकवानपुरले रामेछापमाथि २५-० ले हरायो। महिलातर्फको अर्को सेमिफाइनलमा ललितपुरले काठमाडौंमाथि ७-० ले हरायो। पुरुषकै अर्को सेमिफाइनलमा भक्तपुरले काभ्रेलाई २९-० स्कोरले हरायो। पुरुषतर्फ आठ र महिलामा पाँच जिल्लाले प्रतिस्पर्धा गरेका थिए।

खेल संक्षेप

नौ खेलकर्मी सम्मानित

काठमाडौं/ युवा तथा खेलकुद मन्त्रालयले ६ खेलाडीसहित प्रशिक्षक, निर्णायक र खेल चिकित्सक गरी नौजनालाई नगदसहित शुक्रबार सम्मान गरेको छ। खेलाडीतर्फ उसुका विश्व बुढामगर र मीना ग्लान, तेक्वान्दोका गीता विष्ट, नीरज देउवा र प्रेमकुमार दर्नाल तथा पारा बास्केटबल खेलाडी रामबहादुर तामाङ सम्मानित भए। प्रशिक्षकमा करौंतेकी तारा गुरुङ श्रेष्ठ, निर्णायकमा तेक्वान्दोका दीपेन्द्र ढकाल र खेल चिकित्सकमा प्रा.डा. नवीसमानसिंह प्रधान सम्मानित भए। सबैलाई जनही एक लाखसहित प्रशंसापत्र प्रदान गरी सम्मान गरियो। यसैबीच खेलकुद मन्त्रालयले १० जनालाई खेल पत्रकारिता समान तथा प्रोत्साहन पुरस्कारबाट सम्मान गरेको छ। यसैगरी, सेतोपाटी अनलाइनका सीताराम कोइराला खेलकुद पत्रकारिताबाट सम्मानित भएका छन्। उनले ५० हजार रुपैयाँ पाए।

मास्टर्स ओपन टेबलटेनिस आजदेखि

काठमाडौं/ स्ट्याग च्याम्पियन्स टेबलटेनिसको आयोजनामा विन्ध्यवासिनी मास्टर्स खुला टेबलटेनिस प्रतियोगिता शनिबारदेखि पोखरामा हुने भएको छ। प्रतियोगितामा पुरुष ४० वर्षमाथि, ५० वर्षमाथि, ६० वर्षमाथि र डबल्स गरी चार स्पर्धामा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक राकेश महर्जनले जनाएका छन्। प्रत्येक स्पर्धाका विजेताले १० हजार, उपविजेताले पाँच हजार र तेस्रो हुनेले दुई हजार पाँच सय नगद पुरस्कार प्राप्त गर्नेछन्। प्रतियोगितामा विभिन्न आठ जिल्लाका एक सय ६ खेलाडी सहभागी हुनेछन्। तीनदिने प्रतियोगिताका खेलहरू पोखरास्थित श्री स्याङ्जा रापाकोट तनहुँ मिलिजुली समाजमा हुनेछन्।

■ 'ए' डिभिजन क्लबहरूको गुनासो

एन्फामा भद्रगोल भयो

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा दशरथ रंगशाला, च्यासल तथा सातदोबाटोको एन्फा कम्प्लेक्समा सहिद स्मारक 'ए' डिभिजन लिग चलिरहेको छ। डबल राउन्ड रोबिनअनुसार लिगमा २१औँ चरणका खेल सकिएका छन्। चर्च ब्वाइज, मच्छिन्द्र तथा जावलाखेलबीच उपाधि होडबाजीमा त्रिकोणात्मक बनिरहेको छ। एक किसिमले लिग क्लाइमेक्सतिर अग्रसर भइरहेको छ। तर, लिगमा सहभागी १४ मध्ये १० टोलीका पदाधिकारीले आयोजक एन्फाले सञ्चालन गतिलोसँग नगरेको दाबी गरेका छन्।

फितलो व्यवस्थापनका कारण लिगमा धेरै विवाद आएपछि र एन्फाको पछिल्लो कार्यशैलीबाट असन्तुष्ट बनेका ती १० क्लबका पदाधिकारीले शुक्रबार पत्रकार सम्मेलन गर्दै आफ्नो दुखेसो पोखेका हुन्। एन्फाले क्लबहरूसँग गरेको सम्झौताअनुसार २१औँ चरणको खेल सुरु हुँदा पनि एन्फाले काम नगरेको क्लबका पदाधिकारीले आरोप लगाएका छन्। सम्झौताअनुसार सहभागी क्लबलाई एन्फाले तीन किस्तामा गरी तयारी खर्चबापत ३२ लाख ५० हजार रुपैयाँ दिनुपर्ने थियो। तर, एन्फाले अहिलेसम्म क्लबहरूलाई १५ लाखभन्दा बढी दिन सकेको छैन।

'हामीले पाँचौँ चरणपछिको तयारी खर्च पाउन सकेका छैनौँ,' पत्रकार सम्मेलनमा सहभागी पदाधिकारीको सामूहिक आवाज थियो, 'तयारी खर्च र म्याच फी पाउन हामीले एन्फालाई बारम्बार ताकेता गरेका थियौँ, अझैसम्म कार्यान्वयन भएको छैन।' एन्फाको असामान्य व्यवहारपछि असन्तुष्ट क्लबका पदाधिकारीले एन्फालाई ज्ञापन पत्रसमेत नबुझाएका होइनन्। ज्ञापनपत्र बुझाउँदा एन्फालाई एक हप्ताको भाका दिइएको थियो। तर, एन्फाले चार महिना बित्दासमेत वास्ता नगरेको आरोप उनीहरूको छ।



सहिद स्मारक 'ए' डिभिजन लिग फुटबलमा शुक्रबार नेपाल पुलिस क्लबले खुमलटारलाई २-० ले हराएको छ। जितसँगै पुलिसले २१ खेलमा २८ अंक बनायो। तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

'हामीले तयारी खर्चबापतको दोस्रो र तेस्रो किस्ताको रकम पाउन सकेका छैनौँ, म्याच मनी र प्लेयर अफ द म्याचले पाउने पैसा पनि दिइएको छैन,' संकटा क्लबका अध्यक्ष इन्द्रमान तुलाधरले भने, 'खेलतालिका पुनर्विचार गर्नका लागि पटक-पटक भन्यौँ, अहिले एक दिनको अन्तरमा पनि खेल खेल्नुपर्ने अवस्था छ।'

एन्फालाई आर्थिक अभाव छैन

एन्फाका पूर्वमहासचिवसमेत रहेका संकटा क्लबका अध्यक्ष तुलाधरले वर्तमान समयमा एन्फालाई कुनै आर्थिक अभाव र समस्या नभएको बताएका छन्। पछिल्लो समयमा एन्फाले आर्थिक अभावकै कारण नेपालले एएफसी यू-२३ छनोटमा सहभागिता नजनाएको निर्णय गरेको थियो। एन्फाको सो निर्णयमाथि घुमाउरो रूपमा प्रतिक्रिया दिँदै तुलाधरले भने, 'नेम्वाङको नयाँ कार्यसमिति आउँदा फिफाबाट प्राप्त तीन लाख अमेरिकी डलर खातामा थियो, सम्भवतः अहिले त्यसमा रकम थपिएको हुनुपर्छ, यसै कारण एन्फामा आर्थिक अभाव भएको म देख्दिनँ।'

तुलाधरले एन्फाका पदाधिकारी विदेश भ्रमणमा जाँदा आर्थिक अभाव नहुने टिप्पणी गरेका छन्। 'पदाधिकारी विदेश भ्रमणमा जाँदा कुनै समस्या नहुने, तर एएफसीको प्रतियोगितामा सहभागी हुन आर्थिक अभाव हुने ?' प्रतिप्रश्न गर्दै उनले भने, 'एन्फाले समयमा प्रतियोगिताका लागि नेपालको नाम दर्ता नगरेको हो। यो व्यवस्थापकीय कमजोरी हो। एन्फाले गल्ती स्वीकार गर्नुपर्छ।'

रेस्लिङको तयारी पूरा

काठमाडौं/ कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा आयोजना हुने दोस्रो मदन भण्डारी रिङ रेस्लिङ महाभिडन्त राष्ट्रिय प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ। आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमी रिङ रेस्लिङ विभागले प्रतियोगिताका लागि सम्पूर्ण खेलाडी वीरेन्द्रनगर पुगिसकेको जनाएको छ। प्रतियोगिताअन्तर्गत लाइट वेटतर्फ सिजे वर्ल्ड र कम्ब्याटको रोचक भिडन्त हुनेछ। महिलामा तन्नु र आकृतिबीच खेल हुनेछ। ट्याग टिममा त टुप्पी ग्याङले सुजलको टिमसँगको सामना गर्नेछ। प्रतियोगितामा लाइट वेटतर्फको विजेताले ५० हजार, ट्याग टिम च्याम्पियनले ५० हजार, लेडिज वेट च्याम्पियनले ६० हजार र मिडल वेट च्याम्पियनले ७० हजार हजार रुपैयाँ पाउनेछन्। हार्डकोर च्याम्पियनले ७५ हजार र हेभी वेट च्याम्पियनले एक लाख पाँच हजार प्राप्त गर्ने एकेडेमीकी उपमहासचिव सुवर्ण श्रेष्ठले बताइन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



इन्स्टाग्राममा रोनाल्डोका फलोअर्स सर्वाधिक

इन्स्टाग्राममा पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोका फलोअर्स ५८ करोड ५० लाख पुगेका छन्



दुबई/ पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोको इन्टाग्राममा ५८ करोड ५० लाख फलोअर्स पुगेका छन्। अन्तर्राष्ट्रिय मिडियाले शुक्रबार सार्वजनिक गरेको खेलाडीहरूको फलोअर्स सूचीमा रोनाल्डो शीर्षस्थानमा रहेका हुन्। गत वर्ष साउदी अरेबियाको अल नासेर क्लबमा आबद्ध भएपछि उनको इन्टाग्राममा फलोअर्स बढेको जनाइएको छ।

विश्व फुटबलकै स्टार खेलाडी एसियन भूमिमा व्यावसायिक लिग खेल्न आएपछि रोनाल्डोको इन्टाग्राममा अस्वाभाविक रूपमा बढेको एजेन्सीहरूको भनाइ छ। पश्चिम र पूर्वी एसियन राष्ट्रहरूले रोनाल्डोलाई पछ्याएका छन्। वर्तमान समयकै सर्वाधिक महँगा खेलाडीसमेत रहेका रोनाल्डोले अल नासेरमा सोचेजस्तो प्रदर्शन गर्न सकेका छैनन्।

रोनाल्डोलाई अर्जेन्टिनी कप्तान लियोनल मेसीले पछ्याइरहेका छन्। पेरिस सेन्ट जर्मेन (पिएसजी)का खेलाडीसमेत रहेका मेसीका फलोअर्स ४६ करोड १० लाख रहेका छन्। मेसी र पिएसजीबीचको सम्झौता यसै वर्ष सकिँदै छ। मेसी पिएसजीमा रहने वा नरहने टुंगो छैन। यद्यपि, मेसीका एजेन्टले फुटबलको नयाँ सिजनमा मेसी कुनै एक युरोपियन फुटबल क्लबमा फर्कन सक्ने जनाएका छन्।

खेलाडीतर्फ भारतका विराट कोहली तेस्रो स्थानमा छन्। भारतीय मिडियाका अनुसार कोहलीको इन्टाग्राममा २५ करोड फलोअर्स पुगेका छन्। इन्डियन प्रिमियर लिग (आइपिए)को रोयल च्यालेन्जर्स बेंग्लोरका मुख्य खेलाडीसमेत रहेका कोहलीको पछिल्लो समय एसियन भूमिमा फलोअर्स बढेका छन्। समग्र भारतीय खेलाडीमध्ये सबैभन्दा धेरै फलोअर्स भएका खेलाडी कोहली हुन्। १६औँ आइपिएलमा कोहलीले दुई शतकको मद्दतमा ६ सय ३९ रन बनाएका थिए। कोहलीको ध्यान अब विश्व टेस्ट च्याम्पियनसिपमा रहेको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com